# पहिलो परिच्छेद

## १. शोधपरिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **हिरण्यकुमारी पाठकको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** हुनेछ ।

### १.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

### १.३. समस्याकथन

वि.सं.२००२ साल श्रावण ५ गते काठमाडौंको प्युखाटोलमा जन्मिएकी साहित्यकार हिरण्यकुमारी पाठक कथा, कविता र निबन्ध आदि विधामा कलम चलाउन सफल छन् । नेपाली साहित्यको क्षेत्रमा लामो समयदेखि साधनारत पाठकका विषयमा हालसम्म सामान्य टिप्पणी, चर्चा, परिचर्चा र विभिन्न पत्र-पत्रिकामा केही लेख-रचना प्रकाशित भए तापनि उनको जीवनवृत्तसहित समग्र कृतिहरूको विस्तृत र सुव्यवस्थित अध्ययन-अनुसन्धान भएको पाइँदैन । अतः प्रस्तुत पत्र निम्न समस्यामा केन्द्रित रहेर अध्ययन र विश्लेषण गरिएको छ ।

क) हिरण्यकुमारी पाठकको जीवनी के-कस्तो छ ?

ख) उनका व्यक्तित्वका पक्षहरू के-कस्ता छन् ?

ग) उनका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू कति र के-कस्ता छन् ?

घ) हिरण्यकुमारी पाठकले कुन-कुन विधामा कलम चलाएकी छन् र उनका कृतिहरू बढी कुन विधामा सक्रिय छन् ?

### १.४. शोधकार्यका उद्देश्यहरू

माथिका समस्याहरूमा केन्द्रित रही साहित्यकार हिरण्यकुमारी पाठकको समग्र जीवनी र उनका जीवनमा घटेका विभिन्न घटनाहरू तथा तिनबाट उनको जीवनमा परेको प्रभाव, उनको जीवनदृष्टि, साहित्य सिर्जनामा प्रेरणा आदि विविध पक्षको निरूपण गर्नुका साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको स्वरूप पहिल्याउनु प्रस्तुत शोधपत्रको उद्देश्य हुनेछ । ती उद्देश्यहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ-

क) साहित्यकार हिरण्यकुमारी पाठकको परिचय दिनु,

ख) उनका व्यक्तित्वका विभिन्न पक्षहरूको परिचय दिनु,

ग)	उनका प्रकाशित साहित्यिक कृतिहरूको विश्लेषण गर्नु,

घ)	हिरण्यकुमारी पाठकलाई कथाकार, कवयित्री, गीतकार, समाजसेवी र सम्पादकका रूपमा परिचित गराउनु,

## १.५. पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको क्षेत्रमा लामो समयदेखि साधनारत पाठकका विषयमा हालसम्म सामान्य टीका-टिप्पणी, चर्चा-परिचर्चाबाहेक उनको जीवनवृत्तसहित समग्र कृतिहरूको विस्तृत र सुव्यवस्थित अध्ययन-अनुसन्धान भएको पाइँदैन । हालसम्म उनका कृतिहरूको बारेमा जे-जति अध्ययन भएको छ, त्यो केवल जानकारीमूलक मात्र भएको छ । हालसम्म उनी र उनका कृतिहरूका बारेमा भएको अध्ययनलाई संक्षिप्त र कालक्रमिक रूपमा निम्नलिखित रूपले उल्लेख गरिएको छ-

क)	कालीप्रसाद रिजाल मन्तव्य **'श्री ५ बडामहारानी सरकार र सामाजिक जागरण' प्रेमकृष्ण पाठक, काठमाडौं : २०४६** ।

यस पुस्तकमा साहित्यकार कालीप्रसाद रिजालले हिरण्यकुमारी पाठकलाई एक समर्पित समाजसेवी कार्यकर्ता भएकोले उनको लेखबाट समाजसेवामा जिज्ञासा राख्नेहरू लाभान्वित हुनेछन् भनी उनको समाजसेवी व्यक्तित्वको विश्लेषण गरेका छन् ।

ख)	परशु प्रधान 'भूमिका' **'मोहचक्र' वासुशशि स्मृति प्रतिष्ठान, काठमाडौं : २०५० ।**

यस कथा संग्रहको भूमिकामा साहित्यकार परशु प्रधानले पाठकको कथा लेखनले सम्पूर्ण नेपाली मानसिकताको प्रतिनिधित्व गरेको र नारी मनको विद्रोहात्मक प्रस्तुति पाठकका कथा हुन् भनेर पाठकलाई नारी कथाकी प्रस्तोताका रूपमा विश्लेषण गरेका छन् ।

ग)	हिरण्यकुमारी पाठक **'कृष्णलीला' रत्नपुस्तक भण्डार, काठमाडौं : २०५४** ।

यस बालधार्मिक पुस्तकमा प्रकाशकको तर्फबाट रत्नपुस्तक भण्डारले श्रीमती हिरण्यकुमारी पाठकलाई हिन्दू सनातन धर्मप्रति बालबालिकालाई आस्था जगाउने, नैतिकता एवं आदर्शको बाटोमा लाग्न पथप्रदर्शकका रूपमा उनको लेखनलाई प्रशंसा गरेको छ ।

घ)	कुमारप्रसाद कोइराला 'भूमिका' **'शून्यवत्' वाणी प्रकाशन विराटनगर : २०५७ ।** यो **'शून्यवत्'** कथा संग्रहमा श्रीमती पाठकलाई करुणाकी कथाकार हुन् र उनले नारी

जीवनका समसामयिक पक्षलाई कथाको दूरबीनले हेर्नसक्ने खुबी भएको व्यक्तित्वका रूपमा व्याख्या गरेका छन् ।

ङ) शैलेन्द्र साकार 'भूमिका' **'अव्यक्त' कविता गीत संग्रह, वाणी प्रकाशन विराटनगर, २०६०** ।

यस कविता-गीत संग्रहमा शैलेन्द्र साकारले कवयित्री पाठकलाई सम्पूर्ण शोषणहरूको विरोधमा उत्रिने न्यायप्रेमी व्यक्तित्वका साथै नारीहरूलाई मुम्बईमा लगी अलपत्र पारेर एड्सको सिकार बनाउन बाध्य गराउने हिंस्रक पशुहरूको विद्रोहका रूपमा संवेदनशील बनेकी कविका रूपमा व्याख्या गरेको देखिन्छ ।

**१.६ शोधकार्यको महत्त्व**

प्रस्तुत शोधप्रस्तावको माध्यमबाट नेपाली साहित्यमा पाठकलाई चिनाउने प्रयास गरिनेछ । साथै उनका कृतिहरूका बारेमा केन्द्रित भई अध्ययन एवं विश्लेषण गरिने कृतिहरूका बारेमा वस्तुगत जानकारी उपलब्ध हुनेछ । शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न चाहने तथा अन्य सामान्य पाठकलाई थोरै भए पनि लाभ हुने उद्देश्य रहेकाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिनेछ । नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि यस शोधपत्रले टेवा पुऱ्याउनेछ । यिनै विविध दृष्टिकोणले शोधपत्र औचित्यपूर्ण हुनेछ ।

**१.७. शोधकार्यको सीमाङ्कन**

नेपाली साहित्यका कथा, कविता, गीत, निबन्ध आदि विविध विधामा कलम चलाउन सफल हिरण्यकुमारी पाठकको बहुआयामिक व्यक्तित्व देखापर्दछ । प्रस्तुत शोधपत्र उनको जीवनी र व्यक्तित्वका बारेमा उल्लेख गर्दै आजसम्म प्रकाशित रचनाहरूमध्ये संग्रहका रूपमा प्रकाशित कृतिहरूको अध्ययन-विश्लेषण गर्नु र फुटकर रूपमा प्रकाशित रचनाहरूको टिपोट मात्र गर्नु यसको सीमाङ्कन हुनेछ ।

**१.८. सामग्री संकलन**

प्रस्तुत शोधपत्रका निम्ति साहित्यकार हिरण्यकुमारी पाठकको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न स्रोतबाट सामग्री संकलन गरिएको छ । विभिन्न स्रोतहरूबाट सामग्री संकलन गर्दा पुस्तकालयीय अध्ययनलाई मूल आधार बनाइनेछ । सम्बन्धित विषयवस्तुका पुस्तक र पत्रपत्रिकाहरूको अध्ययन गरी आवश्यक सामग्री संकलन गरिनेछ । यसका अतिरिक्त स्वयं शोधनायक हिरण्यकुमारी पाठक, उनका परिवार र उनका समकालीन व्यक्तित्वहरूका साथै विभिन्न विद्वान्, प्राध्यापकहरूसँग सम्पर्क गरी अन्तर्वार्ता र प्रत्यक्ष

विधिद्वारा विविध जानकारी र सूचना संकलन गरिनेछ । त्यस्तै पाठकका पुस्तकाकार कृतिका अग्रभागमा रहेका लिखित भूमिका र मन्तव्यलाई पनि शोधकार्यका सहायक सामग्रीका रूपमा लिइनेछ । त्यस्तै कृतित्व पक्षका लागि पाठकका प्रकाशित पुस्तकाकार कृति र फुटकर लेख-रचनाहरूको समेत अध्ययन गरिनेछ । अध्ययन र विश्लेषण विधिका लागि वस्तुपरक र **वर्णनात्मक पद्धतिको प्रयोग गरिनेछ ।**

## १.९. सैद्धान्तिक ढाँचा र शोधविधि

यो शोधपत्रको तयारीका सिलसिलामा प्राप्त भएका सबै तथ्य र सूचनाहरूलाई आवश्यकताअनुसार संयोजित गरिनेछ । हिरण्यकुमारी पाठकको व्यक्तित्व र कृतित्वको सिलसिलामा आवश्यकताअनुसार साहित्यका विभिन्न विधाका सिद्धान्तहरूलाई पनि आधार बनाइनेछ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई यसरी विभाजन गरी विभिन्न शीर्षक तथा उप-शीर्षकमा छुट्याएर अध्ययन-विश्लेषण गरिनेछ-

पहिलो परिच्छेद- **शोधपत्रको परिचय**

दोस्रो परिच्छेद- **हिरण्यकुमारी पाठकको जीवनी**

तेस्रो परिच्छेद- **हिरण्यकुमारी पाठकको व्यक्तित्व**

चौथो परिच्छेद- **साहित्यिक यात्रा र मूल प्रवृत्ति**

पाँचौं परिच्छेद- **हिरण्यकुमारी पाठकको कृतित्व**

छैटौं परिच्छेद- **उपसंहार**

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

## २. हिरण्यकुमारी पाठकको जीवनीको अध्ययन

### २.१ जन्म र जन्मस्थान

हिरण्यकुमारी पाठकको जन्म वि.सं. २००२ साल श्रावण ५ गते बुधबारका दिन बुवा तोत्रराज पाण्डे र आमा प्रेमकुमारी पाण्डेको कोखबाट चौथो सन्तानका रूपमा बाग्मती अञ्चल काठमाडौं जिल्लाको प्युखाटोल र हालको का.म.न.पा. ३० मा भएको हो ।[1]

### २.२ वंश परम्परा

हिरण्यकुमारी पाठक काश्यप गोत्रीय ब्राह्मण कुलमा जन्मेकी हुन् । उनको पुर्ख्यौली थलो पाल्पा हो । उनको पुर्खाको सम्बन्धमा खोजी गर्दा उनीभन्दा दुई पुस्ताअघिका पद्मराज पाण्डेसम्मको नामावली प्राप्त भएको छ । त्यसलाई यसरी उल्लेख गरिएको छ ।

पद्मराज पाण्डे → तोत्रराज पाण्डे

टीकालक्ष्मी पाण्डे → प्रेमकुमारी पाण्डे

ध्रुवराज पाण्डे, केदारराज पाण्डे, गोविन्दराज पाण्डे, हिरण्यकुमारी पाण्डे (पाठक)

प्रेमकृष्ण पाठक (श्रीमान्)

नम्रता शर्मा (छोरी)
प्रभाकर शर्मा (ज्वाइँ)
प्रवण शर्मा (नाति)

कल्याण पाठक (छोरा)
पुष्पाकुमारी पाठक (बुहारी)
अस्मिता पाठक (नातिनी)

हिरण्यकुमारी पाठकको पुर्ख्यौली थलो पाल्पा हो । पाल्पा मेलधाराको पाण्डे कुलको नेपालको इतिहासमा आफ्नै किसिमको भूमिका छ । हिरण्यकुमारी पाठकका हजुरबुवा, बुवा सबै शिक्षित थिए । उनका बुवा तोत्रराज पाण्डे राणाकालीन विद्वान् हुन् । उनलाई राष्ट्रिय-

---

१. शोधनायककी आमा प्रेमकुमारी पाण्डेबाट प्राप्त जानकारी ।

अन्तर्राष्ट्रिय इतिहासको ज्ञान हुनुका साथै नेपाली भाषा-साहित्यको निकै राम्रो ज्ञान थियो । राणाशासन कालमा नै उनी  बनारस हिन्दू विश्वविद्यालय, काशी, उत्तर प्रदेश, भारतमा स्नातक स्तरको कक्षालाई नेपाली पढाउन नियुक्त भएका थिए ।[2] उनी कुलीन घराना, शिक्षित, धार्मिक परिवार तथा दरबारदेखि सामान्य जनतासँग सम्पर्क भएका परिवारको सदस्य थिए । उनका दाजु रुद्रराज पाण्डे पनि त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपतिका साथै नेपाली साहित्यका प्रथम उपन्यासकार पनि हुन् ।[3] उनले पढाएका विद्यार्थीहरू दरबारदेखि साधारण घरसम्म छरिएको पाइन्छ । उनका कृतिहरू अझै पनि लोकप्रिय छन् । रुद्रराज पाण्डे र तोत्रराज पाण्डे दुवै धार्मिक प्रवृत्तिका थिए । उनीहरूको प्रतिभा देखेर पिता खडानन्द पाण्डे र माता धनकुमारी पाण्डेले प्रेमकुमारी पाण्डेको विवाह ९ वर्षको उमेरमा आफूभन्दा दोब्बर उमेरका  तोत्रराज पाण्डेसँग गरिदिएका थिए । यिनै तोत्रराज पाण्डे र प्रेमकुमारी पाण्डेको चौथो सन्तानका रूपमा हिरण्यकुमारी पाण्डे (पाठक) को जन्म भएको हो ।

## २.३ नामकरण

आफ्ना बुवा-आमाको कान्छो सन्तान र त्यसमा पनि एकमात्र छोरीका रूपमा जन्मिएकी हुँदा उनले बाल्यकालमा धेरै माया पाएकी थिइन् ।[4] वर्षाकालको आगमनसँगै उदाएकी पाठकका बुवा-आमाले बोलाउने नाम ‘पद्मा’ हो भने न्वारनको नाम ‘हिरण्यकुमारी पाण्डे’ हो ।

## २.४. बाल्यकाल र पालनपोषण

हिरण्यकुमारी पाठकले तीन वर्षसम्मको बाल्यकाल काठमाडौंको प्युखाटोलमा आफ्ना बुवा-आमा र तीन दाजुको मायालु वातावरणमा बिताएको पाइन्छ भने तीन वर्षपछि आफ्ना बुवा बनारस हिन्दू विश्वविद्यालयमा पढाउन गएपछि उनी बनारसमै गएको जानकारी पाइन्छ । काठमाडौंको उच्च-मध्यम संयुक्त परिवारमा जन्मिएकी र बुवाको अध्यापन पेसाले आर्थिक संकट नभोगेकी पाठक बुवासँगै बनारसमा बसेर पढ्ने अवसर पाएको कुरा बताउँछिन् । यस्तो राम्रो अवसर प्राप्त गरेकी पाठकलाई स्कुलमा पनि शिक्षक-शिक्षिकाले नेपाली छोरी भनेर स्नेहपूर्वक शिक्षा दिएको पाइन्छ ।

---

२. तोत्र-प्रेम वृतान्त स्मृति ग्रन्थ, नारी स्वावलम्वी समाज, २०६४ अङ्क १६, पेज नं. ६१ ।

३. पूर्ववत् ।

४. शेधनायककी आमा प्रेमकुमारी पाण्डेबाट प्राप्त जानकारी ।

उनले स्कुले जीवनमा पनि नाचगान, वादविवाद, कविता प्रतियोगिता आदिमा भाग लिएको बताउँछिन् । कलिलो उमेरमा आफ्ना बुवालाई यस संसारबाट बिदा दिनुपरे तापनि सक्षम आमाको काख पाएकी र आफ्ना तीन दाजु, ठूलाबुवा, ठूलीआमासँगको संयुक्त परिवारमा पुनः काठमाडौंमा फर्की अध्ययनमा संलग्न हुन पाएकीले केही हदसम्म पितृवियोगको पीडा कम भएको देखिन्छ ।[5] हिरण्यकुमारी पाठकको रेखदेख र लालनपालन तथा आवश्यक उपभोग्य वस्तुहरूका लागि उनलाई घरपरिवारबाट सक्दो सहयोग मिलेको हुँदा बुवा नहुँदाको पीडालाई भोग्नु नपरेको पाइन्छ ।[6] बनारसमा बस्दा आठ-नौ वर्षको कलिलो उमेरमा पनि आमाले भान्साको काम गर्न नहुँदा र नसक्दा भान्साको काम गर्ने र रोटी-तरकारी आदि पकाउने कुराले उनी पाकशिक्षामा पूर्ण भएको देखिन्छ ।[7]

## २.५ शिक्षा-दीक्षा

हिरण्यकुमारी पाठकको जन्म त्रि.वि.वि.का पूर्व उपकुलपति एवं उपन्यासकार रूद्रराज पाण्डेको शिक्षित परिवारमा भएको थियो । शिक्षित परिवारमा जन्मिएकी हिरण्यकुमारी पाठकले बनारसको 'वसन्तकन्या' महाविद्यालयमा कक्षा दुईमा भर्ना भई सन् १९५६ मा दोस्रो श्रेणीमा एस.एल. सी. पास गरेको देखिन्छ ।[8] हिरण्यकुमारी पाठकले सन् १९५९ मा दोस्रो श्रेणीमा पटना विश्वविद्यालयबाट आइ.ए. उत्तीर्ण गरेको देखिन्छ । त्यसपछि उनले त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०१८ सालमा बी.ए. उत्तीर्ण गरी त्रिभुवन विश्वविद्यालयबाटै वि.सं. २०२० सालमा नेपालीमा एम. ए. उत्तीर्ण गरेको देखिन्छ ।[9] हिरण्यकुमारी पाठक प्रतिभाशाली भएकीले आइ.ए. र बी.ए. पढ्दा उत्कृष्ट छात्रवृत्ति पाएको देखिन्छ । यसबाहेक पाठकले विभिन्न तालिम, सेमिनार र गोष्ठीबाट औपचारिक शिक्षा हासिल गरेको देखिन्छ ।[10]

५. पूर्ववत् ।
६. पूर्ववत् ।
७. शोधनायकवाट प्राप्त जानकारी ।
८. पूर्ववत् ।
९. शोधनायककी आमाबाट प्राप्त जानकारी ।
१०. शोधनायकबाट प्राप्त जानकारी ।

## २.६. भाषिक क्षमता

मानिस सामाजिक प्राणी भएकाले समाजमा मिलेर बस्नुपर्ने हुन्छ । समाजमा बस्दा विचार र विनिमयको साधन भाषाको आवश्यकता पर्दछ । हिरण्यकुमारी पाठकले पनि समाजअनुसारको भाषिक क्षमता हासिल गर्न सफल देखिन्छिन् । हिरण्यकुमारी पाठक अध्ययनका क्रममा बनारसमा बस्दा हिन्दी भाषाका साथै अंग्रेजी र बंगाली भाषाको पनि राम्रो ज्ञान भएको कुरा बताउँछिन् ।[11]

## २.७. विवाह र दाम्पत्य जीवन

हिरण्यकुमारीको विवाह वि.सं. २०१६ सालमा कौशिक गोत्रीय धोबीधारा निवासी बालकृष्ण पाठक र रेणुकाकुमारी पाठकका कान्छा छोरा प्रेमकृष्ण पाठकका साथ मागी विवाह भएको थियो ।[12] उनका श्रीमान् बार एसोसिएसनका सभापतिका साथै केही समय वकालती पेसामा पनि संलग्न थिए भने हाल राजनीतिक क्षेत्रमा सक्रिय छन् । पाठकले २०२० सालमा छोरी नम्रता र २०२४ सालमा छोरा कल्याणलाई जन्म दिएकी थिइन् ।[13] हिरण्यकुमारी पाठकले नेपाली संस्कारअनुसार छोराछोरीको विवाह पनि गराइसकेकी छन् । छोरीको विवाह डिल्लीबजार निवासी प्रभाकर शर्मा इन्जिनियरसँग गराइदिइन् भने छोराको विवाह पुष्पा सिलवालसँग गराई आफ्नो कर्तव्य पूरा गरेकी छन् । उनका छोरा, बुहारी र नातिनी अस्ट्रेलियामा छन् भने पाठकले हाल आफ्नो पारिवारिक जीवन खुसीसाथ बिताइरहेकी छन् ।[14]

## २.८ आर्थिक अवस्था

स्व. तोत्रराज पाण्डेको चौथो (कान्छी) सन्तानका रूपमा जन्मिएकी हिरण्यकुमारी पाठकको परिवार सम्पन्न एवं प्रतिष्ठित थियो । हिरण्यकुमारी पाठकका बुवा भारतको बनारसमा अध्यापन गर्न गएकाले खासै आर्थिक समस्या नपरेको र बुवाको स्वर्गवासपछि पनि आफ्नो पारिवारिक पृष्ठभूमि सम्पन्न भएकाले किशोरावस्थामा पनि त्यस्तो आर्थिक संकट परेको देखिँदैन । विवाहपछि पनि पाठकको समय अनुकूल हुँदै गएकाले आर्थिक

---

११. पूर्ववत् ।
१२. पूर्ववत् ।
१३. पूर्ववत् ।
१४. पूर्ववत् ।

समस्याले त्यति पिरलेको पाइँदैन । यसमा पनि आफ्नो निजी खर्चका लागि पाठकले बी.ए. उत्तीर्ण भएपछि मदन मेमोरियल स्कुलमा शिक्षिकामा रूपमा प्रवेश गरी स्कुलको नियमसँग मेल खान नसक्दा बिनापारिश्रमिक १५-२० दिन पढाएर छोडेको देखिन्छ । तत्कालीन अवस्थामा पाठक शिक्षित महिलाका रूपमा परिचित हुँदा उनलाई उक्त स्कुलमा शिक्षिकाका रूपमा बोलाइएको थियो ।[15]

पछि २०२२ सालमा राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार शाखा (पुतलीसडक) मा जागिर खान थालेपछि पाठकको आर्थिकस्थिति दरिलो भएको पाइन्छ ।[16]

## २.९ रुचि र स्वभाव

कुनै पनि व्यक्तिको रुचिका आधारमा उसको व्यक्तित्व निर्माण भएको हुन्छ । हिरण्यकुमारी पाठकको स्वभाव प्रकृतिप्रेमी, अरूलाई दुःख परेको बेलामा सहयोग गर्ने खालको देखिन्छ । कसैलाई चित्त नदुखाउने, नराम्रो काम नगर्ने र आफूसँग सहयोग माग्न आउनेलाई सक्दो सहयोग गर्न रुचाउने पाठक हिँजोआज दैनिक एकाध घन्टा भगवान्को स्मरण वा पूजापाठ गरी व्यायाम गर्ने  कुरा बताउँछिन् ।[17]

मानिसको स्वभाव फरक-फरक हुने भए पनि हिरण्यकुमारी पाठकको स्वभाव हत्तपत्त नरिसाउने र मिलनसार रहेको कुरा उनी स्वयं बताउँछिन् । कसैको केही घटनाले प्रभाव पारेमा वा प्रत्यक्ष छरछिमेकका पीडादायी घटनाहरू देखेमा कलम चलाउने र त्यसबाट कथा, कविता सिर्जना गर्न मन पराउने भावुक स्वभाव पनि पाठकमा देखिन्छ ।[18] पाठकको रुचि हिन्दी तथा नेपाली मासिक पत्रपत्रिकाहरू पढ्नुका साथै फुर्सदमा टेलिभिजन हेरेर मनोरञ्जन गर्ने रहेको बताउँछिन् । साधारण पहिरन तथा श्रृंगार मन पराउने पाठक तडक-भडकमा फजुल खर्च गर्नुभन्दा दुःखीहरूको सेवा गर्न रुचाउँछिन् । साधारण साडी-चोलो रुचाउने पाठक फुर्सदमा घर सफा गर्नुका साथै फूलहरूको हेरविचार गर्न पाउँदा रमाउँछिन्

---

१५. पूर्ववत् ।
१६. पूर्ववत् ।
१७. पूर्ववत् ।
१८ पूर्ववत् ।

। हिरण्यकुमारी पाठक पारिवारिक जीवनमा पनि सहनशील भई आइपरेका विभिन्न समस्यालाई भरसक शान्त वातावरणमा समाधान गर्छिन् । विभिन्न ठाउँमा घुम्न रुचाउने र नयाँ-नयाँ कुराको जानकारी गर्ने उनको स्वभाव छ ।[19]

## २.१० साहित्य सिर्जनामा प्रेरणा

हिरण्यकुमारी पाठकको पारिवारिक वातावरण अध्ययन अनुकूल भएकाले बाल्यावस्थादेखि नै उनमा पढाइप्रति रुचि बढ्दै गएको देखिन्छ । हिरण्यकुमारी पाठकको पारिवारिक पृष्ठभूमि हेर्दा प्रसिद्ध उपन्यासकार एवं नाटककार रुद्रराज पाण्डेकी भतिजीका रूपमा आफूलाई पाउँदा र आफ्ना बुवा तोत्रराज पाण्डे पनि विद्वान् प्राध्यापक भएकाले साहित्यप्रति रुचि लाग्नु स्वाभाविक मान्छिन् ।[20] यसै क्रममा पाठक आफ्ना ठूलाबुवाको लेखनकला देखेर आफू पनि लेखनमा अग्रसर भएको र कथा लेखनमा साहित्यकार परशु प्रधानले बेलाबेलामा घचघच्याएर प्रेरित गरेको बताउँछिन् ।[21] विभिन्न साहित्यिक जमघटमा परशु प्रधानबाटै संलग्न हुने अवसर पाएकी पाठक साहित्य लेखनतिर अभिप्रेरित भएको पाइन्छ ।[22]

## २.११ साहित्य लेखन कार्यको प्रारम्भ

नेपाली साहित्यको मूलभूत रूपमा गद्य विधामा कलम चलाउने पाठकले २०१६ सालमा 'प्रेम' कथाबाट आफ्नो लेखन कार्य प्रारम्भ गरेकी हुन् । यो कथा पद्मकन्या कलेजको 'कस्तूरी' पत्रिकामा प्रकाशित भएको थियो ।[23] त्यसपछि उनले बैंकिङ क्षेत्रको जागिरे जीवनमा पनि सेवासम्बन्धी विभिन्न गोष्ठी एवं साहित्य समारोहहरूमा भाग लिन्थिन् ।[24] त्यसैअनुरूप २०५० सालदेखि पाठकले आफ्ना कृतिहरूलाई पुस्तकका रूपमा प्रकाशित गर्न थालिन् र यो क्रमलाई हालसम्म अघि बढाइरहेकी छन् ।

---

१९ पूर्ववत् ।
२० पूर्ववत् ।
२१ शोधनायकबाट प्राप्त जानकारी ।
२२ पूर्ववत् ।
२३. पूर्वव्
२४. पूर्ववत्

## २.१२ विविध क्षेत्रमा सक्रियता

मानिसले आफ्नो व्यक्तिगत विकासका लागि विभिन्न क्षेत्रमा आफूलाई संलग्न गराउन चाहन्छ । हिरण्यकुमारी पाठकले पनि आफ्नो व्यक्तित्व विकास गर्नका लागि विभिन्न संघ-संस्था, कार्यालय आदिमा आफूलाई संलग्न पारेको देखिन्छ । हिरण्यकुमारी पाठक बी.ए. उत्तीर्ण भएपछि २०२१ सालमा मदन मेमोरियल स्कुलमा शिक्षिका भएर १५-२० दिन पढाएको देखिन्छ भने राष्ट्रिय वाणिज्य बैंकमा जागिरे भएर झन्डै २६ वर्षको लामो अवधि पार गरेको देखिन्छ ।[25]

हिरण्यकुमारी पाठकले आफूलाई साहित्यिक क्षेत्रमा मात्र सीमित नराखी अन्य विविध संस्थाहरूमा पनि संलग्न हुने क्रममा निम्न पद तथा पदाधिकारीका रूपमा रहेर जिम्मेवारी बहन गरेकी छिन् । हाल उनी निम्न संस्थाहरूमा संलग्न छिन्:-

क) प्रो. तोत्रराज पाण्डे छात्रवृत्ति बाल संरक्षण कोष-संस्थापक तथा संरक्षक ।

ख) नारी सेवा समन्वय समिति- वि.सं. २०३७ देखि २०४५ सम्म कोषाध्यक्ष ।

ग) नारी स्वावलम्वी समाज- वि.सं. २०४५ देखि अध्यक्ष ।

घ) सिद्धिचरण प्रतिष्ठान-वि.सं. २०४५ देखि कार्यकारी सदस्य ।

ङ) नेपाल आर्य समाज-वि.सं. २०४५ सुरुमा महासचिव हाल सल्लाहकार ।

च) छिन्नलता पुरस्कार गुठी-वि.सं. २०४५ देखि कार्यकारी सदस्य ।

छ) वाणी प्रकाशन-वि.सं.२०४५ सदस्य ।

ज) वासुशशि स्मृति परिषद्-वि.सं. २०५० सदस्य ।

झ) विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय महिला मञ्च-वि.सं.२०५६ देखि सचिव ।

ञ) सम्झना बहुमुखी सहकारी संस्था-संस्थापक सदस्य ।

ट) सम्झना फाइनान्स कम्पनी-संस्थापक सदस्य र हाल सञ्चालक ।

ठ) सुलभ सहकारी संस्था-उपाध्यक्ष

## २.१३ जागिरे जीवन

नेपाली साहित्यमा सिर्जनशील कवि र कथाकारका रूपमा परिचित हिरण्यकुमारी पाठक २०२२ सालदेखि राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत देखिन्छिन् । बैंकमा कार्यरत हुँदा अन्य महिलाहरू बैंकका अन्य विभिन्न शाखा-प्रशाखामा नगई केन्द्रमा मात्र सीमित रहे तर

---

२५. शोधनायकबाट प्राप्त जानकारी ।

पाठकले जागिरमा आइसकेपछि सम्पूर्ण ज्ञान हासिल गर्नुपर्ने धारणा लिई राष्ट्रिय वाणिज्य बैंकको विराटनगर, भद्रपुर, भैरहवा आदि शाखामा गई आफ्नो कार्य पूर्ण जिम्मेवारीका साथ सम्हालेको देखिन्छ ।[26]

२०३६ सालको आन्दोलनमा पुतलीसडकस्थित राष्ट्रिय वाणिज्य बैंक सिंहदरबार शाखाको म्यानेजर पदमा रहेर काम गर्दा सम्पूर्ण बैंक बन्द भएको अवस्थामा पनि आफ्नो शाखालाई नियमित रूपमा चलाएको पाइन्छ ।[27] यसरी बैंकमा कार्यरत हुने क्रममा श्रीमती पाठकसँग २६ वर्षको बैंकिङ अनुभव छ । २६ वर्षको अवधिमा पञ्चायत कालको समयमा पनि उनले १२ वर्षसम्म म्यानेजरको पदमा रहेर काम गरेकी छन् । नेपालको इतिहासमै कमर्सियल बैंकमा पहिलो पटक म्यानेजर हुने महिला (वा पहिलो व्यक्ति) भई गोरखा दक्षिण बाहुले विभूषित भएकी थिइन् ।[28] यसरी राष्ट्रको हितका लागि विभिन्न आरोह-अवरोह पार गर्दै आर्थिक अवस्था सुदृढ पार्न अठोट गरेर लागिपरेकी पाठक बैंकिङ तहमा पहिलो तक्मा पाउने व्यक्ति पनि हुन् ।[29]

**२.१४. भ्रमण**

मानिस चिन्तनशील र घुमन्ते प्राणी हो, त्यसैले भ्रमण भन्नासाथ एक ठाउँबाट वा एक देशबाट अर्को देशमा जाने-आउने र घुम्ने प्रकृयालाई जनाउँछ । त्यसमा कुनै न कुनै प्रयोजन वा लक्ष्य रहेको हुन्छ । कुनै प्रयोजन वा लक्ष्यबिना कुनै पनि मानिस एक ठाउँबाट अर्को ठाउँमा जाँदैन । त्यसैले हिरण्यकुमारी पाठकले पनि देश-विदेशको भ्रमण गरेको देखिन्छ

२६. पूर्ववत् ।
२७. पूर्ववत् ।
२८. पूर्ववत् ।
२९. पूर्ववत् ।

। नेपालका सुगम तथा दुर्गम जिल्लाहरूमा समाज सेवामा लागेर बाढी-पहिरो पीडितहरूलाई चन्दा र अरू सहयोग गर्न आफै गएको देखिन्छ ।[30] हिरण्यकुमारी पाठकले जागिरे जीवनमै विभिन्न सेमिनारहरूमा भाग लिन संयुक्तराज्य अमेरिका, जापान, श्रीलंका, पाकिस्थान, बैंकक, हङकङ, फिलिपिन्स र बङ्गलादेशको भ्रमण गरी त्यहाँको जनजीवनको अध्ययन गर्ने मौकासमेत पाएको र यसै भ्रमणको अनुभवबाट पनि आफ्ना सिर्जनाहरूलाई अझ कथा विधालाई सबल र सशक्त रूप दिन मद्दत मिलेको कुरा स्पष्ट हुन आउँछ । त्यसैगरी हिरण्यकुमारी पाठकले विभिन्न धार्मिक तीर्थस्थलहरूको पनि भ्रमण गरेको बताउँछिन् । हरिद्वार, हृषीकेश, बद्री, केदार, यमुनोत्री, गङ्गोत्री तथा उज्जयन कुम्भमेला, नासिक कुम्भमेला, ओम्कारेश्वर, नागगौंडा, भीमाशंकर आदि उनले भ्रमण गरेका धार्मिक तीर्थस्थलहरू हुन् ।[31]

त्यसैगरी पाठकले कुरुक्षेत्र, वृन्दावन आदि धार्मिक स्थलहरूको पनि भ्रमण गरेको र पत्रकारको हैसियतले मधुवनमा समेत भ्रमण गरेको कुरा बताउँछिन् ।[32]

## २.१५ सम्मान तथा पुरस्कार

काठमाडौंमा जन्मिएर पनि भारतको बनारसमा आफ्नो औपचारिक शिक्षा सुरु गर्ने हिरण्यकुमारी पाठक सानैदेखि जिज्ञासु र प्रतिभाशाली थिइन् । वि.सं. २०४० सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले आयोजना गरेको नववर्ष मेलाबाट प्रशंसा-पत्र पाएकी थिइन् । हुन त पुरस्कार नै सर्वोत्कृष्टताको परिचायक होइन तथापि पुरस्कृत हुनुलाई एउटा हौसला र उत्प्रेरणा मान्न सकिन्छ । त्यसपछि हिरण्यकुमारी पाठक २०४१ सालमा ऐश्वर्य शुभ जन्मोत्सव विशेषाङ्कमा सर्वोत्कृष्ट ऐश्वर्य स्वर्ण पदक प्रथमद्वारा सम्मानित भइन् । त्यसैगरी २०४२ सालमा नेपाल रेडक्रस सोसाइटीद्वारा आयोजित नववर्ष मेलाबाट पनि प्रमाण-पत्र तथा २०४२ सालमै नेपाल अर्बुद रोग निवारण आयोगद्वारा प्रमाण-पत्र हासिल गरिन् भने २०४३ सालमा सु-प्रसिद्ध गोरखा दक्षिण बाहु चौथोद्वारा सम्मानित भइन् । त्यसैगरी २०४४ सालमा बैंकर्स प्रशिक्षण केन्द्रद्वारा संचालित अधिकृत स्तरीय निर्यात वित्त तालिममा प्रमाण-पत्र पाइन् । त्यसैगरी २०४५ सालमा वीरेन्द्र सु-प्रसिद्ध प्रबल त्रिशक्ति चौथोद्वारा सम्मानित भइन् । वि.स.२०४५ मा हैदरावाद अन्तर्राष्ट्रिय सहकारी तालिम तथा

---

३०. पूर्ववत् ।
३१. शोधनायकबाट प्राप्त जानकारी ।
३२ शोधनायकबाट प्राप्त जानकारी ।

कृषि विकास बैंक केन्द्रीय कार्यालयद्वारा प्रमाण-पत्र प्राप्त गरिन् । २०४७ सालमा राष्ट्रिय वाणिज्य बैंक रजत जयन्ती कदर-पत्र पाइन् भने २०५३ सालमा गद्दी आरोहण रजत महोत्सव पदक तथा २०५३ सालमै नेपाली नारी साहित्यिक सेवा केन्द्रद्वारा प्रमाण-पत्र प्राप्त गरिन् । त्यसैगरी २०५४ सालमा नेपाल साहित्यिक पत्रकार संघद्वारा लोकप्रिय पुरस्कार पाइन् भने २०५६ सालमा ऐश्वर्य स्वर्ण शुभ जन्मोत्सवको विशेष कवि गोष्ठीमा सम्मान पत्र पाइन् । त्यसैगरी २०५७ सालमा वाणी प्रकाशनद्वारा सर्वोत्कृष्ट कथा पुरस्कार प्राप्त गरिन् र २०५७ सालमै तत्कालीन युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको ३० औं शुभ-जन्मोत्सवमा स्मारिका स्मृति पदक प्राप्त गरिन् भने २०५७ सालमै विश्वशान्ति गायत्री महायज्ञ समितिद्वारा सम्मान-पत्र प्राप्त गरिन् । त्यसैगरी २०५८ सालमा अन्तर्राष्ट्रिय विश्व हिन्दू महासंघको सम्मेलनमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय महिला चेतना मञ्चको संयोजकका हैसियतले प्रमाण-पत्र पाउन सफल भइन् भने २०५८ सालमै ओम् सत्सङ्ग परिवार जावलाखेल महायज्ञद्वारा पनि प्रमाण-पत्र प्राप्त गरिन् । त्यसैगरी २०६० सालमा विश्व हिन्दू महासंघ केन्द्रीय कार्यालयद्वारा पदक, हाम्रो नेपाल संस्थाबाट अभिनन्दन-पत्र, राष्ट्रिय ज्योतिष विज्ञान सेवा समितिद्वारा सम्मान-पत्र, श्रीकृष्ण ज्योति संजीवनी तुलसी सेवा समितिद्वारा सम्मान-पत्र, हिन्दू नारी जागरण नेपाल राष्ट्रिय समितिद्वारा प्रमाण-पत्र, श्री ५ युवराजाधिराज पारस वीर विक्रमको २३ औं शुभ-जन्मोत्सव विशेष कवि गोष्ठी पदक पनि हिरण्यकुमारी पाठकलाई प्राप्त भएको छ । त्यसैगरी वि.सं. २०६३ सालमा गोमा साहित्यिक पुरस्कार पनि प्राप्त गरिन् ।[33]

उपर्युक्त एक दर्जनभन्दा बढी मान-सम्मान एवं पुरस्कार र पदकहरूबाट पुरस्कृत हिरण्यकुमारी पाठक एक सक्रिय साहित्यिक व्यक्तित्व हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

### २.१६ जीवन दर्शन

ब्राह्मण परिवारमा जन्मिएकी श्रीमती पाठक सानैदेखि परिश्रमी हुनाले समाज सेवामा लाग्नुपर्छ भन्ने अठोटका साथ समाज सेवामा सक्रिय भएको पाइन्छ । उनलाई समाज सेवामा लाग्दा साह्रै आनन्द आउँछ । त्यसमा कयौं रमाइला क्षणहरू छन् भने

३३. शोधनायकबाट प्राप्त जानकारी ।

जागिरको सिलसिलामा कति तीता अनुभवहरू पनि ।[34] त्यसैगरी हिरण्यकुमारी पाठक पूर्वजन्ममा पनि विश्वास गर्नुपर्ने कुरा बताउँदै बिहान-बेलुका भगवान्को पूजा-पाठ, जप एवं ध्यान गर्दा सकारात्मक ऊर्जा प्राप्त हुने कुरा बताउँछिन् ।[35]

भगवान्को आस्थासँगै मानव जीवनलाई र जीवनका भावनालाई प्राथमिकता दिनुपर्दछ भन्ने विश्वास उनमा छ । हिरण्यकुमारी पाठकको जीवनदर्शन आदर्शवादी रहेको छ । मानव भएपछि विशेषतः मानवजगत्, राष्ट्र, राष्ट्रियताका निम्ति राम्रो काम गर्नु नै मानव जीवनको धर्म हो भन्ने मान्यता, विश्वास र जीवनदर्शन रहेको देखिन्छ ।[36]

पाठक भनिछन्-'साहित्य जीवनको दर्पण हो । साहित्य सिर्जनामा जीवनका भोगाइ, छरछिमेकका यथार्थ घटनाको साँचो अनुभव समेटिने भएकाले जीवनसँग साहित्य कहिल्यै अलग्गिन सक्दैन । त्यसैले साहित्य जीवनको दर्पण हो ।' [37]

आफ्नी धर्मपत्नी हिरण्यकुमारी पाठकका बारेमा श्रीमान् प्रेमकृष्ण पाठक भन्छन्- हिरण्यकुमारी पाठक एक लगनशील, कर्तव्यनिष्ठ र आधुनिक विचारधारा राख्ने नारी हुन् । उनमा हिन्दू नारीमा हुनुपर्ने सबै गुण छन् । अझ उनमा नेपाली भाषा-साहित्यप्रतिको भक्ति र समाजसेवाप्रतिको समर्पण विशेष गुणका रूपमा रहेको छ । उनी भावुक छिन्, परिवार एवं सन्तानका लागि ममतामयी आमाका रूपमा सधैं हँसिली र रसिली हुन्छिन् ।[38]

घरमा हिरण्यकुमारी पाठकले मीठो भोजन बनाई आफूलगायत वरिष्ठ व्यक्तिहरूलाई ख्वाएर प्रशंसा पाएको र आफ्नो गृहस्थी जीवनबाट सन्तुष्ट भएको बताउने उनका श्रीमान्ले हिरण्यकुमारी पाठकले समाजप्रतिको दायित्वबोध गरेर सबैलाई समाज सुधारको दृष्टिले हेर्ने गरेको पनि बताउँछन् ।[39]

---

३४. शोधनायकबाट प्राप्त जानकारी ।
३५. पूर्ववत् ।
३६. पूर्ववत् ।
३७. पूर्ववत् ।
३८. पूर्ववत् ।
३९. पूर्ववत् ।

आफ्नी एकमात्र छोरी हिरण्यकुमारी पाठकका बारेमा उनकी आमा प्रेमकुमारी पाण्डे भन्छिन्- 'नातामा छोरी भए पनि व्यवहारमा आमामा हुनुपर्ने गुण भएकी, मनको कुरो खुलस्त गर्न सक्ने र आफ्ना सबै कुरा बुझिदिने र सहयोग गर्ने भावना उनमा थियो ।' [40]

**निष्कर्ष:**

साहित्यकार हिरण्यकुमारी पाठक समाजसेवामा लाग्दा नै आनन्दको अनुभव महसुस गर्छिन् । समाज, राष्ट्र, राष्ट्रियताका निम्ति राम्रो काम गर्नु नै मानवको धर्म हो भन्ने मान्यता र विश्वास उनमा छ । जागिरे जीवनको सिलसिलामा कतिपय तीता अनुभवहरू भोग्नुपरे पनि समाजसेवामा लाग्दा साह्रै आनन्द हुने पाठकमा भाषा-साहित्यप्रतिको भक्ति र समाजसेवाको समर्पण विशेष गुणका रूपमा रहेको छ । पाठक भावुक हुनुका साथै सन्तानका लागि ममतामयी आमाका रूपमा सधैं हँसिली र रसिली बनेकी छिन् भने समाजका लागि एक लगनशील, कर्तव्यनिष्ठ र आध्यात्मिक विचार धारा राख्ने नारीका रूपमा परिचित छन् । जीवनमा मानिसले भगवान्लाई केही समय दिनुपर्छ र भगवान्प्रतिको आस्थासँगै मानव जीवनलाई र जीवनका भावनालाई प्राथमिकता दिनुपर्छ भन्ने पाठकको जीवन समग्र रूपमा रमाइलो र सफल देखिन्छ ।

४०. शोधनायकी आमाबाट प्राप्त जानकारी ।

# तेस्रो परिच्छेद

## ३. हिरण्यकुमारी पाठकको व्यक्तित्वको अध्ययन

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने उतारचढाव, परिवेदना, क्रियाप्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक, धार्मिक, राजनीतिक पक्षको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सहज र स्वाभाविक गुणले वैयक्तिक व्यक्तित्वको निर्माण गर्छ भने सिर्जनशील र सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्व निर्माण गरेको हुन्छ । सभ्य, सुसंस्कृत, उच्च मध्यम परिवारमा जन्मिएकी हिरण्यकुमारी पाठक हरेक मानिससँग सद्भाव राख्न सफल भएका कारण प्रतिष्ठित र सम्मानित हुन पुगेकी छिन् । साहित्यकार हिरण्यकुमारी पाठकको व्यक्तित्व निर्माणको पक्षलाई हेर्नुपर्दा उनको पारिवारिक जीवन र जगत्को अध्ययन र विश्लेषण गर्नुपर्ने हुन्छ । हिरण्यकुमारी पाठक नेपाली भाषा र साहित्यको सेवामा जुटेका सुशिक्षित प्राध्यापक र लेखकहरूको माया, ममता र मार्गनिर्देशनमा हिँड्ने मौका पाएकी साहित्यकार हुन् । त्यसैले पाठकको व्यक्तित्वलाई मूलरूपमा यसरी विभाजन गरेर हेर्न सकिन्छ ।

### ३.१ शारीरिक व्यक्तित्व र स्वभाव

स्वस्थ शरीर, गहुँगोरो वर्ण, लामो नाक, सुहाउँदो निधार, सुन्दर आँखा, हँसिलो अनुहार तथा लगभग ५ फिट ४ इन्च अग्ली पाठकको शारीरिक व्यक्तित्व सरल, शान्त एवं आकर्षक देखिन्छ । साडी-चोलो लगाउन रुचाउने, धेरै महँगा पहिरनमा सजिनुभन्दा दु:खीहरूको सेवा गर्नुपर्छ भन्ने पाठक समाजसेवीका रूपमा परिचित छिन् । पाठकको आन्तरिक व्यक्तित्व भावुक, शान्त र गम्भीर प्रकृतिको देखिन्छ । सफा मन, सरल व्यवहार र चिन्तनशीलता पाठकका आन्तरिक व्यक्तित्वका निर्धारक तत्वहरू हुन् । आवश्यकताभन्दा बढी नबोल्ने, कहिलेकाहीँ ख्यालठट्टा गर्न पनि रुचाउने, तटस्थ र सत्य बोल्न रुचाउने पाठक सनातन धर्म र संस्कृतिप्रति आस्था राख्छिन् । हिरण्यकुमारी पाठक हिन्दी तथा नेपाली मासिक पत्रिकाहरू पढ्नुका साथै फुर्सदमा टेलिभिजन हेरेर मनोरञ्जन गर्ने बताउँछिन् । फुर्सदको समयमा घर सफा गरी फूलहरूको हेरविचार गर्नुका साथै पाठक पारिवारिक जीवनमा पनि सहनशील भई आइपरेका समस्याहरूलाई सजिलै समाधान गर्छिन् ।[41]

---

४१. पूर्ववत् ।

### ३.२ साहित्यकार व्यक्तित्व

सिर्जनशील व्यक्तित्व नै पाठकको प्रतिभाशाली एवं प्रमुख व्यक्तित्व हो । सादा जीवन एवं उच्च विचारको मान्यतालाई आत्मसात् गर्दै समाजमा देखे-भोगेका कुराहरूलाई यथार्थरूपमा प्रस्तुत गर्ने पाठक अत्यन्त मृदुभाषी, मितव्ययी र यथार्थवादी साहित्यकार हुन् । साहित्यकार हिरण्यकुमारी पाठकले कथा, कविता, गीत, निबन्ध आदि विविध विधामा कलम चलाए पनि पद्यमा भन्दा गद्य विधामा बढी सफलता प्राप्त गरेको देखिन्छ । बाल्यकालदेखि नै ठूलाबुवा रुद्रराज पाण्डे र बुवा तोत्रराज पाण्डेको सामीप्य र प्रेमबाट पाठकमा पलाएको प्रेरणास्वरूप साहित्य यात्रा सुरु गरेकी पाठक 'प्रेम' कथा (वि.सं. २०१६, कस्तूरी पत्रिका) बाट सार्वजनिक हुन्छिन् ।[42]

यसैगरी विभिन्न समाजसेवासम्बन्धी लेखहरू लेख्दालेख्दै हिरण्यकुमारी पाठकले पुस्तकका रूपमा 'श्री ५ बडामहारानी सरकार र सामाजिक जागरण' निकाल्न सफल भइन् । हिरण्यकुमारी पाठकले विभिन्न फुटकर लेखहरू पत्र-पत्रिकामा छपाउनुका साथै विभिन्न पुस्तकहरू प्रकाशित गर्न सफल भएकी छन् । पाठकले विभिन्न विधामा कलम चलाए पनि उनलाई मुख्य रूपमा कथाकार, कवि र गीतकारका रूपमा चिन्न सकिन्छ अथवा अध्ययन गर्न सकिन्छ ।

#### ३.२.१ कथाकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाउन सफल हिरण्यकुमारी पाठकको कथाकार व्यक्तित्व नै प्रमुख व्यक्तित्वका रूपमा देखापरेको छ । उनको कथाकार व्यक्तित्वलाई हेर्दा 'प्रेम' (२०१६) बाट आफ्नो कथा यात्रा प्रारम्भ गरेको देखिन्छ । 'प्रेम' (२०१६) बाट आफ्नो कथा यात्रा प्रारम्भ गरेकी पाठकका चारवटा कथा संग्रह प्रकाशित छन् । ती चार कथा संग्रह यस प्रकार छन्ः-

-मोहचक्र (वि.सं. २०५०) वासुशशि स्मृति परिषद्, काठमाडौं ।

-शून्यवत् (वि.सं.२०५७) वाणी प्रकाशन विराटनगर ।

-श्री कृष्णलीला (वि.सं. २०५४) रत्नपुस्तक भण्डार, भोटाहिटी, काठमाडौं ।

-मेहनती मौरी (वि.सं. २०६३) बंगलामुखी अफसेट प्रेस, कुपन्डोल, ललितपुर ।

उनका कथाहरूलाई अध्ययन गर्दा पाठक सामाजिक, यथार्थवादी देखिन्छिन् । पाठकका पुस्तकाकार कृतिका अतिरिक्त विभिन्न पत्रपत्रिकामा परिणात्मक र गुणात्मक रूपले

४२. शोधनायककी आमा प्रेमकुमारी पाण्डेबाट प्राप्त जानकारी ।

कथाहरू प्रकाशित भएका छन् । यसरी पाठक नेपाली साहित्यको फाँटमा सफल कथाकारका रूपमा देखापरेकी छन् ।

### ३.२.२ कवि तथा गीतकार व्यक्तित्व

हिरण्यकुमारी पाठक अत्यन्त ऊर्वर, संवेदनशील र सफा हृदय भएकी व्यक्ति हुन् । उनी नेपाली साहित्यको क्षेत्रमा कवि तथा गीतकारका रूपमा पनि परिचित छन् । हिरण्यकुमारी पाठकका पुस्तकाकार कृतिका अतिरिक्त समसामयिक रूपमा कविता तथा गीतहरू प्रकाशित भएका छन् । पाठकले छिन्नलता पुस्तकार गुठीमा छिन्नलता रमला देवीको शुभजन्मोत्सवको अवसरमा कविता लेखी सुनाएकी थिइन् । त्यो कविताबाट छिन्नलता एकदमै प्रभावित भई त्यसलाई आफ्नो कोठामा फ्रेम गरी राखिएको छ भने गुठीको मुख्यद्वारमा पनि सिङ्गमर्मरमा अङ्कित गरेर राखिएको छ ।[43]

वरिष्ठ गायिका भारवी उपाध्यायले 'जिन्दगी' नामक गीत रेडियो नेपालबाट गाएकी थिइन् । यसरी उनको गीत रेडियो नेपालबाट पनि गुन्जिसकेको छ ।[44] यिनै गीत तथा कविताको हौसलास्वरूप पाठकले अव्यक्त कविता तथा गीति संग्रह प्रकाशमा ल्याएर आफ्नो कवित्व तथा गीतकार व्यक्तित्वलाई साकार रूप दिन सफल भएकी छन् । यसरी यस संग्रहले पाठकको कवि तथा गीतकार व्यक्तित्वको राम्रो परिचय दिएको छ ।

### ३.२.३. निबन्धकार व्यक्तित्व

हिरण्यकुमारी पाठक आफ्नो साहित्यिक यात्राको प्रारम्भदेखि निबन्धकारका रूपमा परिचित हुँदै आएकी छन् । उनको निबन्धकार व्यक्तित्व पनि त्यत्तिकै सशक्त छ । उनले 'श्री ५ बडामहारानी सरकार र सामाजिक जागरण' शीर्षकको एउटा निबन्ध संग्रह २०४६ सालको दसौं सामाजिक सेवा दिवसका उपलक्ष्यमा प्रकाशित गरेकी थिइन् ।[45]

यसका प्रकाशक प्रेमकृष्ण पाठक हुन् भने सम्पादक हरिगोपाल प्रधान हुन् ।[46] यो सामाजिक विषयसँग सम्बन्धित लेख भए पनि विषय वर्णनका हिसाबले निबन्धको कोटीमा राखिएको छ । यसलाई समाजसेवा विषयक लेख भने पनि हुन्छ । त्यसैगरी हिरण्यकुमारी

४३. हिरण्यकुमारी पाठकका श्रीमान् प्रेमकृष्ण पाठकबाट प्राप्त जानकारी ।
४४. शोथनायकबाट प्राप्त जानकारी ।
४५. शोधनायकबाट प्राप्त जानकारी ।

४६. पूर्ववत् ।

पाठकको जागिरे जीवनमा बैंकसम्बन्धी आर्थिक लेखहरू पनि पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । जेहोस् पाठकको निबन्धकार व्यक्तित्व पनि अलग्गै देखा पर्छ ।

### ३.२.४ सम्पादक व्यक्तित्व

हिरण्यकुमारी पाठकको अर्को महत्वपूर्ण व्यक्तित्वका रूपमा सम्पादक व्यक्तित्वलाई लिन सकिन्छ । उनी कथा, कविता, गीत, निबन्ध आदि साहित्यिक विधामा मात्र सीमित नभई सम्पादनतिर पनि अघि बढेको देखिन्छ । पाठक नारीवादी चिन्तकका साथै आफ्नो सिर्जनाका कारण नारी पत्रिकाको माध्यमबाट पहिलो सम्पादन सुरू गरेको देखिन्छ । उनीद्वारा सम्पादित पत्रिका तथा पुस्तकहरूलाई यसरी उल्लेख गरिएको छः-

क) नारी स्वावलम्वी समाज पत्रिका-(नारी स्वावलम्वी समाज वि.स. २०४८)

ख) महिला चेतना मञ्च पत्रिका-(विश्व हिन्दू समाज वि.सं. २०५८)

ग) गोमा संघर्षशील जीवनका पाटाहरू-(नारी स्वावलम्वी समाज वि.सं. २०६०)

घ) तोत्र-प्रेम वृतान्त-(२०६४ वैशाख बुद्धपूर्णिमा बंगलामुखी अपसेट प्रेस, कोपुन्डोल)

उपयुक्त सम्पादनका माध्यमबाट हिरण्यकुमारी पाठकले आफू विविध विधामा संलग्न भएको परिचय प्रस्तुत गर्नुका साथै विषयवस्तु, भाषा, स्तर र त्यसको समसामयिकतालाई समेत ध्यानमा राखी अन्य मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक साहित्यिक पत्रिकाहरूमा प्रत्यक्ष रूपमा विभिन्न सल्लाह-सुझाव दिएर सम्पादन कार्यलाई सहयोग पुऱ्याएकी छन् ।

## ३.३ साहित्येतर व्यक्तित्व

हिरण्यकुमारी पाठकको साहित्येतर व्यक्तित्व पनि उल्लेखनीय रहेको छ । पाठकको साहित्यिक विधाका अतिरिक्त समाजसेवी, कर्मचारी, राजनीतिक, धार्मिक, सांस्कृतिक, सांगठनिक तथा संस्थापक व्यक्तित्वको अध्ययन गर्न सकिन्छ ।

### ३.३.१ समाजसेवी व्यक्तित्व

मानिस सामाजिक प्राणी हो । समाजबिनाको मानिस र मानिसबिनाको समाजको परिकल्पना गर्न सकिँदैन । समाजमा रहँदा, बस्दा हरेक मानिस आफूलाई राम्रो र सम्मानित बनाउन चाहन्छन् । त्यस्तै हिरण्यकुमारी पाठकमा पनि समाजसेवाको भावना प्रशस्तै पाइन्छ । संघ-संस्थाका माध्यमबाट मात्र होइन समाजसेवाप्रति अभिरुचि राख्ने पाठकमा सानैदेखि परोपकारको भावना थियो । आफ्नो घरको पारिवारिक पृष्ठभूमि र विद्यार्थी जीवनमा पनि

अरूलाई सहयोग गर्ने प्रवृत्तिले उनलाई यसतर्फ डोऱ्याएको पाइन्छ । हिरण्यकुमारी पाठकले सामाजिक सेवा राष्ट्रिय परिषद्मा १२ वर्ष काम गरिन् ।[47]
नारी सेवा समन्वय समितिमा कोषाध्यक्षका रूपमा रहेर उनले ठाउँ-ठाउँमा प्रौढ शिक्षा संचालन गरेकी थिइन् । ग्रामीण नेवारी महिलाहरूलाई दिनभरि फुर्सद नहुने हुँदा राति १० देखि १२ बजेसम्म प्रौढ शिक्षा पढाइन्थ्यो । त्यस्तै रातिमा पनि हिरण्यकुमारी पाठकले कार्यक्रम तर्जुमा गरी समय-समयमा त्यहाँ गएर निरीक्षण गर्थिन् । प्रौढ शिक्षाका क्रममा विराटनगरको थारू जातिमा महिला समूह बनाई प्रौढ शिक्षा सञ्चालन गरेकी थिइन् ।[48] त्यस्तै दार्चुला जिल्लाका भूकम्प पीडितहरूको घरदैलोमा पुगी उनीहरूको हातमै राहत सामान प्रदान गरेकी थिइन् ।[49] त्यसैगरी नारी स्वावलम्वी समाजबाट विदेशी संस्था (W.H.O) ले दिएको कार्यक्रममा नर्सहरूको समस्या के हो ? र कस्तो हो ? भन्ने विषयमा अधिराज्यभरिका अस्पतालहरूको निरीक्षण गरी सफलताका साथ प्रतिवेदन पेस गरेको देखिन्छ ।[50] उनीबाट भएको साहित्य सेवालाई पनि राष्ट्र र समाजकै ठूलो सेवा मान्न सकिन्छ । जीवनभर भाषासेवी, समाजसेवी र साहित्य साधक भएर अनि विभिन्न संघ-संस्थाको स्थापना, व्यवस्थापन र गोष्ठी संयोजन गरेर राष्ट्र, समाज, भाषा र साहित्यको सेवामा आफूलाई पूर्णरूपमा समर्पित गरेकी छन् । यस्तो साहित्य सेवाबाट प्रेरित भई समाजसेवाको क्षेत्रलाई साहित्यसँग निकट ल्याउन उनीद्वारा 'श्री ५ बडामहारानी सरकार र सामाजिक जागरण' पुस्तक प्रकाशन गरेपछि समाज सेवामा हिरण्यकुमारी पाठकलाई अझ परिचित गराएको छ ।[51]

### ३.३.२ कर्मचारी व्यक्तित्व

हिरण्यकुमारी पाठकका व्यक्तित्वहरूमा कर्मचारी अथवा उनको जागिरे व्यक्तित्वलाई पनि लिन सकिन्छ । तत्कालीन अवस्थामा हिरण्यकुमारी पाठक एक शिक्षित महिलामा

४७. पूर्ववत् ।
४८. पूर्ववत् ।
४९. शोधनायकबाट प्राप्त जानकारी ।
५०. पूर्ववत् ।
५१. पूर्ववत् ।

गनिएकी हुँदा उनलाई बी.ए. उत्तीर्ण गर्नासाथ मदन मेमोरियल स्कुलमा शिक्षिकाका रूपमा बोलाइएको थियो । २०२० सालमा मदन मेमोरियल स्कुलमा केही समय शिक्षिका पदमा बिनापारिश्रमिक काम गरेर छोडिदिएकी पाठक २०२२ सालबाट राष्ट्रिय बाणिज्य बैंको स्थापना कालदेखि नै कार्यरत भई आफ्नो जीवनको २६ वर्षे जागिरे जीवनमा कार्यदक्षता देखाएकी छन् ।[52] २६ वर्षको अवधिमा पञ्चायत कालको समयमा पनि उनले १२ वर्ष म्यानेजरका रूपमा काम गरेकी छन् ।[53] नेपालको इतिहासमै कमर्सियल बैंकमा पहिलो पटक म्यानेजर हुने पाठक नै प्रथम नेपाली महिला हुन् ।[54] राष्ट्रको हितका लागि विभिन्न आरोह-अवरोह पार गर्दै आर्थिक अवस्था सुदृढ पार्ने अठोट गरेर लागिपरेकी उनी बैंकिङ तहमा पहिलो तक्मा पाउने व्यक्ति हुन् ।[55] महिला भएर पनि दसौं तहसम्म आर्थिक क्षेत्रका साथै अन्य क्षेत्रमा पनि कार्यरत रहने मौका पाएकी थिइन् । तसर्थ हिरण्यकुमारी पाठकको व्यक्तित्वमा जागिरे अर्थात् कर्मचारी व्यक्तित्वले जीवनमा थप उत्साह र प्रेरणा दिएको देखिन्छ ।

### ३.३.३ धार्मिक व्यक्तित्व

हिरण्यकुमारी पाठकको पारिवारिक पृष्ठभूमि धार्मिक प्रवृत्तिको थियो । त्यही पृष्ठभूमिबाट प्रारम्भ भएको उनको जीवनमा पनि विभिन्न धार्मिक परिवेशले प्रशस्त प्रभाव पारेको थियो । उनका बुवा तोत्रराज पाण्डे अत्यन्त सात्विक जीवन बिताउने, ध्यान गर्ने, सबैसँग मीठो बोल्ने र सधैंभरि अरूलाई सहयोग गर्ने स्वभावका थिए । उनले नै पाठकलाई सात्विक जीवन बिताउने प्रेरणा दिएका हुन् । आफू बाल्यकालमा बनारसमा बस्दा माहात्मा श्री एक हजार  आठ गोपाल बाबा आफ्नो घरमा आउने र आफ्ना बुवाले पाठकलाई गोपाल बाबाहरूको सेवामा लगाएपछि पनि पाठकमा धार्मिक भावना जागेको देखिन्छ ।[56] पाठकको माइती प्युखाटोलमा कृष्णाष्टमी, रामनवमी, एकादशी, पूर्णिमा आदि विभिन्न चाड-

५२. पूर्ववत ।
५३. पूर्ववत ।
५४. पूर्ववत् ।
५५. पूर्ववत् ।
५६. पूर्ववत् ।

५७. पूर्ववत् ।
५७. पूर्ववत् ।
५८. पूर्ववत् ।
५९. पूर्ववत् ।

पर्वमा भजन-कीर्तन भइरहने हुँदा उनमा पनि धार्मिक भावना जागेको पाइन्छ । धार्मिक भावनालाई निरन्तरता दिन विभिन्न धार्मिक संघ-संगठन, गोष्ठी, भ्रमण आदिमा पाठक संलग्न भएको पाइन्छ ।[57] पाठक आफ्नो जागिरे जीवनको समाप्तिपछि विश्व हिन्दू महासंघको केन्द्रीय समितिमा रही संस्थापकको हैसियतले अन्तर्राष्ट्रिय महिला चेतना मञ्चको अध्यक्ष भई काम गरेकी थिइन् भने नेपालमा धर्मको स्थान के छ ? धर्म के हो ? भन्ने सम्बन्धमा हिन्दू धर्मबारे तीन दिने गोष्ठी गरी जनमानसमा चेतना जगाउनुका साथै नेपाललाई हिन्दू राष्ट्रको महत्वबारे एक दिने गोष्ठी गरी चेतना जगाउने कार्यमा संलग्न भइन् ।[58] त्यसैगरी पाठकले वृद्ध-वृद्धाहरूको सम्मान गरी वृद्धवृद्धाहरूप्रति नव युवकहरूमा चेतना जगाउनुका साथै विश्व हिन्दू महासंघबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-सम्मेलनमा भाग लिनुका साथै विभिन्न धार्मिक स्थलको भ्रमण गरेकी छन् ।[59] पाठकले त्यति धेरै धार्मिक पुस्तकहरूको अध्ययन नगरे पनि विभिन्न व्यक्तिहरूका प्रवचन र सप्ताहहरू सुनेका आधारमा धार्मिक लेखहरू लेखेको बताउँछिन् ।

### ३.३.४. सांगठनिक तथा संस्थापक व्यक्तित्व

हिरण्यकुमारी पाठकको अर्को सफल व्यक्तित्व सांगठनिक तथा संस्थापक व्यक्तित्व हो । उनले विभिन्न साहित्यिक प्रतिष्ठान तथा संघसंस्थाको पदाधिकारीका रूपमा रहेर यस क्षेत्रलाई संगठित गरेकी छिन् । हाल उनी निम्न संघसंस्थामा पदाधिकारी, सदस्य र सल्लाहकार तथा संरक्षकका रूपमा सेवारत छन् ।

क) स्व. प्रो. तोत्रराज पाण्डे छात्रवृत्ति बाल संरक्षक कोष-संरक्षक तथा संस्थापिका ।

ख) नारी सेवा समन्वय समिति-वि.सं. २०३७-२०४५ सम्म कोषाध्यक्ष ।

ग) सिद्धिचरण प्रतिष्ठान-वि.सं. २०४५ कार्यकारी सदस्य ।

घ) छिन्नलता गीत पुरस्कार गुठी-वि.सं. २०४५ कार्यकारी सदस्य ।

ङ) वाणी प्रकाशन-वि.सं. २०४५ सदस्य ।

च) नेपाल आर्य समाज-वि.सं. २०४५ देखि महासचिव हाल सल्लाहकार ।

छ) वासुशशि स्मृति परिषद्-वि.सं. २०५० सदस्य हालसम्म ।

ज) नेपाली नारी साहित्यिक सेवा केन्द्र-वि.सं.२०५३ देखि सल्लाहकार हालसम्म ।

झ) विश्व हिन्दू महासंघ, अन्तर्राष्ट्रिय महिला मञ्च-वि.सं. २०५७ देखि हालसम्म ।

ञ) सम्झना बहुमुखी सरकारी संस्था-संस्थापक तथा संचालक ।

---

ट) सम्झना फाइनान्स क.लि.- संचालक

ठ) नारी स्वावलम्वी समाज-वि.सं. २०४८ देखि अध्यक्ष हालसम्म ।

ढ) आजीवन सदस्य : प्राकृतिक चिकित्सालय, बानेश्वर ।

यसरी पाठकले विभिन्न संघसंस्थामा समर्पित भई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-गोष्ठीमा समेत भाग लिएर आफ्नो सांगठनिक व्यक्तित्वलाई अझ फराकिलो र उच्च बनाएकी छन् ।

**निष्कर्ष :**

साहित्यकार हिरण्यकुमारी पाठक नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा परिचित छन् । उनले, कथा, कविता, निबन्ध, यात्रा संस्मरण आदि विधामा कलम चलाएकी छन् । वि.सं. २०१६ सालमा 'प्रेम' कथा (कस्तूरी पत्रिका) बाट आफ्नो कथा यात्रा सुरु गरेकी पाठक सामाजिक यथार्थवादी कथाकारका रूपमा परिचित छन् । विभिन्न साहित्यकारको प्रेरणामा साहित्यको रचना गरेकी पाठकका मौलिक चिन्तन र प्रखर विचारहरू अत्यन्त महत्वपूर्ण छन् । साहित्यिक, सामाजिक एवं कर्मचारी आदि उच्च व्यक्तित्वले उनी सबैका सामु आदरणीय बनेकी छन् ।

# चौथो परिच्छेद

## ४. साहित्यिक यात्रा र यसका मूल प्रवृत्ति

हिरण्यकुमारी पाठक नेपाली साहित्यका कथा, कविता, निबन्ध आदि विविध विधामा कलम चलाउन सफल छन् । वि.सं. २००२ साल श्रावण महिनामा जन्मिएकी हिरण्यकुमारी पाठकले ६३ वसन्त पार गरिसकेकी छन् । उनले वि.सं. २०१६ सालमा 'प्रेम' नामक कथा लिएर नेपाली साहित्यमा औपचारिक रूपमा देखापरेकी हुन् । १४ वर्षदेखि हालसम्मको जीवन यात्राका क्रममा साहित्य साधनाका निम्ति ४९ वर्षको अवधि पूरा गरेको देखिन्छ । साहित्यकार पाठकको साहित्यिक यात्रा लगभग ४९ वर्षको लामो अवधि रहे पनि बीचमा नोकरीको दौरानमा नारी भएको नाताले घर-गृहस्थी, छोराछोरी एवं श्रीमान्का साथै (२०२२-२०४५) कार्यालयको जिम्मेवारीपूर्ण दायित्वलाई पूरा गर्ने सिलसिलामा उनको लेखन कार्यमा कमी हुन गएको देखिन्छ । साहित्य यात्राका क्रममा विभिन्न संघर्ष गर्दै आएकी पाठक अहिलेसम्म पनि साहित्यिक लेखनमा व्यस्त भएको पाइन्छ । साहित्य यात्राको यति लामो समय पार गरिसकेकी पाठकका साहित्यिक यात्रा र चरणगत प्रवृत्तिको निक्र्यौल गरी सीमाङ्कन, विवेचना र विश्लेषण गर्नु उनको साहित्य यात्राको निरूपण गर्नु हो । पाठकको लगभग ५ दशक लामो साहित्य साधनाको यात्रामा विभिन्न घुम्ती देखापर्छन् । साहित्य लेखनको थालनी, पुस्तकाकार कृतिहरूको प्रकाशन तथा साहित्य साधनाका क्रममा देखापरेका प्रवृत्तिगत अन्तर्विकासका प्रक्रियाले नै उनको साहित्य यात्राको विभिन्न चरण रहेको संङ्केत दिन्छन् । पाठकको लगभग ५ दशक लामो साहित्य यात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । ती दुई चरण यसप्रकार रहेका छन् :

१. **आभ्यासिक चरण-(वि.सं.२०१४-२०४६)**

२. **सिर्जनात्मक सक्रियताको चरण-(२०४६ देखि हालसम्म)**

### १) आभ्यासिक चरण-(वि.सं.२०१४-२०४६)

वि.सं. २०१६ सालदेखि साहित्यिक क्षेत्रमा देखापरेकी हिरण्यकुमारी पाठकको २०१४ देखि २०४६ सम्मको अवधिलाई उनको साहित्यिक यात्राको आभ्यासिक चरण मानिन्छ । उनको यस चरणको मुख्य पहिचान भनेको आफ्नो साहित्ययात्राको सुरुवात गर्नु हो । २०१६ सालमा पद्मकन्या कलेजबाट प्रकाशित हुने 'कस्तूरी' नामक पत्रिकामा 'प्रेम' नामक कथा लेखेर आफ्नो साहित्य यात्राको सुरुवात गरेको पाइन्छ । त्यसपछि नोकरीको दौरानमा उनको लेखनमा कमी हुन गएको देखिन्छ तैपनि विभिन्न पत्रपत्रिका, गोरखापत्र आदिमा समयसामयिक लेख, कथा, कविता प्रकाशित भए पनि संकलन हुन नसक्दा हाल नभेटिएको

देखिन्छ । यो चरण आभ्यासिक चरण भएको हुनाले यस चरणमा उनको एउटा मात्र कृति 'श्री ५ बडामहारानी सरकार' नामक निबन्ध संग्रह (२०४६) प्रकाशित भएको देखिन्छ । बीस वटा निबन्ध समावेश गरिएको यो निबन्ध संग्रह सामाजिक विषयसँग सम्बन्धित छ । उनका यस चरणका निबन्धहरूले पाठकलाई आधुनिक नेपाली निबन्धका क्षेत्रमा समाजसेवी निबन्धकारका रूपमा स्थापित गरेका छन् ।

२) **सिर्जनात्मक सक्रियताको चरण (२०४६ देखि हालसम्म)**

हिरण्यकुमारी पाठकको साहित्ययात्राको दोस्रो चरण एक दशकभन्दा लामो रहेको छ । यस चरणमा पाठकका पुस्तकाकार कृतिका अतिरिक्त फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा कथा, कविता, निबन्ध, समसामयिक लेख तथा यात्रासंस्मरण देखापर्छन् । पाठकका दोस्रो चरणका काव्यकृतिहरूलाई यसरी उल्लेख गरिएको छ ।

१) **मोहचक्र (कथा संग्रह) २०५०**

२) **श्री कृष्णलीला (कथा संग्रह) २०५४**

३) **शून्यवत् (कथा संग्रह) २०५७**

४) **अव्यक्त (कविता तथा गीत संग्रह) २०६०**

५) **मेहनती मौरी (कथा संग्रह) २०६३**

गोमा : संघर्षशील जीवनका पाटाहरू (स्मृति ग्रन्थ) २०६०

तोत्र-प्रेम वृतान्त (स्मृति ग्रन्थ) २०६४

यसरी पाठकका यस चरणमा चारवटा कथा संग्रह, एउटा कविता-गीत संग्रह तथा दुईवटा स्मृति ग्रन्थ प्रकाशित भएका छन् । 'मोहचक्र' यस चरणको प्रतिनिधि कथा संग्रह हो । हिरण्यकुमारी पाठकको यो चरण गुणात्मक र परिणात्मक दुवै दृष्टिकोणले ऊर्वर मानिन्छ । पाठकका यस चरणमा उपयुक्त पुस्तकाकार कृतिका साथै निम्नलिखित फुटकर कथा, कविता, समसामयिक लेख तथा यात्रा संस्मरण प्रकाशित भएका छन् । तिनीहरूलाई निम्न तरिकाले उल्लेख गरिएको छः-

| | | | | |
|---|---|---|---|---|
| १) | द्वन्द्व- | कथा | २०५९ | नारी |
| २) | ख्याक रमाइलो | कथा | २०६४ | रा.बा.बैंक कर्मचारी संघ |
| ३) | खाडल | कथा | २०६४ | शारदा |
| ४) | निष्कर्ष | कथा | २०६४ | मधुपर्क |
| ५) | भाग्यचक्र | कथा | २०६४ | मिर्मिरे नारी विशेषाङ्क |
| ६) | शान्तिको फूल छर्दै जाऊ | कथा | २०६४ | नारी पूर्णाङ्क-३ |

| | | | | |
|---|---|---|---|---|
| ७) | पर्खिबसेकी छु, तिहार मनाउन | कविता | २०६४ | नारी पूर्णाङ्क-१ |
| ८) | एकदिन एकरात पछिको बिहानी | कथा | २०६५ | नारी असोज पूर्णाङ्क-५ |
| ९) | Her husband Kalu | Story | 2064 | Beyond the frontiers |
| १०) | भगवान्को दर्शन | यात्रा संस्मरण | २०५६ | मन्दिर |
| ११) | ज्योतिर्लिङ्ग श्री नागनाथ | यात्रा संस्मरण | २०५९ | रा.बा.बैंक पूर्व कर्मचारी संघ |
| १२) | ओम् श्री सत्य साईचरणमा | यात्रा संस्मरण | २०५९ | मन्दिर |
| १३) | श्री बद्रीनाथ दर्शन | यात्रा संस्मरण | २०५९ | मन्दिर |
| १४) | श्री द्वारीकाधीश तथा ज्योतिर्लिङ्ग | यात्रा संस्मरण | २०६४ | ओम् आस्था |

त्यसैगरी उनका दोभान, रछाने, अन्तरहीनमार्ग, मानवताको फोस्रो धाक, पछुतो, स्वतन्त्र जीवन, ठूलीकान्छी बजै, उज्ज्वल भविष्य, आघात, समयचक्र, डल्ले, जिन्दगीका मोडहरू, नुवाकोटको साहित्यिक यात्रा, जीवनको लक्ष्य आदि कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । पत्रपत्रिका संकलनको अभावमा ती कुन-कुन पत्रिकामा संकलित भएका छन् र कहिले प्रकाशित भएका हुन् भन्ने कुरा उल्लेख गर्न सकिएको छैन ।

आभ्यासिक चरणमा फुटकर लेख-रचनाहरू र एउटा मात्र निबन्ध संग्रह लेखेर प्रकाशित गराउने पाठक सिर्जनात्मक सक्रियताको चरणमा आइपुग्दा एक प्रखर कथाकार, कवयित्री, तथा गीतकारका रूपमा परिचित हुनपुगेकी छन् । यसरी कथा विधाबाट आफ्नो साहित्य यात्रा सुरु गरेकी पाठकले निबन्ध, कविता तथा गीतका क्षेत्रमा पनि योगदान दिएको देखिन्छ । उनले नेपाली साहित्यमा निबन्ध, कथा, कविता, गीत आदि विविध विधामा कलम चलाए पनि उनको मुख्य क्षेत्र कथा नै भएको पाइन्छ ।

हिरण्यकुमारी पाठक समाजमा देखापरेका कुराहरूलाई यथार्थरूपमा टिप्ने र त्यसमा यस्तो हुनुपर्छ भन्ने मान्यता राख्ने एक समसामयिक सामाजिक यथार्थवादी साहित्यकार हुन् । उनका विभिन्न कृतिका साथै लेख-रचनाहरूलाई सूक्ष्म रूपमा निरीक्षण र मूल्याङ्कन गर्दा निम्न मूल प्रवृत्ति देखिन्छन्ः-

**१ ) राष्ट्रिय समसामयिकताप्रति चिन्तनशील ।**
**२) समसामयिक सामाजिक जीवनको यथार्थ रूपमा प्रस्तुत गर्ने ।**
**३) संक्षिप्तता, सरलता ।**
**४) सामाजिक अन्धविश्वास, कुरीति र कुसंस्कारप्रति व्यंग्य ।**
**५) देश प्रेम, प्रकृति प्रेम र स्वच्छन्दतावाद ।**
**६) नारी वर्गप्रति सहानुभूति व्यक्त ।**

# पाँचौं परिच्छेद

## ५. कथाकार हिरण्यकुमारी पाठकको कृतित्वहरूको अध्ययन

### ५.१ हिरण्यकुमारी पाठकको 'मोहचक्र' कथा संग्रहको विवेचना

### ५.१.१ लेखन तथा प्रकाशन

हिरण्यकुमारी पाठकद्वारा २०३६ सालपछाडि लेखिएका कथाहरूको संग्रह 'मोहचक्र' २०५० सालमा प्रकाशित भएको उनको पहिलो कथा कृति हो । यसलाई वासुशशि स्मृति परिषद्ले प्रकाशन गरेको हो ।

### ५.१.२ संग्रहको नामकरण

'मोहचक्र' भन्नाले मोह वा मायाप्रीतिको चक्कर भन्ने बुझिन्छ । 'मोहचक्र' नामक कथा यस संग्रहमा संकलित छ । नागरीय सभ्यता र उपभोक्ता संस्कृतिमा आफूलाई उभ्याइएको वर्तमान समाज रामे जस्ता नोकरहरूबाट कसरी मोहचक्रभित्र फसिरहेछ भन्ने कुराको एउटा उदाहरण 'मोहचक्र' भित्र छ । यसै कथाबाट कथा संग्रहको नाम 'मोहचक्र' राखिएको हो ।

### ५.१.३ शीर्षक चयन

हिरण्यकुमारी पाठकको कथा संग्रह 'मोहचक्र' मा १९ वटा शीर्षक छन् । यो कथा कथा संग्रह नेपाली कथा साहित्यमा उत्साह पूर्वक प्रतिष्ठापित भएको देखिन्छ । समसामयिक नेपाली जनजीवन, घटना, विचार र बहुपक्षीय विसंगतिहरू यसमा राम्ररी प्रस्तुत भएका छन् । हिरण्यकुमारी पाठक नारी समस्याप्रति चिन्तित भएकी हुनाले उनको यो कथा संग्रहले नारी मनस्थितिको पनि राम्ररी उद्घाटन हुन सफल भएको देखिन्छ । 'मोहचक्र' कथा संग्रहका शीर्षकहरू निम्न छन् :-

| | | | |
|---|---|---|---|
| १. | **जिन्दगी** | २. | **ममता** |
| ३. | **आकाशसँग** | ४. | **रगतको नाता** |
| ५. | **प्रतिज्ञा** | ६. | **मोहचक्र** |
| ७. | **के नियति यही हो ?** | ८. | **मुक्ति** |
| ९. | **अविश्वास** | १०. | **मेरी र लीला आँखा** |
| ११. | **टाढाको यौटा चिठी लिएर** | १२. | **यौटा संस्मरण** |
| १३. | **अव्यक्त** | १४. | **आनन्द** |
| १५. | **अकल्पित स्थिति** | १६. | **लीनाको आत्मकथा** |
| १७. | **प्रतिशोध** | १८. | **कोखाको घाउ** |
| १९. | **नयाँ जीवन** | | |

उक्त कथाहरूको शीर्षक चयन बारेमा एकदमै छोटकरीमा निम्न तरिकाले उल्लेख गरिएको छ :-

'जिन्दगी' शीर्षकको कथा यो संग्रहभित्र रहेको पहिलो कथा हो । पहिलो कथा जिन्दगी यौटी नारी आशाको कथा हो, जो निराश र कुण्ठित छ । उसको बालविवाह हुन्छ र घरधन्दामा आफूलाई सीमित पार्न बाध्य हुन्छे । थाहा नपाईकन बूढी भइसकेको अनुभव गर्छे । जिन्दगीको एउटा विसंगत स्थिति यसरी यो कथाको शीर्षक चयन गरिन्छ ।

यस कथा संग्रहभित्रको दोस्रो कथा हो 'ममता' यस कथामा राजनले आजको राजकुमारको प्रतिनिधित्व गर्दछ । आमाको बढी माया, ममता र अनावश्यक खर्चको परिणाम थियो राजन । राजनले मीनालाई विवाह गरेको भए पनि मीना सन्तुष्ट हुन सकिनन् । आमाको अन्तिम अवस्थामा मुख हेर्नसम्म नजाने राजन आमाको मृत्युपछि नक्कली आँसु झारेर शोकसभा (समाजलाई देखाउने) गर्छ । सामाजिक व्यंग्य र उपहासको यौटा सजीव चित्रण ममतामा गरिएको छ ।

'आकाशसँग' आत्मसंवाद शैलीमा लेखिएको अवकाश प्राप्त कर्मचारीको कथा हो । भर्खरै गरिएको ३० वर्षे सेवा अवधिले तुषरापात भएर मर्ने मोहनको कारुणिक कथा हो-यो । अवकाशको जीवनलाई आकाशसँग साट्ने मनस्थितिलाई लेखिकाले मोहनको माध्यमबाट यसरी प्रस्तुत गरेकी छन् । कुनै अभावले ग्रसित भएझैं हृदयमा उथल-पुथल हुन्छ । छटपटी हुन्छ, बेचैनी हुन्छ, अनि के गरूँ कता जाऊँ जस्तो हुन्छ ।

यो कथा संग्रहभित्रको चौथो कथा हो 'रगतको नाता' । यस कथामा पिताको आदेश नमानी आफूले रुचाएकी युवतीसँग विकासले विवाह गर्छ र छोरो पनि पाउँछ । पछि पिताजी नाति लिएर आउँछ र कथा टुंगिन्छ । यस कथामा लेखिकाले आफ्नो वंश वा रगतको नाताको महत्वलाई उठाउनुका साथै परम्परावादी मानसिकताका विरुद्ध आफूलाई उभ्याएकी छन् ।

त्यसैगरी यस कथा संग्रहभित्रको पाँचौं कथा 'प्रतिज्ञा' हो । यस कथामा स्कुल पढ्न गएकी छोरी नीता स्कुलबाट हराउँछे र प्रमोदमा पीडाबोध हुन्छ । नेपाली नारीहरूको दैहिक व्यापार अर्थात् Flesh Trade पनि भएको छ । यो हाम्रो बाध्यता हो । 'म' निर्मूल गर्छु भनी प्रमोद बस स्टपमा जान्छ तर त्यो व्यक्तिगत प्रतिज्ञाको निश्चितता शंकास्पद विषय हो । समसामयिक समस्यालाई कथावस्तु बनाइएको प्रस्तुत कथा मर्मस्पर्शी र विचारोत्तेजक छ ।

'मोहचक्र' यो संग्रहको अर्को कथा हो । यसैबाट कथा संग्रहको नाम राखिएको छ । नागरीय सभ्यता र उपभोक्ता संस्कृतिमा आफूलाई उभ्याएको वर्तमान समाज रामे जस्ता नोकरहरूबाट कसरी मोहचक्रभित्र फसिरहेछ भन्ने कुराको यौटा उदाहरण 'मोहचक्र' भित्र छ तापनि आधुनिक सभ्यता र संस्कृतिको सन्दर्भमा उठाउन खोजेको प्रश्न निकै महत्त्वपूर्ण छ ।

बिहानै माधुरी मरेको सुनें । एकैछिन त विश्वासै गर्न सकिन जस्तो लोभ लाग्दो रहस्यपूर्ण वाक्यहरूबाट प्रारम्भ भएको यो कथा संग्रहभित्रको अर्को कथा हो- के नियति यही हो ?.........अझ लेखिकाको विद्रोही स्वर छ- मैले आफैलाई प्रश्न गरें ? के यौटी आइमाई हुनुको नियति यही हो ? पति र पत्नीको व्यक्तित्वको लडाइँबाट निराश भएर विष सेवन गरी माधुरी मर्छे । माधुरी समाजसेवी, नारी हक र हितको पक्षपाती छ र उसको श्रीमान् डाक्टर छ । दुवैको व्यक्तित्वको झगडाबाट माधुरीले आत्महत्या गर्नु जरुरी थियो ? म स्वयं सोचिरहेछु ।

यस कथा संग्रहको अर्को कथा हो 'मुक्ति' । यस कथामा समीरले प्रेमको अभिनय गर्छ र मेनकालाई भगाएर मुम्बई पुऱ्याउँछ । मेनकाले मुम्बईमा आफूलाई एउटी सफल नृत्यकारका रूपमा उभ्याउँछे । समस्याको प्रारम्भ मेनकाको गर्भधारणबाट हुन्छ । समीर बच्चा पाउने कुराको विरोधी छ । उसले इन्जेक्सन लगाइदिएर मेनकाको गर्भपतन गराउँछ । अझ मेनका एड्सले ग्रस्त हुन्छे र मृत्युको मुखमा पुग्छे । एड्स कन्या मेनका आजको विश्वको यौटी प्रतीक छ किनभने एड्सजस्तो प्राणघातक रोग विश्वसामु हाँक र चुनौतीका रूपमा उभिएको छ । यसको समाधानका लागि केही समय लाग्ला तर कथाले एड्सको गम्भीर समस्यालाई उठाएको भने पक्कै छ ।

'अविश्वास' यस कथा संग्रहको अर्को कथा हो । एउटा टेलिफिल्म हेरेजस्तो लाग्यो कथा अविश्वासमा । आफ्नै श्रीमतीको दाजुप्रतिको शंकाले हरिको मानसिक स्थिति बिग्रियो । अन्तिममा त्यो रहस्यको पर्दा खुल्यो । शंका र अविश्वासमा उसले ड्रगसित आफूलाई साट्यो । सेक्सप्रतिको हाम्रो परम्परावादी दृष्टिकोणले ल्याएको मानसिक हीनताबोध र विकृतिको फिल्मी कथाका रूपमा 'अविश्वास' कथालाई सम्झनुपर्छ ।

'मेरी र नीला आँखा' आकर्षक शीर्षक भएको कथा अमेरिकी केटी नीलाको पीडामा उनिएको छ । जहाँ शरीर नै सबथोक छ भावनाको कुनै अर्थ छैन । जसको १३ वर्षको उमेरमै सौभाग्य भङ्ग भइसकेको छ । पश्चिमी सभ्यताले ल्याएको विकृति, मानवीय मूल्यको ह्रास र यौन उच्छृंखलताको प्रतीकका रूपमा 'मेरी' उभिएकी छ जो पूर्वीय संस्कृतिको पक्षमा छ 'मेरी' केही बोलिन खाली आफ्ना नीला आँखाहरूले मलाई हेरी मात्र रही ...... कथाको अन्त्य पनि त्यत्तिकै आकर्षक लाग्छ ।

त्यस्तै यो कथा संग्रहको अर्को कथा 'टाढाको यौटा चिठी लिएर' रहेको छ । यस कथामा छोरो अमेरिकामा छ । यो लेखिकाको निजी साँचो कुरा हो । छोराको सम्झनासँगै लेखिकालाई विकृत अमेरिकी समाजले झस्काउँछ । लेखिकासँग खाली छोराको यौटा चिठी

छ र सम्झनाको धमिलो तरङ्गमा मस्तसँग निदाउने चाहना राख्छे । लेखिकाको यो वैयक्तिकता साधारणीकरण भएर अमेरिकामा पढ्न जाने सबै नेपली आमाहरूको पीडा र त्रासको कथा भएको छ 'टाढाको यौटा चिठी लिएर' ।

'यौटा संस्मरण' एउटी पहाडी केटीको संस्मरण हो । हर्केले पहाडबाट सहरमा गई थुप्रै धन-सम्पत्ति कमाएको भए पनि उसकी प्रेमिकालाई पहाडको सौन्दर्य नै प्रिय लाग्छ । भौतिक वस्तुहरू भएर पनि आत्मीय शक्ति पाउन नसकेको तथ्य कथाको विषय हो ।

यो कथा संग्रहमा साँच्चै नै राम्रो कथा हो 'अव्यक्त' । यस कथामा एउटी युवती र रमेश गरी मुख्य दुई पात्र रहेका छन् । यहाँ एउटी युवतीको मनमा रमेशको चित्र छ । रमेश र युवतीमा प्रेमको प्रारम्भ भएको छ, सुरु छैन यही कथाको मूल वस्तु हो । युवती भन्छे यति भएर पनि म उसलाई माया गर्छु । म उसलाई किन माया गर्छु थाहा छैन । यस्ता कथाहरू मलाई मन पर्छ ।

यस कथा संग्रहको अर्को कथा रहेको छ 'आनन्द' यस कथाका मुख्य रूपमा नीलिमा र आनन्द देखा परेका छन् । नीलिमालाई टि.बी.को रोग लागेको छ । ऊ आनन्दसँग विवाह गरेर दुवैको जीवन बर्बाद पार्न चाहन्न तर आनन्द आदर्श युवकका रूपमा सहजै नीलिमालाई स्वीकार गर्छ र यसैले कथाको शीर्षक पनि 'आनन्द' छ ।

यस कथा संग्रहमा संकलित पन्ध्रौं कथाका रूपमा रहेको छ, 'अकल्पित स्थिति' अकल्पित स्थिति कल्पनासम्म पनि गर्न कठिन पर्ने स्थिति हो । कथाकी मुख्य पात्र यहाँ पनि नीलिमा नै छ । हरिप्रसादले आफ्नो छोरा मोहनसँग नीलिमाको विवाह गराउने विचार गर्छन्  तर मोहन चाहँदैन । अनि नीलिमाको विवाह रमेशसँग हुन्छ । रमेशको मृत्यु मोटरसाइकल दुर्घटनामा भएपछि कथाले नयाँ मोड लिन्छ । उनी आफ्नो घरमा बस्न नसकी डेरा लिएर बस्छिन् । उता मोहनकी श्रीमतीको पनि मृत्यु हुन्छ । नीलिमाको छोरा भइसकेको भए तापनि मोहन पछि स्वीकार गर्छ । यौटा आदर्श र सत्पात्रको रूपमा मोहन देखिन्छ तर समाजमा मोहनजस्ता पात्रहरू कति छन् ? सोच्नुपर्ने विषय छ ।

विदेशी पृष्ठभूमिमा लेखिएको तेस्रो कथा हो 'लीनाको आत्मकथा' एउटा नेपाली युवकसँग प्रेम भयो लीनाको अमेरिकामा तर पछि सारा परिवारलाई धोका दिई नेपाल आएर अर्की युवतीसँग उसले विवाह गर्‍यो । यस्ता थुप्रै नेपाली छन् । यो एउटा यथार्थ कथा हो ।

'प्रतिशोध' यस कथा संग्रहको एउटा कथा हो । यसमा पनि एउटा युवती लिलीको कथा छ । ऊ बाटोमा बलात्कृत हुन्छे, उसको इज्जत जान्छ तर लोग्नेमान्छेको प्रतिष्ठामा भने केही पर्दैन, यसले उसमा प्रतिशोधको भावना जाग्छ । ऊ पुरुषलाई पनि पीडा दिन

चाहन्छे सेक्सको आगोमा राखेर । नारी विद्रोह 'प्रतिशोधको' विषय हो, पुरुष बलात्कृत गर्ने हिम्मत लिलीमा देखिन्छ ।

कर्मचारीको जीवन बारेको कथा हो, 'कोखाको घाउ' बढ्दो महँगी, फेसन आदिले बाध्य भएर कर्मचारीले घूस खानुपर्छ र पक्राउ परी बाध्य भएर जेलमा आत्महत्या गर्नुपर्छ । उसका लागि 'कोखाको घाउ' नै कम तलब आउने जागिर छ ।

यो कथाको अन्तिम कथा हो, 'नयाँ जीवन' यसमा रहस्यपूर्ण नाटकीय घटना छ र त्यसभित्र लोग्ने-स्वास्नीको सम्बन्धलाई राम्ररी हेर्ने प्रयास गरिएको छ । कथा पढ्दै जाँदा पाठकहरूमा कौतूहलता र उत्सुकता जगाउन कथा सफल छ । यसरी विभिन्न दृष्टिकोणबाट आफ्ना कथाका शीर्षक चयन गरेको देखिन्छ ।

यी कथाहरू पाठकका २०४० यताका हुन् । २०४० र २०५० का बीचमा पुरुष कथाकारहरू र नारी कथाकारहरूको एउटा भीड नेपाली साहित्यमा देखापरेको छ । त्यही भीडमा मिसिन आइपुगेकी छन्-हिरण्यकुमारी पाठक ।

### ५.१.४ सामाजिकता

हिरण्यकुमारी पाठकले 'मोहचक्र' का थुप्रै कथा सामाजिक विषयवस्तुमा रहेर लेखेकी छन् । प्रस्तुत कथा संग्रहभित्रका प्रायः सबै कथामा परिपुष्ट कथावस्तुको अभाव भएकाले क्षीण कथाहरूबाट छामेर सामाजिकता पहिल्याउनुपर्ने स्थिति छ । यिनका कथाका धेरैजसो पात्र सामाजिक मानसिकता बोकी हिँडेका भेटिन्छन् । समाजमा पारिवारिक घटना, छोराछोरीको आमाबाबुप्रति गर्ने व्यवहार, नयाँ युगले निम्त्याएको फेसनको परिणाम, एउटी महिलाले अर्की महिलालाई हेर्ने दृष्टिकोण, वासनात्मक प्रेम, पैसामा गाँसिएको प्रेम, नारी कोमलता, बाँच्ने क्रममा जीवनसँग गर्नुपरेको संघर्ष, प्रतिशोधको भावना, समयको गतिशीलता, आदर्श पुरुष, आदर्शपिता, आदर्शपति आदिको यथार्थ जीवनचरित्र छर्लंग्याउन पाठकका कथा सफल देखिन्छन् । सामाजिक विषयवस्तुलाई टिपेर राखिएका पाठकका केही कथाहरूलाई उदाहरणस्वरूप यसरी उल्लेख गरिएको छ ।

यो कथा संग्रहको पहिलो कथा 'जिन्दगी' एउटी नारी पात्र आशाको भोगाइसँग सम्बन्धित छ । जो निराश र कुण्ठित छ । जीवन भोगाइका क्रममा गुणन-घटाउ गर्दागर्दै आफ्नो बालविवाह भएको, केही गर्छु भन्ने चाहनाहरू त्यसै सेलाएर गएको र थाहै नपाई बुढेसकालमा धकेलिएको जीवनको यथार्थ पक्षलाई तौलेर यस कथामा आशाले यस्ता बालविवाहबाट पीडित हाम्रो समाजका प्रत्येक नारीहरूका इच्छाहरू त्यसै कुण्ठित भएका र

जसरी भए पनि अर्काको सुखमा आफू रमाउनुपर्ने बाध्यतालाई छर्लङ्ग्याउन यो कथा सफल बनेको छ ।

मातृ वात्सल्यले उग्ररूप लियो भने त्यहाँ छोराछोरीको बर्बादी हुन पुग्दो रहेछ । धेरै पुल्पुल्याएर पालेको आफ्नै छोराले बुढेसकालमा आमालाई यता न उता पारेर एक्लै छोडी मर्ने बेलामा एकपटक मुखसम्म हेर्न नआउने तर मरेपछि भने समाजको अगाडि देखावटी पाराले आमाको किरिया गर्छ, श्राद्ध गर्छ, यस्ता श्राद्ध जसमा श्रद्धाको भावना केही पनि छैन । यस्तै नमीठो कटु सत्यलाई 'ममता' कथाकी सानी भाउजू छोराको एकपल्ट मुख हेर्ने अन्तिम धोको छातीभरि गुम्स्याउँदै मृत्युवरण गर्न पुग्छिन् । यो हाम्रै समाजको यथार्थ पक्ष हो । सानी भाउजू र राजन पनि हाम्रै समाजका प्रतिनिधिमूलक पात्र हुन् ।

'सानी भाउजूले ममताको पोको राजनमा खन्याउनु भयो, न उसलाई काम लाग्यो न त अरूलाई । त्यसैले ममताको पनि अनेक रूप हुन्छ । सही ममताले सबैमा शीतल छहारी दिन्छ भने अर्थहीन ममताले जीवन नै नरकमय बनाइदिन्छ ।'[60]

'अकल्पित स्थिति' कथाले हाम्रो समाजको यस्तो पाटोलाई उदाङ्ग पारेको छ । जहाँ कहिलेकाहीँ कल्पना नै गर्न नसकेको कुरा पनि भएर छाड्छ । सायद नियतिकै भरमा कतै जीवनलाई आत्मसात् गर्नुसिवाय अरू केही हुँदैन । त्यस्तै यस कथाका मुख्य पात्र मोहन र नीलिमाको पनि सायद यस्तै नियति बनेको छ । हरिप्रसादले आफ्नो छोरो मोहनको नीलिमासँग विवाह गराउन खोज्दा मोहनले आफैले मन पराएकी केटीसँग विवाह गर्छ र नीलिमाको पनि रमेशसँग विवाह हुन्छ । समयको अन्तरालमा मोटरसाइकल दुर्घटनामा रमेशको मृत्यु हुन्छ र नीलिमा आफ्नो घरमा बस्न नसकी जागिर खाएर आफ्नो ३ वर्षको छोरालाई लिएर डेरामा बसेकी हुन्छिन् । यता मोहनकी श्रीमतीको पनि हृदय रोगले मृत्यु हुन्छ र अन्त्यमा हरिप्रसादकै सहमतिमा पुनः नीलिमालाई मोहनले स्वीकार गर्छ । यसरी हाम्रो समाजको सत्पात्रका रूपमा हरिप्रसाद र मोहनलाई खडा गराएर यदि सहमति भए पुनः विवाह हुनुपर्छ भन्ने समाजको वास्तविक स्थितिलाई छर्लङ्ग्याउन यस कथाले खोजेको छ ।

त्यस्तै अर्को कथा 'लीनाको आत्मकथा' यो पनि विदेशी युवतीकै पृष्ठभूमिमा तयार भएको हो र कथाकी पात्र लीना नै छ । यस कथामा सवैजना नेपाली विदेश गएर मात्र बर्बाद हुने होइन कि विदेशी युवतीलाई पनि नेपाली युवकहरूले पैसा धुत्ने साधन ठानेर

---

६०. पूर्ववत् ।

आफूलाई पुग्ने सम्पत्ति पाएपछि अलपत्र पारेर छाडी आउँदा रहेछन् भन्ने कुराको यथार्थ चित्रण यस कथाले बोकेको छ । जहाँ गए पनि जे भए पनि नारी मात्र पुरुषको हातबाट शोषित भएको देखाएर समाजमा पुरुषवर्गको दुस्प्रवृत्तिलाई लिएर यथार्थ पक्ष उदाङ्ग पार्न सफल भएको छ । बाटोमा बलात्कृत भएर गर्भ रहेको शिशुलाई लोग्ने रमेशले अस्वीकार गरेपछि लिलीलाई सवै पुरुष एकै हुन् र तिनीहरू सबैलाई आफ्नो जस्तै पीडा दिने अठोटका साथ बदला लिने उद्देश्यले ऊ प्रतिशोधमा उत्रिन्छे र पुरुषलाई पनि यौन उत्तेजनाको सिकारमा धकेलेर बदला लिन्छे । नयाँ किसिमको विद्रोही भावनाको उपज 'प्रतिशोध' कथा हो जसलाई यो पंक्तिले प्रस्ट्याउन खोज्छ- 'त्यस रात म बढो आनन्दले सुतें । सायद यो सन्तोषको निद्रा आफू बलात्कृत भएपछिको पहिलो थियो होला । नारी मात्र किन पुरुष पनि बलात्कृत हुनुपर्दछ यसरी नै अरू पनि ।' [61]

त्यस्तै कर्मचारी जीवनको कथा हो 'कोखाको घाउ' । आफ्नै सन्तानको इच्छा पूरा गर्न बढ्दो महँगी, फेसन तथा फजुल खर्चले छोराछोरीका लागि बाध्य भएर कर्मचारीले घूस खानुपर्छ र अन्त्यमा पक्राउ परेपछि तिनै छोराछोरीले बाबुलाई जेलमा भेट्न जाँदैनन् । यस्तै हाम्रो समाजको यथार्थपक्षको पात्र हरिनारायणमाथि यो बज्रपात सहन नसकी जेलमा आत्महत्या गर्न बाध्य बनाउने, आफ्नै परिवार उत्तरदायी बनाउने हाम्रो समाजको प्रतिनिधित्व पात्र हरिनारायणले आफू मृत्यु शय्यामा जानका लागि प्रेरित गर्ने आफ्नै परिवारको इनाम स्वरूप ठान्दछ मृत्युलाई । यी उद्धृत पंक्तिले कथानकलाई अझै स्पस्ट्याउँछन् । 'हरिनारायणका मनमा चौरतिरबाट आफू नै दोषी भएको पाएँ । मनमा जति गुने पनि त्यस बखतको बाध्यता र आजको हीनता कस्तो परिबन्द परेकामा आफै छक्क परें ।'[62]

यसरी आफ्ना कथाहरूमा समाजका विविध चरित्रलाई भित्राएर तिनका दिनचर्या, भिन्न स्वभाव, नारी वेदना र परिस्थितिको सजीव प्रस्तुतिबाट यथार्थ चित्रण गर्न कथाकार हिरण्यकुमारी पाठक सफल देखिन्छिन् । अतः सामाजिक यथार्थका दृष्टिले उनका कथाहरू महत्वपूर्ण छन् ।

**५.१.५. समसामयिकता**

---

६१. शोधनायकवाट प्राप्त जानकारी ।

६२. पूर्ववत ।

हिरण्यकुमारी पाठकका कथाहरूमा समाजको स्थिति र गति व्यक्त गर्ने क्रममा समसामयिक सन्दर्भहरूको सफल चित्रण भएको पाइन्छ । उनका कथामा पात्रहरू अलौकिक यथार्थ र मानवेतर गुणहरूबाट टाढा रहेका छन् । आजका यही समाजका मानिसहरू मानिसकै मनस्थिति बोकी गतिशील हुन पुगेका छन् । युगले निम्त्याएका समस्याहरूसँग जेलिँदैछन् । नारी पीडा, वेदना र कुण्ठालाई समेट्दै युगीन जीवनमा हेलिँदैछन् र सपनाझैं सुन्दर, मीठो र उच्च आदर्श मात्र नभएर तीतो यथार्थको जीवन भोग्दैछन् । हाम्रै ठाउँ विशेषको समाजको यथास्थितिको चित्रण र तदनुरूप यात्राका सामाजिक मानसिकताले कतिपय कथाहरूमा विदेशी प्रवेश पाइन्छ । ती विदेशी कथाहरू पनि समसामयिक जीवन भोगाइकै पृष्ठभूमिमा संरचित छन् । यसरी समाज र जीवन जस्तो हुनुपर्छ भन्ने आदर्शता मात्र नभएर जस्तो छ को यथार्थमा कथा तयार गर्ने कथाकार पाठक पनि समयले पारेको प्रभावबाटै डोरिएकी छन् भन्ने कुरा उनको यो 'मोहचक्र' कथा संग्रहबाट स्पष्ट हुन आउँछ ।

### ५.१.६ मनोवैज्ञानिकता

हिरण्यकुमारी पाठकका यो कथा संग्रहभित्रका कथाहरूमा प्रशस्त मात्रामा मनोवैज्ञानिकता पाइन्छ । पात्रका मानसिक सन्दर्भहरू कथामा टड्कारिएर प्रस्तुत भएका छन् । यस्ता पात्रहरू चेतनाबाटै द्वन्द्व झेल्दछन् र चेतनावस्थामै निर्णय गर्छन् । जीवनको यथार्थ भोगाइ तिनको मनस्थितिबाटै प्रतिबिम्बित भएको कथामा पाइन्छ । समय, परिस्थिति र परिवेशको प्रभावमा पात्रको मानसिकता तयार भएको देखिन्छ । कथानकका कतिपय सन्दर्भहरू पात्रका एकालाभ वाणीद्वारा उजागर भएका छन् ।

यस संग्रहभित्रका कतिपय कथाहरूमा स्वभावजन्य मानसिकता राम्ररी प्रस्तुत भएका छन् । कथाहरू धेरैजसो नारीमुखी भएको र कथानक पनि नारीमै केन्द्रित भएकाले नारी पात्रका मनका उथल-पुथलहरू आन्तरिक र बाह्य द्वन्द्वका रूपमा यसरी प्रस्तुत भएका छन्- 'माथि बलेसीबाट खसिरहेको पानीको एउटा ठूलो थोपा उनको नजिकै झ्यालमा ठक्कर लागेर खस्यो । चिसो छिटा मुखमा खस्दा आशालाई आनन्द लाग्यो । मनको तार झन्न भएर कल्पनाको सागरमा डुबुल्की मार्न पुग्छ ।' [63]

---

६३. पाठक, हिरण्यकुमारी, 'मोहचक्र' वासुशशि स्मृति परिषद् (२०५० 'ममता') पृष्ठ ७ ।
६४. पूर्ववत् 'प्रतिशोध' पृष्ठ ८४ ।
६५. पूर्ववत् 'कोखाको घाउ' पृष्ठ ९० ।

यस्तै यौवन नारीको क्रियाकलापबाट समाजमा नवयुवाहरूको मनमस्तिष्क कसरी लालायित हुनपुग्छ भन्ने कुरा ती युवाहरूको हेराइको मानसिकता यस्तो देखिन्छ-'हरियो चौरमा कलिला खुट्टा राख्दै निश्चल भावले फिक्रीरहित भएर चहचहाउँदै हिँडेको देख्दा कति नवयुवाहरूको मन कल्पिन्थ्यो, कतिको मुटु चिरिन्थ्यो भने कति विषालु आँखाले हेरिरहन्थे ।'[64]

ममताको पराकाष्ठामा पुत्रमोहले गर्दा छोरा बरालिएर कुलतको सिकार भएको 'ममता' कथाकी पात्र सानी भाउजूको वात्सल्यको अन्धाधुन्ध मानसिकता यस्तो देखिन्छ- 'किनकि आमालाई त छोरालाई हेरविचार गर्दै फुर्सद थिएन । वास्तवमा सानी भाउजू छोराप्रति अति नै लिप्त थिइन् । उनको पुत्र-प्रेम देखेर सबै छक्क पर्थे ।' [65]

'प्रतिज्ञा' कथामा आफ्नी छोरी बेपत्ता भएको खबरले विचलित बन्न पुगेको प्रमोदको मानसिकता यस्तो देखिन्छ- 'एक्कासि प्रमोदलाई भक्कानो फुटेजस्तै हुन्छ । उनी जुरुक्क उठ्छन् र आफै कराउन थाल्छन् होइन म केही गर्छु । यसरी युवती फकाएर लानेलाई कडा सजाय दिनुपर्छ ।'

यस्तै 'मेरी र नीला आँखा' की पात्र 'मेरी', 'टाढाको यौटा चिठी लिएर' की 'म' पात्र 'लीनाको आत्मकथा' की पात्र 'लीना' आदिले मानसिक उथल-पुथलको पर्याप्त सामना गरेका छन् ।

परिवारको स्ट्यान्डर्ड बन्ने अभिलाषा पूरा गर्न आफू कार्यालयमा पथभ्रष्ट हुन पुगेको र पछि यही छोराछोरी आफ्नो नभएको 'कोखाको घाउ' कथाका पात्र हरिनारायणको मानसिकता यस्तो देखिन्छ-'कति मनमा त्रास, ग्लानि र नाना द्वन्द्व गरी मनलाई मारेर बाध्य भई तिनै सबका लागि भनी गरेको आजसम्मको दुःखको यही इनाम रहेछ ।'[66]

यौनमनोविज्ञानलाई पनि आफ्ना कथाहरूमा धेरै-थोरै स्थान दिने पाठकले यो संग्रहभित्रका केही कथामा यसको सफल प्रयोग गरेकी छन् ।

मनभित्र गुम्सिएको उत्तेजनालाई आफ्नो मायालु हर्केको साथमा बिताउन आतुर भएकी 'म' पात्रको मानसिकता यसरी प्रस्तुत भएको छ-'रात पनि कति लामो भएजस्तो

६६. पूर्ववत् 'जिन्दगी' पृष्ठ १ ।
६७. पूर्ववत् 'जिन्दगी' पृष्ठ २ ।

कहिले बिहान होला र पँधेरामा फेरि हर्केसँग बात मार्न पुगिहालूँ झैं लाग्थ्यो । रातभरि नै म सपनीमा सँगै हुन्थें ।'[67]

वैसालु यौवनले नजानिदोसँग रमेशप्रति आकर्षित बन्न पुगेकी 'अव्यक्त' कथाकी 'म' पात्रको मानसिकता यस्तो छ- 'म पनि अविवाहिता हुँ र अन्तरमा कतै कुनै प्रसंगमा प्रेम गर्छु भन्ने कुरा सायद रमेशलाई थाहा छैन उसलाई यो थाहा नहोस् पनि यस्तै केही म पनि चाहन्छु ।'

नानी बलात्कार भएर प्रतिशोधमा उत्रिन पुगेपछि कस्तो पराकाष्ठामा पुग्छे भन्ने कुरा लिलीको मानसिकताले यसरी प्रस्तुत गरेको छ- 'यसरी कुनै पनि पुरुषलाई आत्मग्लानि गराउन सक्नु र त्यस्तो कामुकताको चरम सीमामा पुऱ्याएर त्यसलाई त्यागिदिनु वास्तवमा पुरुष बलात्कृत हुनु नै हो ।'[68]

यसरी पात्रका विभिन्न मानसिक घात-प्रतिघातलाई उजागर गरेर मनोविज्ञानतर्फ पनि कथाले आफ्नो स्थान लिएको देखिन्छ ।

**निष्कर्ष:**

पात्रको यौन मनोविश्लेषणतर्फ पनि कथाकारको रुचि देखिन्छ । तथापि यौनमनोविज्ञानकेन्द्री कथाहरूको सिर्जना गर्नु लेखकीय ध्येय नभई मूल कथानकमा सन्दर्भित भएर मात्र आएका हुन् र समाजको यथार्थतामा राखेर हेर्दा यसको प्रयोग भएको मात्र हो ।

### ५.१.७. जीवनदृष्टि

लेखकीय जीवन दृष्टिकोण यस संग्रहका कथाहरूमा विभिन्न पात्रहरूका माध्यमबाट मुखरित भएका छन् । जीवनका विविध रूप र रङ्गलाई हिरण्यकुमारी पाठकले जिन्दगी कथाबाट यसरी हेरेकी छन्-'तर सारांश हेऱ्यो, के कति फलदायी भयो भनी यही हातका सबै औंला पनि भाँचिन नसकिने रहेछ । यो जिन्दगी बितेछ । मुटुभरि चाहना र कल्पनाका आकांक्षा कोरेर, समाधि बनाएर यो जिन्दगी बितेछ ।' हो जीवन भोग्ने क्रममा समयसँगै आफना इच्छा-आकांक्षाहरूलाई तिलाञ्जलि दिनुपर्ने जसमा न कुनै रंगको न कुनै उमंगको आशा हुन्छ ।

समाजमा नारीले मान-सम्मान पाउँदा यही समाजको पुरुष वा आफ्नै लोग्नेले ईर्ष्या गर्दा नारी मन मर्माहित भई मृत्युलाई अँगाल्न कसरी बाध्य हुन्छे र मृत्युवरण गर्न पुगेकी माधुरीको जीवनको क्षणभंगुर यसरी प्रकटित भएको छ 'जीवनबाट नै निराशा भई एक सिसी निद्राका गोलीहरूबाट आफूलाई सधैंका लागि शान्तिको निद्रामा सुतेकी रहिछन् भन्ने

---

६८. पूर्ववत् 'ममता' पृष्ठ ६ ।

कुरा बुझ्न मलाई गाह्रो परेन । मैले आफैलाई प्रश्न गरें कि एउटी आइमाई हुनुको निम्ति यही हो ?" ।[69]

'जीवनमा मन अस्थिर र अशान्ति भएर धनैधनमा दुःखी हुनुभन्दा मनमा शान्ति र सन्तोषले खाएको स्वच्छ हावा र आफ्नै गाउँको मकै-भटमास मीठो हुने कुराको यथार्थ प्रस्तुति यस्तो देखिन्छ- 'त्यही रातमाटे डाँडा रमाइलो थियो । दिनभर घाँसे डाँडो भरिएपछिको मकै-भटमासमा नै स्वाद थियो । जीवन धनले होइन मनले दुःखी हुँदो रहेछ । त्यस्तै केही सोच्छु ।'[70]

जीवनमा के-के न गर्छु भन्ने आशाले अझै माटोसँग साटिन खोज्ने विदेशी नारीको हृदयविदारक जीवनप्रतिको नैराश्यलाई लीनाको आत्मकथाबाट जिन्दगीप्रतिको धारणा यस्तो देखिन्छ- 'त्यो समुद्रको छालसरह मेरो हृदयका ज्वारभाटा आज तिमी त्यसै देशका लागि भनेर मन हलुका गरे भोलि के हुन्छ थाहा छैन' लामो सास फेरिन्-लीनाले ।[71]

भोलि के हुन्छ त्यो आफ्नो हातमा छैन, अरू कति दुःख भोग्नु वा सुखमा रमाउनु छ त्यसको लेखाजोखा गर्न असमर्थ भएको लेखकीय धारणा पनि उक्त पंक्तिले प्रस्ट्याएको देखिन्छ ।

यो नारी जीवन संघर्षशील नै छ कठिन पनि छ आफूमा लागेको घाउले शरीरलाई समेत बाधा पुऱ्याएको कुरा यहाँ यसरी प्रस्तुत भैरहेछ- 'मानिसलाई हरदम एकै प्रकारको चिन्ता, त्रास, दुःख र भयले ग्रसित भएपछि शरीरभित्र पनि असर पार्दोरहेछ । मलाई बीचमा छाती दुख्यो ।'[72]

समग्र कथामा कथाकारको जीवनप्रतिको अवधारणालाई हेर्दा भने जीवन दुःखद्, संघर्षशील, नैराश्ययुक्त, विसंगत, निरर्थक रूपमा नै आर्जिएको पाइन्छ । हिरण्यकुमारी पाठकका कथाहरूमा कुनै-कुनै पात्रहरूले जिन्दगीलाई आशावादी भएर हेरेको देखिन्छ । यसभित्रका कथाहरूमा कथानकको अवस्था नियाल्दा प्रायः कथाहरू क्षीण कथानकमा संरचित छन् ।

---

६९. पूर्ववत् 'कोखाको घाउ' पृष्ठ ९० ।
७०. पूर्ववत् 'एउटा संस्मरण' पृष्ठ ५७ ।
७१. पूर्ववत् 'के नियति यही हो' पृष्ठ ३६

७२. पूर्ववत् 'के नियति यही हो' पृष्ठ ३५ ।

यस संग्रहको अन्तिम कथा 'नयाँ जीवन' राखेर पाठकले जीवनको नयाँपन र सुखमय तरिकाले थालनी गर्नुपर्ने कुरालाई देखाएर पारिवारिक सुखमा कथा थन्क्याइएको छ । कथाहरू पट्यार लाग्दा छैनन् । यथार्थ धरातलमा, नारी वर्गको यथार्थ भोगाइबाट कथानकलाई भित्राइएको हुनाले स्वाभाविक बन्न सकेका छन् ।

## ५.१.८. पात्रविधान

सामाजिक विषयवस्तुमा आधारित 'मोहचक्र' कथा संग्रह कथाका पात्रहरू मानवीय स्वभावअनुकूलकै आचरणले गर्दा ती अत्यन्तै सजीव देखिन्छन् । ग्रामीण, सहरी र विदेशी सबै खाले पात्रहरूलाई पाठकले आफ्ना कथाहरूमा स्थान दिए पनि धेरैजसो सहरी पात्रहरूकै आधिपत्य देखिन्छ भने ग्रामीण पात्रहरूको यथार्थ पस्तुति 'एउटा संस्करण' कथामा भएको पाइन्छ । उनका कथाका पात्रहरू प्रभावशाली र रंगमञ्चमा नाटक गरेअनुरूप स्वाभाविक देखिन्छन् । यसरी पात्रको चरित्र चित्रणमा पूर्ण गतिशीलता र स्वाभाविकता दिन सकेर कथाकार पाठक सफल बन्न पुगेकी छन् ।

यस संग्रहमा सहायक पात्रको प्रवेश खुलस्त नदेखिए पनि नारी समस्यामूलक कथाहरूमा पुरुषको माध्यमबाट नारी जीवन बर्बाद भएकाले यस्ता पुरुषहरू सहायक पात्रका रूपमा देखापरेका छन् । यथार्थ जीवनमा मानवीय गुण र दोषको संगम भएकाले उनका पात्रहरू पनि मानवीय स्वभाव, चरित्र र आचरणका छन् । आदर्श पात्रको उदाहरणस्वरूप 'आनन्द' कथाका आनन्द र 'नयाँ जीवन' कथाका कुमुदको चरित्र चित्रणलाई लिन सकिन्छ । पात्र चयन गर्दा कथाकार पाठक धेरैजसो वयस्क पात्रहरूलाई देखाएर तिनीहरूकै माध्यमबाट समाजमा सकारात्मक असर छोड्नु उनको प्रवृत्तिगत विशेषता मान्न सकिन्छ । उनका धेरैजसो कथाहरूमा नारी प्रमुख पात्रका रूपमा देखापरेका छन् भने कतै-कतै पुरुष पात्र पनि आदर्श पात्रका रूपमा देखापरेका छन् । चरित्र चित्रणसम्बन्धी केही उदाहरणका नमुना यस्ता देखिन्छन्:-

'विकासले बढो सभ्य तरिकाले अत्यन्त मर्यादित ढंगबाट बुवालाई हेऱ्यो र भन्यो' बुवा मैले पनि कसैलाई बचन दिइसकें । आशा मेटिनै सकेन मैले उनलाई धनमा राखेर हेरिन, मैले त उनको गुणलाई नै आत्मसात् गरें । धनको लालचमा जोसँग म सुखी भएर बाँच्न सक्दिन त्यससँग कसरी जीवन बिताउनु र त्यसैले मलाई माफ गरिदिनुहोस् । जीवनमा पहिलोपल्ट हजुरको बचन काट्नुपऱ्यो ।[73]

---

७३. पूर्ववत् 'एउटा संस्मरण' पृष्ठ ५९ ।
७४. पूर्ववत् 'लीनाको आत्मकथा' पृष्ठ ७८ ।
७५. पूर्ववत् 'प्रतिशोध' पृष्ठ ८५ ।

पात्रको आन्तरिक व्यक्तित्वको चित्रण गरेजस्तै बाह्य व्यक्तित्वलाई देखाउन सफल पाठकले 'लीनाको आत्मकथा' कथाकी पात्र 'लीना' विदेशी भएर पनि उनको व्यक्तित्वलाई सफल ढङ्गबाट प्रस्टाउने प्रयत्न यसरी गरिएको छ- 'गोरो वर्ण, सरक्क परेको लाम्चो अनुहारमा ठूला-ठूला आँखाको आकर्षक अनौठो थियो । अमेरिकन भएर पनि लीनाको केश कालो र अलि लामो थियो । हाँस्दा लीनाका मोतीजस्ता दाँतका लहर झल्किदा अति नै मनमोहक देखिन्थ्यो ।[74] यसबाट एउटी विदेशी केटीको आफ्नो व्यक्तित्वभित्र कति पीडा लुकेको छ भन्ने कुरा प्रस्ट्याउँछ ।

'रगतको नाता' कथाबाट निम्न पंक्तिले रामेश्वर बाबुको आन्तरिक व्यक्तित्वका साथै उनको आचरणलाई पनि झल्काएको छ-'आज विस्तारै रामेश्वर बाबुलाई यसको अनुभूति हुँदैछ, यो सबै मेरो झूटो प्रतिष्ठा तथा आफ्नै घमण्डीपनले भएको हो । मैले कहिल्यै छोरा-छोरीलाई व्यवहारमा रमाइलोपन ल्याइन । त्यसैले उनीहरूमा कुरा गर्ने सहनता नै भएन । सबैलाई उनीप्रति एउटा त्रास नै रह्यो ।[75]

यो कथा संग्रहभित्रका जम्मा १९ वटा कथामध्ये ७ वटा प्रथम पुरुष दृष्टिबिन्दुमा छन् भने अरू १२ वटा कथामा मुख्य पात्रहरू तृतीय पुरुष दृष्टिबिन्दुमा छन् । एक-दुईवटा कथामा आन्तरिक दृष्टि पात्रहरू कथाकारका मुख पात्रका रूपमा प्रस्तुत छन् । यसरी यस संग्रहभित्रका कथाहरूमा युवा, प्रौढ र अधबैसे पात्रहरूलाई प्रतिनिधि पात्रका रूपमा उपस्थिति गराएर तिनीहरूको आन्तरिक तथा बाह्य व्यक्तित्वको चित्रण गरिएको छ ।

### ५.१.९. परिवेश

यस कथा संग्रहका प्रायः कथाहरूमा स्वदेशलाई नै कार्यपीठिका बनाउनेतर्फ प्रवृत्त भएको पाइन्छ । यसरी पाठकले यस कथा संग्रहमा ग्रामीण, सहरी र विदेशी सबै परिवेशलाई लिएकी छन् तापनि उनका धेरैजसो कथामा सहरी परिवेशको चित्रण पाइन्छ । 'मेरी र नीला आँखा' र 'लीनाको आत्मकथा' यी दुई कथा विदेशी परिवेशमा संरचित छन् भने 'यौटा संस्मरण' कथामा ग्रामीण परिवेशलाई धरातल बनाइएको छ । सहरी परिवेशलाई कार्यपीठिका बनाइएका यिनका कथाहरूमा धेरैजसो काठमाडौंको परिवेशलाई समेटिएको छ ।

परिवेश चित्रणसम्बन्धी केही उदाहरणका नमुना यस्ता देखिन्छन्-सहरी उच्चमध्यम

परिवारको रबाफलाई झल्काउने 'रगतको नाता' को निम्न उद्धरणभित्रको कुरालाई यसरी उल्लेख गरिएको छ- 'म त छक्क परें', किनकि मलाई विदेशमा त्यो पनि अमेरिकाजस्तो अति विकसित देशमा सबै आ-आफ्नै ढङ्गले जीवन बिताउँछन्, कसैले कसैलाई उनका जिन्दगीबारे, पारिवारिक जीवनबारे सोधपुछ गर्नुहुँदैन । उनीहरूसँग रहँदा, बस्दा विचार पुऱ्याएर बस्नुपर्छ । चाहिने भन्दा बढीको खोजीनीति गर्न पनि हुँदैन आदि मैले सुनेकी थिएँ ।[76]

विदेशी परिवेशलाई 'लीनाले आत्मकथा' को निम्न उद्धरण वाक्यहरूले यसरी स्पष्ट पारेका छन्-'तर बाबुको कठोर मिजासले गर्दा प्रस्ट रूपमा खुलेर कुरा गर्न सग्दैनथ्यो । कथंकदाचित् कुनै कुरा उठाइहाल्यो र त्यो प्रसङ्ग बाबुलाई मन नपर्ने रहेछ भने रामेश्वर बाबु एकदम बम पड्केजस्तो गरी पड्किहाल्थे र फेरि अर्कोपल्ट बोल्ने कसैको हिम्मत हुँदैनथ्यो ।[77]

यसरी कथाकारले विदेशी परिवेशको चित्रणमा कथानक र पात्र चयनमा समेत तालमेल राख्दै त्यहाँको जनजीवन, आनीबानी, आचरण, क्रियाकलाप आदि पक्षलाई धेरैथोरै कथामा परिवेश चित्रणका रूपमा भित्राएकी छन् ।

यसबाहेक समाजमा भ्रष्टाचार गरी जेल परेको र आफ्नो साथ दिने कोही नभएकाले जेल नै आफ्नो मृत्युको कारण बनेको परिवेशलाई पनि छोएकी छन्-'मनमा जति गुने पनि त्यस बखतको बाध्यता र आजको हीनता कस्तो परिबन्द परेकोमा आफै छक्क परें तर जे भए पनि उनले सत्यताको बाटो अपनाइरहेको भए र गरिबीको जीवन नै व्यतीत गरेको भए आज यसरी आफूलाई नै धिक्कार्नु त पर्दैनथ्यो होला तर अहिले पछुताएर हरिनारायणले आफूलाई समयमा आबद्ध गर्न सकेनन् । भोलिपल्टको बिहानीमा जेलमा पालेले उनलाई पासोमा झुन्डिएको पायो ।'[78]

यसैगरी मृत्युन्मुखी विभत्स परिवेशको चित्रण 'के नियति यही हो' ? र 'मुक्ति' कथामा पाइन्छ । यसरी पाठकले आफ्ना कथाहरूमा बाह्य तथा आन्तरिक परिवेशलाई

७६. पूर्ववत् 'रगतको नाता' पृष्ठ १३ ।
७७. पूर्ववत् 'लीनाको आत्मकथा' ।

७८. पूर्ववत् 'रगतको नाता' पृष्ठ १५ ।
७९. पूर्ववत् 'रगतको नाता' पृष्ठ १६ ।
८०. पूर्ववत् 'लीनाको आत्मकथा' पृष्ठ ७६ ।

पर्याप्त स्थान दिएकी छन् ।

### ५.१.१०. भाषाशैली

हिरण्यकुमारी पाठकको कथासम्बन्धी शिल्पसचेततालाई यस संग्रहका कथाहरूले प्रस्ट्याइरहेका छन् । विधागत आकार, उपयुक्त भाषिक प्रयोग, मीठो शैली, छोटो वाक्य विन्यास, हृदयस्पर्शी र कतै बिम्बात्मक त कतै प्रतीकात्मक भनाइले कथाकारको शिल्यप्रविधिको दक्षतालाई प्रस्टाइरहेका छन् । कतै वर्णनात्मक र कतै संवादात्मक प्रद्धतिबाट पात्रको चरित्रचित्रण गर्न रुचाउने कथाकार पाठकले यस संग्रहभित्रका कथाहरूमा पनि तिनै प्रवृत्तिलाई आत्मसात् गरिरहेको देखिन्छ । यस कथा संग्रहका धेरैजसो कथामा शिक्षित समाजका बौद्धिक पात्रहरूको प्रयोग छ । यसरी शिक्षित समाजका बौद्धिक पात्रहरूको संवादले कथाहरू पनि स्वाभाविक बन्न पुगेका छन् । 'रगतको नाता' 'मोहचक्र' 'मुक्ति' 'अविश्वास' आदि कथाका पात्रहरूका मानसिक स्तरका माध्यमबाट समाजमा कहिलेकाहीँ आक्रोसवश बोलिने भाषाको प्रयोग भए तापनि त्यसमा सहज रूपमा प्रतिबिम्बित भएको देखिन्छ । जस्तै-'त्यो बजिया जति पढे पनि मेरै छोरा हो क्यारे, त्यसले मैले भनेको मान्नैपर्छ ।'[79]

'हजुरले मत्याएको त हो नि मोरा भन्दै नभनी जान सकेको, के-के सामान त लगेन हेर्नुपर्‍यो ।'[80]

'तिमीले तुरुन्त यो बच्चा तुहाइहाल भन्दा मलाई रुन मन लाग्यो ।'[81]

केही बिम्बात्मक तथा प्रतीकात्मक शब्दसमूहले कथाहरू सिंगारिएका छन् ।

प्रतीकात्मक शब्द समूहको नमुना यस प्रकार छ- मसानघाटमा परिणति गर्नु, सानो झिल्को, फिलिङ्गो, भुइँचालो आदि ।

केही बिम्बात्मक पद समूह तथा आलङ्कारिक भनाइलाई पनि यहाँ उल्लेख गरिएको छ-

'मौनम सम्मति लक्षणम् ।'[82]

'सबै द्रव्यपिचासझैं मलाई लाग्न थाल्यो ।'

---

८१. पूर्ववत् 'कोखाको घाउ' पृष्ठ ९० ।
८२. पूर्ववत् 'नाता रगतको' पृष्ठ १४ ।
८३. पूर्ववत् 'मोहचक्र' पृष्ठ ३० ।

हिरण्यकुमारी पाठकका यस संग्रहका कथाहरूमा रिंगटा, रुवावासी, छाप्रो, नासपाती, लोग्नेस्वास्नी, पाजी, तरुनी, घर-आँगन, भक्कानो, मोरा, जोइपोई, अभागी, टुहुरा आदि ठेट नेपाली शब्दहरूको प्रयोग भेटिए तापनि ती शब्दहरू प्रचलित, सरल र स्वाभाविक छन् । उनका यी कथाहरूमा सिरियस, एनाउन्समेन्ट, इन्जेक्सन, अंकल, अन्टी किन्नर गार्डेन, स्टेज आदि अंग्रेजी शब्दहरू पाइन्छ भने थपेडा, बेलगाम, लगाव, तरकिव, तुफान, गजल, बेपरा, सन्नाटा, फर्माइस आदि हिन्दी शब्दहरूको प्रयोग पनि पाइन्छ । त्यसैगरी यस संग्रहभित्रका कथाहरूमा प्रयोग गरिएका सिर्रसिर्र, घुँक्कघुँक्क, ढकमक्क, च्याँच्याँ, जुरुक्क, मुसुक्क, थचक्क, झमझम, चिटिक्क, च्वास्स, ढ्याकढ्याक आदि अनुकरणात्मक शब्दले पनि भाषामा मिठास थपेका छन् ।

त्यसैगरी 'भालुलाई बन्दुक पड्काएझैं,' 'बूढो हाड जोत्नु,' 'आफ्नो गोरूको बाह्रै टक्का,' जस्ता उखानटुक्काहरूको प्रयोगले कथामा फूलबुट्टा भर्ने काम गरेको छ भने यस कथा संग्रहमा प्रयोग भएका उक्ति वैचित्र्यले कथाहरूलाई सौन्दर्य प्रदान गर्ने काम गरेको छ । उदहारणका लागि निम्न उद्धरणलाई लिन सकिन्छ ।

जस्तै- 'कति-कति समुद्री गोतामा डुबुल्की लगाउन थालिसक्यो, त्यो उनलाई पनि होस छैन ।' 'भित्रभित्रै आगोको झिलिङ्गो लिएरै पनि आफूलाई एउटा सफल बुहारी बनाउन खोज्छे ।'[83]

'उनी पलङमा निर्जीव प्राणीझैं लम्पसार भए ।'[84]

यस्ता वाक्यहरूका साथै उनका कथाहरूमा अन्य केही बौद्धिक तर्कपूर्ण वाक्यहरूको प्रयोगले कथाकारको शिल्प प्रविधिमा थप विशेषता बन्न पुगेको छ ।

कतै-कतै शब्दहरूको अशुद्ध हिज्जे र गलत वाक्य ढाँचा, वाक्य गठनले भाषा शैलीमा केही आँच पुऱ्याएजस्तो देखिए पनि निष्कर्षमा पाठकको भाषा-शैली परिस्कृत र परिमार्जित देखिन्छ ।

### ५.१.११ उद्देश्य

हिरण्यकुमारी पाठककले 'मोहचक्र' कथा संग्रहमा जीवनमा देखेका, भोगेका विभिन्न अनुभवहरूलाई कथाका रूपमा प्रस्तुत गर्दै विभिन्न पेसा र वर्गका पात्रहरूको इच्छा, आकांक्षा, भावना तिनमा रहेको अव्यक्त पीडा र मर्मलाई केलाई पाठकसमक्ष प्रस्तुत गर्ने उद्देश्य लिएकी छन् । वर्तमान जीवनको यथास्थितिको प्रस्तुति गर्दै यथार्थ जीवनलाई

---

८४. पूर्ववत् 'मुक्ति' पृष्ठ ४४ ।

नजिकबाट चिन्ने र चिनाउने प्रयास कथाकार पाठकको देखिन्छ । कुनै वादको स्थापना गर्नु उनको उद्देश्य नभई नारी जीवनको यथास्थितिको वास्तविक चित्र उतार्न पाठक लागिपरेकी छन् । उनले समाजका काल्पनिक कथानकबाट मात्र मनोरञ्जन प्रदान गर्नु आफ्नो उद्देश्य नभएको दाबी गरेकी छिन् । अतः वर्तमान समाजमा मानवीय जीवनको पीडालाई भरसक जस्ताको तस्तै प्रस्तुत गर्नु कथाकार पाठकको उद्धेश्य रहेको देखिन्छ ।

**निष्कर्ष:**

हिरण्यकुमारी पाठकका यस संग्रहका कथाहरू २०४० यताका हुन् । २०४० देखि २०५० का बीचमा पुरुष कथाकारहरू र नारी कथाकारहरूको एउटा भीड नेपाली साहित्यमा देखापरेको र त्यही भीडमा मिसिन आइपुगेकी छन्-पाठक । उनको 'मोहचक्र' कथा संग्रह पनि नेपाली कथा साहित्यमा उत्साहपूर्वक प्रतिष्ठापित हुन आएको छ । समसामयिक नेपाली जनजीवन, घटना, विचार र बहुपक्षीय विसंगतिहरू यी कथाहरूमा राम्ररी प्रस्तुत भएका छन् । पाठकको भाषामा सरलता छ र प्रत्येक कथासित नारी मनको विद्रोह गाँसिएको छ । नारी तन मात्र होइन, नारी मनका घात-प्रतिघात, आशा-निराशा, कुण्ठा र अभावहरू पाठकका कथाहरू हुन् । आफ्नो प्रस्तुति र विश्लेषणमा उनी सफल छिन् । चालीसको दशकमा उनको उपस्थितिलाई उनको ढिला सिर्जनशील लेखनमा प्रवेश, उमेर र समर्पित स्थितिसँग तुलना गर्दा यी कथाहरू स्तरीय, राम्रा र उत्साहपूर्ण लाग्छन् ।

## ५.२ 'शून्यवत्' कथा संग्रहको विवेचना

### ५.२.१ लेखन तथा प्रकाशन

हिरण्यकुमारी पाठकले २०५० सालपछि लेखेका कथाहरूको संग्रह 'शून्यवत्' २०५७ साल भाद्र महिनामा वाणी प्रकाशन विराटनगरले प्रकाशन गरेको दोस्रो कथा संग्रहका रूपमा रहेको छ ।

### ५.२.२ संग्रहको नामकरण

यस कथा संग्रहभित्र संकलित 'शून्यवत्' कथाबाट नै यस कथा संग्रहको नाम 'शून्यवत्' रहन गएको हो । 'शून्यवत्' कथामा बिग्रेका छोराको पछुतो छ । आमा मरेपछि छोरो बिग्रन्छ भनेर बाबुले छोरालाई प्रशस्त पैसा खर्च गरी विदेश पढ्न पठाए तर छोराले पढेन, पैसा खर्च गरेर बिरायो मात्र । घरमा बाबु मरे तर छोरो आएन । बाबु मरेपछि विदेशमा पैसा पठाउने कोही भएन । पैसा नभएपछि छोरो घर आयो तर घरमा कुनै खुसी आएन । त्यसैले छोरो आफ्ना कुकृत्यप्रति पछुतो गरिरहेको छ । यसरी यो कथाको समाप्त भएको छ र यसैको नामबाट कथा संग्रहको नाम 'शून्यवत्' राखिएको छ ।

### ५.२.३. शीर्षक चयन

हिरण्यकुमारी पाठकको 'शून्यवत्' कथा संग्रहमा २७ वटा शीर्षकमा कथाहरू छन् । यो कथा संग्रहले नेपाली कथा साहित्यमा एउटा विशिष्ट स्थान ओगट्न सफल भएको छ । पाठक मूलतः करुणाकी कथाकार हुन् र उनले वर्तमान नेपाली नारी जीवनका सत्य-तथ्यलाई कल्पनाले कथा बनाएकी छन् ।[85]

'शुन्यवत्' कथा संग्रहभित्रका कथाका शीर्षकहरू निम्न लिखित रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. | **उत्तरहीन प्रश्नहरू** | २. | **ऊ** |
| ३. | **सहयात्री** | ४. | **सपनाको देशबाट** |
| ५. | **गन्तव्य** | ६. | **फुपू** |
| ७. | **सीताको गाउँमा** | ८. | **अठोट** |
| ९. | **उसको के दोष** | १०. | **यो क्षण** |
| ११. | **पहिलो प्रेमको घाउ** | १२. | **तिनी** |
| १३. | **शोकसभा** | १४. | **सधैं एउटा मैनबत्ती बाल्छु** |
| १५. | **शून्यवत्** | १६. | **यौटा इच्छाको पोखरीमा** |
| १७. | **मीराबाई** | १८. | **उनको श्रीमान्** |
| १९. | **कठोर निर्णय** | २०. | **कालु** |
| २१. | **साँझको लालिमा** | २२. | **अनुहारका बीच अनुहार** |
| २३. | **एक टुक्रा पाउरोटी** | २४. | **अन्तिम सत्यका लागि** |
| २५. | **हामीभित्र** | २६. | **त्यो साँझ** |
| २७. | **आफन्तका घाउहरू** | | |

माथि उल्लिखित कथाको शीर्षक चयन बारेमा छोटकरीमा यसरी उल्लेख गरिएको छ ।

'उत्तरहीन प्रश्नहरू' यस कथा संग्रहमा संकलित पहिलो कथा हो । यस कथाकी प्रमुख पात्र वा नायिकाले आफू नारी हुनु र नारीमाथि हुने अन्याय, अत्याचार सहनुको पीडा व्यक्त गरेकी छन् । उनले आफूलाई आफैसँग गरेका प्रश्नहरूको कुनै उत्तर छैन ।

त्यसैगरी यस कथा संग्रहको दोस्रो कथा ऊ रहेको छ । यस कथाकी नायिका पुरुष साथीलाई सम्झेर मख्ख परेकी छ । पुरुष साथीले उसप्रति गर्ने मायालु व्यवहारले ऊ लठ्ठ

८५. पूर्ववत् 'जिन्दगी' पृष्ठ १ ।

परेकी छ ।

सपनाको देशबाट- यस कथाकी आमा पैसा कमाउन विदेश गएको छोरो घर फर्केकोमा अत्यन्त खुसी भएकी छ । तर पैसा कमाउन नसकी घर फर्कनु परेकामा चिन्तित छ र आमालाई पनि चिन्तामा पारेको छ । 'गन्तव्य'-यस संग्रहको अर्को कथा हो । यस कथामा पश्चिमी भौतिकवादी संस्कृतिको कुप्रभावमा परी आजभोलिका छोराछोरीहरू कसरी बिग्रदै गइरहेका छन् र छोराछोरी बिग्रनुको चिन्ता बाबुहरूमा कति छ भनेर कथाले बताएको छ । 'फुपू' यस कथाकी नब्बे वर्षकी फुपू जहान छोराछोरी भएर पनि र घर-सम्पत्ति भएर पनि एक्लै बसेकी आफ्नै एकलकाँटे स्वभावले गर्दा हो । 'सीताको गाउँ'- यस कथाले समसामयिक ज्वलन्त प्रश्न उठाएको छ । छोरीलाई अंश कि शिक्षा ? कथाले सीताका गाउँका छोरीहरूलाई अंश होइन शिक्षा चाहिएको छ भन्ने उत्तर दिएको छ । त्यस्तै यस संग्रहको अर्को कथा 'उसको के दोष' रहेको छ । यस कथाकी नायिका माया पढ्दा एउटा केटालाई माया गर्छे । विवाह अर्कैसँग हुन्छ । लोग्ने जँड्याहा मात्र होइन आफ्नै स्वास्नीलाई परपुरुषसँग यौनक्रीडा गर्न बाध्य पार्छ । मायाकी साथीले पनि मायालाई बलात्कार गराउँछे । मायाको लोग्ने मर्छ । माया विधवा हुन्छे । घरबाट निकालिन्छे । माया नोकरी खान गएको अफिसमा आफ्नो पूर्व प्रेमी भेट हुन्छ  र अन्त्यमा आफ्नो कुकर्मलाई तिरस्कार गर्छे । 'तिनी'- उषाको दाम्पत्य जीवन बिग्रेको, उषाले स्वाभिमानका कारणले जागिर छाडेको र उषा बिग्रेको प्रसङ्गलाई कथाले देखाएको छ । 'शोकसभा' यस कथाकी नायिका विमला निडर, निर्भीक, स्पष्टवादी छ । यही गुण उसमा भएकाले उसलाई फुटेका आँखाले देख्न सक्दिन तर ऊ मर्छे । त्यसपछि उसको गुठागान हुन्छ शोकसभामा । 'पहिलो प्रेमको घाउ'-यस कथाकी नायिका माला रामे प्रेमीको विश्वासमा परेर सहर पस्छे तर प्रेमी रामेले उसलाई वेश्यालयमा पुऱ्याइदिन्छ । ऊ कसरी वेश्यालयबाट फर्कन्छे । होटलवालासँग विवाह गर्छे अनि धनी हुन्छे तर होटलवाला मर्छ र ऊ विधवा हुन्छे । पछि आफूसँग भएको पैसा खर्च गरेर अस्पताल खोल्छे । त्यही अस्पतालमा मालालाई वेश्यालयमा बेच्ने रामे प्रेमी मर्नु न बाँच्नुको दोसाँधमा भर्ना हुन आइपुग्छ । माला उसैको हेरचाहमा लाग्छे । 'सधैं एउटा मैनबत्ती बाल्छु'- यस कथा संग्रहको एउटा कथा हो । यस कथामा सासूलाई घरबाट निकालेर खुसी हुन्छु भन्ने बुहारी र सासू निक्लिएपछि बुहारीले भोग्नुपरेका विपत् र सासू निकालेर पछुतोमा परेकी बुहारीको कथा छ ।

'एउटा इच्छाको पोखरीमा'- यस कथाकी नायिका दुर्गादेवीको अनमेल विवाह भएको छ । ऊ विधवा हुन्छे र अनाथ निशा केटी पाल्छे । बाहिर धार्मिक प्रवृत्ति देखिए पनि भित्र धर्मगुरुसँगै आफ्नो यौनप्यास मेटाउँछे र धर्मगुरुहरूको यौनप्यास मेट्न आफैले पालेकी

निशाको कुमारीत्वलाई पनि बलि दिन्छे । 'मीरावाई'- यस कथाकी नायिकालाई आफ्नै दाजु-भाउजूले धार्मिक प्रवचन गर्न लगाई अर्थोपार्जन र ऐस-आरामको साधन बनाएका छन् । नायिकामा विद्रोह छ, बदलाको भावना छ । ऊ आफ्नी भदैलाई आफूजस्तै बनाएर बदला लिन चाहन्छे तर दाजु-भाउजूजस्तै हुन चाहन्न । 'कालु'- यो कथा बालश्रम शोषणको विरुद्धमा लेखिएको छ । कमल गरिब बाबुको छोरो हो । उसलाई पढ्न छुटाइन्छ र जुत्ता पसलमा काम गर्न पठाइन्छ । त्यहाँबाट कमल सहर पुग्छ र त्यहाँ उसलाई होटलमा भाँडा माझ्नुपर्छ । भरपेट खान पाइँदैन । त्यस्ता बाल बालशोषणका विरुद्धमा देशमा सेमिनार हुन्छन्, गोष्ठी हुन्छन, गरिब बालकका श्रमशोषणका कथा पत्रिकामा छापिन्छन् । बालश्रम शोषणका विरुद्धमा देश-विदेशबाट सहयोग आउँछ । तर बालकको भलाई कहिल्यै भएको छैन भन्ने तथ्य यस कथामा छ । 'साँझमा लालिमा'- यस कथाकी नायिकाकी आमा बिरामी छ । आमा गरिब थिई, धनी भई तर पनि खुसी छैन तर छोरी आमानेर पुगेपछि आमा खुसी नै भएकी छ । 'अनुहार बीच अनुहार'- यस कथामा कथाकी नायिकालाई बाबुले पनि सताएका थिए, लोग्नेले पनि सताइरहेका छन् । पुरुषहरूबाट नारीहरू सताइएका छन् र त्यसबाट मुक्ति मिल्न सकेको छैन भन्ने नारी पीडालाई कथाले व्यक्त गरेको छ । 'एक टुक्रा पाउरोटी'- यस कथामा एउटी असहाय, पागल आमा वा आइमाईको कारुणिक र विद्रोहात्मक चित्र  प्रस्तुत गरिएको छ । त्यो पागल आइमाईले बाटैमा बच्चा जन्माएकी छ । बच्चा एकातिर छ,  पागल आमा एउटा पाउरोटीको टुक्रा मुखमा च्याँपेर बसेकी छ । एउटा ट्रक आएर त्यसलाई किच्छ र ऊ मर्छ । यसरी एउटा वीभत्स स्थितिलाई यस कथाले देखाएको छ । 'आफन्तका घाउहरू' यस कथा संग्रहमा रहेको अन्तिम कथा हो । यस कथाकी नायिका सीतालाई सुरुमै पुरुषले बलात्कार गर्छ तर ऊ हिम्मत हार्दिन, अध्ययन गर्छे । बाबु अपाङ्ग हुन्छ, भाइ पढ्छ, जागिरे हुन्छ र आफ्नै दिदीलाई आरोप लगाउँछ । ऊ भाइसँग घरमा बस्न सक्दिन । घरबाटै निक्लेर हिँड्छे । नारीहरूले जति उपकार गरे पनि तिरस्कार खप्नैपर्ने विडम्वनालाई कथाले देखाएको छ । यसरी यस कथा संग्रहका कथाकारहरूको शीर्षक चयन भएको छ ।

**५.२.४ सामाजिकता**

हिरण्यकुमारी पाठकले यस संग्रहभित्र वर्तमान नेपाली समाजमा नारीको स्थान कहाँ छ, नारीको अवस्था कस्तो छ ? नारीलाई हेर्ने सामाजिक दृष्टिकोण कस्तो छ र स्वयं नारी के हो ? आदि प्रश्नको उत्तर खोजेकी छन् । उनले  नेपाली सामाजिक यथार्थताको अव्यवस्थाको रूपलाई पनि कथाकारको दृष्टिकोणले हेरेकी छन् । यस कथा संग्रहको

सामाजिकतालाई पहिल्याउन उदहारण स्वरूप केही कथालाई यसरी उल्लेख गरिएको छ ।

यो संग्रहको पहिलो कथा 'उत्तरहीन प्रश्नहरू' लाई हेर्दा एउटी महिला अर्थात् नारीले समाजमा जतिसुकै प्रतिष्ठित भई बाँच्ने प्रयास गरे पनि असफल हुँदा यो पंक्तिले यसरी भन्छ-'आफ्नो अस्मितालाई नै दोषारोपण गरेपछि बाँच्नुको तात्पर्य के र किन भन्ने जिज्ञासा मेरो मनको पोखरीमा बराबर उठ्छ' यसरी समाजमा बाँच्ने अभिनय गरेकी नारीले युगौंदेखि मागिरहेको आभास यो कथाले बोकेर नारी वेदनाको उद्घोष चरम सीमामा देखाएको छ ।

हाम्रो समाजमा 'बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधैमाथि' भन्ने प्रचलित उखान सार्थक बन्न पुगेको छ 'फुपू' कथामा । यस्तै घरपरिवार, छोरा, बुहारी, छोरी, ज्वाईं, नाति, नातिनी भएर पनि बुढेसकालमा आफू परिवारबाट अलग भएर जीवनको ९० वसन्त पार गर्दा पनि आफ्नो हातले नपकाई एक गास खान नपाउने कुराको ज्वलन्त उदहारण 'फुपू' कथाकी पात्र फुपूले नै दर्शाएकी छन् । जसलाई निम्न पंक्तिले अझ स्पष्ट पार्छन्- 'होइन आमा एउटा छोरासँग त बस्नैपर्ने होइन र ? यसरी आफै एक गास खान दुःख गर्न त नपर्ने होइन र रीता ?"[86]

हाम्रो समाजमा एक नारीले अर्की नारीलाई सहनै नसक्ने यथार्थ पक्षको उद्घाटन गर्न सफल बनेको 'सधैं एउटा मैनबत्ती बाल्छु' कथाले देखाएको नारीको अर्थात् बुहारीको चरित्रलाई लिन सकिन्छ । सासूको उपस्थितिलाई नसहेर आफू एक्लैको आधिपत्य रूचाएकी 'म' पात्रले सासू गएपछि आफू अफिस गएपछि एकदिन कालेले आफ्नो डेढ वर्षको छोरो समेत लिएर भागेपछि 'म' पात्रले सासूबाट छोरा छुटाएको पापकै परिणति हो कि भनी प्रायश्चित्तका रूपमा सधैं एउटा मैनबत्ती बालेर आफ्नो हराएको छोराको भविष्यको कामना गर्ने गरेको यथार्थ पक्षलाई यो कथाले देखाएको छ । यस्तै यो पंक्तिलाई हेरौं-'अब स्वाद पाई हेर त कस्तो अन्याय ? एउटी आमा एउटा छोरा कसरी छुट्टाउन सकेको होला त्यसैको पाप लाग्यो ।'[87]

यस्तै धर्मको आडम्बर हो 'मीरा बाई'- यस कथामा आफ्नै बहिनी मीरालाई पैसा तान्ने मेसिन बनाई उसको धार्मिक प्रवृत्तिको उल्टो लगाई नारीलाई समाजको सामु उपस्थित गराई घर खर्च चलाउन पल्केका हाम्रै समाजका यस्ता परिवारको कथा हो । जहाँ परिश्रमबिना खाने बन्दोबस्त हुन्छ तर मीरा भने भित्र-भित्र विद्रोहको आगोमा पिल्सिएकी छ

८६. पूर्ववत् 'जिन्दगी' पृष्ठ ३ ।

८७. पूर्ववत् 'प्रतिज्ञा' पृष्ठ २६ ।

८८. हिरण्यकुमारी पाठक 'शून्यवत्' वाणी प्रकाशन विराटनगर भूमिकाबाट लिइएको ।

। यो पनि हाम्रै समाजको यथार्थ पक्ष हो र मीरालाई यो पंक्तिले प्रस्टयाउँछ-'मलाई सारा संसार नै अन्धकार भएझैं लाग्न थाल्यो । पैसा कमाउने टक्सार नै भएँछु म त । आम्दानी खानेले मेरो नारी हृदयको भावना बुझ्न नसक्नु, कल्पनासम्म पनि गर्न नसक्नु ।'[88]

त्यसैगरी एउटी असहाय पागल आइमाई जसलाई यही समाजका भद्रपुरुषले बच्चाकी आमा बनाइदिएको छ । आफ्नै होस सम्हाल्न नसक्ने, आफ्नो पेट भर्न नसक्ने त्यस्ती अबोध नारीमाथि पुरुषार्थ देखाउने पुरुषहरूप्रति तीखो व्यंग्य प्रहार गरेको 'एक टुक्रा पाउरोटी' कथाकी पात्र जो एक पागल माग्ने सुत्केरी भएर खान नपाई कसैले बाटोमा फ्याँकेको पाउरोटीमा आनो बाँच्ने सास खोजिरहेकी छ तर एउटा ट्रकले किचेर मारिदिन्छ । बच्चा मरेको-बाँचेको केही पत्तो छैन । यस्तै समाजको दयनीय स्थिति बोकेको यो कथा अति मर्मस्पर्शी बनेको छ जसलाई यो पंक्तिले अझ स्पष्ट पारेको छ-'म उसको कलिलो मायालु अनुहार हेर्छु । बालकको चिम्लिएको आँखा हेर्छु, उसको हातमा रहेको पाउरोटीलाई हेर्छु सबै अप्राकृतझैं लाग्छ । नरम र तातो खानुपर्ने बेलामा यता छोपे उता उघ्रिन्छ उता छोपे यता उघ्रिन्छ । कस्तो विडम्बना ।[89]

यो संग्रहको अन्तिम कथा हो 'आफन्तका घाउहरू' हाम्रो पुरुषप्रधान समाजमा नारीले अर्थात् छोरीले माइतीका लागि जति नै कर्तव्य र त्याग गरे पनि व्यर्थ हुने तथ्यलाई यो कथाले बडो मार्मिक तरिकाले प्रस्तुत गरेको छ । यस कथाकी पात्र सीताले भोगेको यथार्थलाई पुरुषप्रधान समाजको ज्वलन्त उदाहरण मान्न सकिन्छ । पुरुषबाट प्रत्येक पल ठगिएकी, बूढाबाट तिरस्कृत बन्न पुगेकी, भाइबाट सधैं अपशब्दको तीखो वाण खान बाध्य बनेकी प्रतिनिधि पात्र हो-सीता । जो आफ्नो गन्तव्यको खोजीमा यसरी रूमलिएकी छ-'ऊ त्यसै-त्यसै आफन्तका घाउहरूले पोलिँदै आत्मबल संगाल्दै एउटा सुटकेस लिएर घरबाट निस्की । उसलाई थाहा भएन, ऊ कहाँ जाँदैछे र उसको यात्राको सीमा कहाँ गएर टुङ्गिन्छ ?'[90]

यसरी आफ्नो यो कथा संग्रहबाट पनि समाजका विविध पक्ष र चरित्रलाई भिच्याएर तिनका दिनचर्या, भिन्न स्वभाव, अझ नारी वेदना र कारूणिक स्थितिको यथार्थता देखाउन सफल कथाकार हिरण्यकुमारी पाठकका सम्पूर्ण कथाहरू सामाजिक यथार्थ नारीसम्वन्धी

---

८९. पूर्ववत् 'फुपू' पृष्ठ १९ ।
९०. पूर्ववत् 'सधैं एउटा मैनबत्ती बाल्छु' पृष्ठ ५५ ।

चिन्तनका दृष्टिले महत्वपूर्ण छन् ।

### ५.२.५. समसामयिकता

पाठकको यस संग्रहका कथाहरूमा समाजको स्थिति र गतिलाई यथासक्य व्यक्ताउने क्रममा समसामयिक सन्दर्भहरू सफल रूपमा प्रयोग भएको पाइन्छ । हिरण्यकुमारी पाठकका कथामा पात्रहरू यसै धरातलका यथार्थवादी र मानवेतर गुणहरूबाट अलग्गै रहेका हुन्छन् । युगले निम्त्याएको र मानव समस्याको समाधानतर्फ संघर्षरत नै रहेको देखिन्छन् । त्यसैले पाठकका कथाहरू समय सापेक्ष र खास गरेर यो संग्रहमा बढी भन्दा बढी नारी समस्या, प्रतिशोध, व्यथा र स्वतन्त्रता आदि कुराहरू नारी संवेदना र हृदयको यर्थाथताका रूपमा आएको देखिन्छ । नारीसमस्याप्रति चिन्तनले गर्दा उनले आफ्नै समाजको परिवेशलाई लिएको देखिन्छ । जीवन भोगाइका क्रममा आदर्शको खोल मात्र ओढेर होइन यथार्थको तराजुमा राखेर कथा तयार गर्ने कथाकार पाठक पनि समयले पारेको प्रभावबाटै डोरिएको तथ्य उनका कथाहरूको अध्ययनबाट स्पष्ट हुन आउँछ ।

### ५.२.६. मनोवैज्ञानिकता

कथाकार हिरण्यकुमारी पाठकको यस संग्रहका कथाहरूले प्रायःजसो नारी मनोविज्ञानलाई आधार बनाएको देखिन्छ । यथार्थको सुन्दर पक्ष र व्यवस्थालाई देखाउने ढाँचाका कथाका पात्रहरूले वास्तविक यथार्थसँग सामञ्जस्य वा सहिष्णुता देखाएका छन् । यस्ता केही कथाहरूमा 'ऊ', 'सहयात्री', 'साँझका लालिमाहरू', 'हामी भित्र', 'सधैं एउटा मैनबत्ती बाल्छु', 'उनको श्रीमान्', 'कठोर निर्णय', 'उसको के दोष ? ', 'त्यो क्षण', 'पहिलो प्रेमको घाउ', 'शून्यवत्' आदि पर्छन् । यसैगरी यथार्थको कुरूप पक्ष र अव्यवस्थालाई देखाउने ढाँचाका पात्रहरू सुरुमा त यथार्थसँग मिल्छन् तर क्रमशः अन्त्यमा नमिल्ने हुन्छन् अर्थात् यिनीहरू यथार्थसँग असन्तुष्ट हुन्छन् । त्यस्ता कथाहरूमा 'उत्तरहीन प्रश्नहरू', 'सपनाको देशबाट', 'गन्तव्य', 'फुपू', 'सीताको गाउँमा', 'अठोट', 'तिनी', 'शोकसभा', 'एउटा इच्छाको पोखरीमा', 'मीरा वाई', 'अन्तिम सत्यका लागि', 'त्यो साँझ', 'आफन्तका घाउहरू' आदि पर्छन् ।

विशेष गरेर नारी मनका घातप्रतिघातलाई यथार्थ रूपमा प्रस्तुत गर्ने जमर्को गरिएकाले यी कथामा नारी मनका मानसिक सर्न्दभका साथै मानवीय स्वभावजन्य मानसिकता राम्ररी प्रस्तुत भएको छ । यस कथा संग्रहमा देखिएका पात्रहरूको मनस्थितिलाई उदहरणस्वरूप निम्न तरिकाले उल्लेख गरिएको छ- आफैमा प्रश्न अनि आफैमा उत्तर खोज्ने असफल प्रयासमा लागेकी 'उत्तरहीन प्रश्नहरू' कथाकी 'म' पात्रको मन समाजमा नारीको स्थानलाई एउटा तुच्छ ठानिने प्रवृत्तिले चहऱ्याइरहेको छ र आफ्नो परिवारमा समेत नारीको मानसिकता यस्तो छ- 'यी उत्तरहीन प्रश्नहरूले मलाई रातदिन चिमोटिरहेछन्, जेलिरहेछन् । म माकुराको जालो भित्रभित्रै अलमलिइरहेकी छु प्रश्नहरूको भित्र-भित्रै उत्तर खोज्ने प्रयास गरिरहेकी छु ।'[91]

---

९१. पूर्ववत् 'मीरा बाई' पृष्ठ ३६ ।

९२. पूर्ववत् ।

९३. पूर्ववत् 'आफन्तका घाउहरू' पृष्ठ १०७ ।

आफ्नो जिन्दगीले नयाँ बाटो लिएपछि पुराना स्मृतिहरूलाई सबैले खोजेजस्तै 'सहयात्री' कथाकी 'म' पात्रको यहाँ आफ्नो पूर्वस्मृति हटाउने मानसिकता यस्तो तरिकाको देखिन्छ- 'म उठ्छु र त्यो उहाँको ग्रुप फोटोलाई त्यहाँबाट निकाल्छु । धेरैबेरसम्म हातमा खेलाउँछु र धुजा-धुजा पारी च्यातिदिन्छु । मेरो यात्रा अब बदलिसकेको छ र सहयात्री पनि ।'[92]

विदेशमा पठाएको आफ्नो छोराले आफ्नो स्वदेशको सांस्कृतिक परम्परा, परिवारको सामीप्यलाई नौलो ठाउँको संस्कृतिमा भुल्दै स्वयं आफूलाई समेत बिर्सन बाध्य भएको 'सपनाको देशबाट' कथाकी 'म' पात्रको छोराको नियतिबाट उठेको मनको आरोह-अवरोहको मानसिकतालाई यसरी उल्लेख गरिएको छ-'कठोर भइसकेका उसका शरीरका विभिन्न भागहरू सुम्सुम्याउँदा मेरो हृदय विह्वल भयो । कति कष्ट र कति मेहनत गरेछ मेरो छोराले त्यो अनकण्टार ठाउँमा । अनि मेरो हृदयबाट ममता अझ पग्लियो ।'[93]

समाजमा नारी बलात्कृत हुन्छे पुरुषबाट अनि त्यही सभ्यपुरुषले अपनाउन अस्वीकार गर्छ । त्यस्ता बलात्कृत नारीबाट जन्मिएका सन्तानलाई यो समाजले दिएको उपहार नाजायज शब्द वाणले अर्की नारीको हृदय छिया-छिया परेको मानसिकता यस्तो छ- 'सुमन तिमी पत्याउँछौ म त एउटा बलात्कारको प्रतीक हुँ । के तिमी अझै मलाई अपनाउँछौ ? भन सुमन भन । तिम्री प्रेयसी एउटी रछ्यानमा फ्याँकिनुपर्ने बलात्कृत नारी हो ।'[94]

एउटी नारी भएर पनि अर्को कुनै कारणले घर जान आतुर नारीको बाध्यता नबुझेको कुन अदृश्य शक्तिले आफ्नो हृदय त्यस्तो कठोर र अबुझ बनाइदिएको 'त्यो क्षण' कथाकी 'म' पात्रको मानसिकतालाई यसरी देखाइएको छ-'टेम्पोमा रहेको रित्तो सीटले मलाई खिजाएजस्तो लाग्यो । टेम्पो दौडिरहेको थियो, भीडभाडभाको बाटो भएर कोलाहलपूर्ण रत्नपार्क, रानीपोखरीको बाटो चिर्दै । तर म छटपटाइरहेको थिएँ ।'[95]

---

९४. पूर्ववत् 'उत्तरहीन प्रश्नहरू' पृष्ठ २ ।
९५. पूर्ववत् 'सहयात्री' पृष्ठ ९ ।
९६. पूर्ववत् 'सपनाको देशबाट' पृष्ठ ११ ।
९७. पूर्ववत् 'अठोट' पृष्ठ २ ।

आफ्नै प्रेमीको हातबाट मुम्बईको कोठीमा बेचिएकी 'माला' कयौं प्रयासबाट भागेर आफ्नो जन्मघरमा आउँदा यहाँको पुरुषप्रधान समाज र परिवारले उसको दुःखमा मलम लगाउनुको साटो यसरी अस्वीकार गरेपछि नारी हृदयको दर्दनाक मानसिकता आफ्नै छोरीप्रति यस्तो देखिएको छ-'भित्रबाट आमाछोरीको दुःखमा सहभागी हुन छोरीलाई अँगालो मारेर सान्त्वनाका दुई शब्द बोल्न आतुर थिइन् तर पुरुषप्रधान देशकी नारी भएकीले भित्रभित्रै छटपटाई दैलो नाघ्न साहस गर्न सकिनन् । राताराता आँखाबाट ममताका आँसु झार्दै मूकदर्शक हुन बाध्य भइन् ।'[96]

सासूले एक्ली बुहारीलाई छोरी समान व्यवहार गर्न सक्छिन् तर आजका आधुनिक बुहारीहरू भने सासूको उपस्थितिलाई पचाउन नसक्ने नारीको मानसिकता यी पंक्तिले प्रस्ट्याउँछन्-'कति निःस्वार्थ, निर्मल, शीतल, पवित्र माया गर्नुहुन्थ्यो मलाई । कति म नाचिरहन्थें उनको उपस्थितिमा तर मैले गरेको अवहेलनाको फल आज मैले मेरो छोरा गुमाउनुपर्‍यो ।'[97]

यसैगरी 'शून्यवत्', कथाको 'म' पात्र 'कठोर निर्णय', को पात्र 'ऊ', 'कालु' कथाको 'कालु', 'साँझका लालिमा' कथाकी 'म', पात्र 'अनुहारबीच हनुहार' कथाकी 'जुनी' र उसकी 'आमा' 'हामीभित्र' की 'म' पात्र आदिले यस कथा संग्रहमा मानसिक उथलपुथलको पर्याप्त समयानुकूल सामना गरेका छन् ।

यौनमनोविज्ञानलाई पनि यस कथा संग्रहभित्र स्थान दिइएको छ तर पनि कथाकारको उद्देश्य यौनमनोविज्ञानलाई नै प्रमुखता दिने होइन । यस कथा संग्रहमा प्रयोग भएका यौनमनोविज्ञानसम्बन्धी उदाहरणहरू निम्न छन्- जिन्दगीको दूरी कहिलेसम्मको हो एक्लो जीवनको आफ्नो वेदनालाई अर्काको मनसँग यसरी तुलना गर्न गएको मानसिकता यस्तो देखिन्छ- 'निद्रामा छिनछिनमा ओछ्यान सुमसुम्याउनु सबै-सबै दुःखदायी सम्झनाहरूले उनलाई पनि सताइरहेका होलान् भन्ने कल्पनाले मलाई अनायास उनको दैलोतिर डोर्‍यायो ।'[98]

आफ्नो बालसखा यौवनमा पाइला हालेको देखेर 'म' पात्रको मायाप्रतिको मानसिकता यस्तो देखिन्छ-'राम्री सर्लक्क परेकी र सधैं हाँसिरहने भएकीले अनुहारमा पनि एक किसिमको हेरिरहुँजस्तो सुन्दरताले बास गरेको थियो । उनलाई देख्दा आफूलाई उनको त्यो मनमोहक सुन्दरता आफैमा भित्र्याउन मन लागिरहन्थ्यो ।'[99]

---

९८. पूर्ववत् 'त्यो क्षण' पृष्ठ ३५ ।
९९. पूर्ववत् 'पहिलो प्रेमको घाउ' पृष्ठ ४० ।
१००. पूर्ववत् 'सधै एउटा मैनबत्ती बाल्छु' पृष्ठ ५५ ।
१०१. पूर्ववत् 'सहयात्री' पृष्ठ ८ ।

आफ्नो यौवनको लाली चढेको कुरा थाहा पाउँदा मालाको मानसिकता यस्तो देखिन्छ-'तर एकदिन अचानक मालालाई आफ्नो लाली चढेर यौवनको आभास भयो । ऊ जतातत‍ै आफ्नो शरीर सुम्सुम्याउँदै छक्क पर्न लागि ।'[100]

### ५.२.७. परिवेश चित्रण

हिरण्यकुमारी पाठकले आफ्नो यस कथा संग्रहका धेरैजसो कथामा स्वदेशी परिवेशलाई लिएकी छन् । त्यसमध्ये थोरै कथाहरूमा ग्रामीण परिवेशको वर्णन भएको छ भने धेरैजसो कथामा सहरी परिवेशलाई नै लिएको पाइन्छ र कुनै-कुनै कथामा विदेशी परिवेशको पनि चित्रण पाइन्छ ।

'शून्यवत्' कथामा विदेशी परिवेशलाई पूर्वदीप्तिका माध्यमले प्रस्तुत गरे तापनि स्वदेशकै परिवेशको चित्रण गरिएको छ 'सीताको गाउँमा', 'पहिलो प्रेमको घाउ' र कठोर निर्णय आदिमा ग्रामीण परिवेशलाई लिइएको छ । काठमाडौंको सहरी परिवेशलाई स्पष्ट पार्नका लागि निम्न उद्धरणहरू उदाहरणका रूपमा प्रस्तुत गरिएको छ- 'यो महाकालको ठूलो मन्दिरसामु एकैछिन आफूलाई बिर्साउँछ । भीमकाय महाकाल उभिएझैं सदा-सदाको लागि म पनि त्यही स्थिर भइरहन सके कस्तो जाती हुन्थ्यो ।' [101]
'डिल्लीबजार र बानेश्वर धेरै टढा छैन, एकैछिनमा पुगिहालें ।'

काठमाडौंका साना-ठूला सबै सहरहरूमा जतातत‍ै रहेका मध्यम खाले होटल र चिया पसलको सजीव चित्रण 'तिनी' कथामा यसरी गरिएको छ । 'उषा' त्यही सानो कथित चिया पसलमा सेतो झोलको गिलास लिएर चार-पाँच जना उसका दैनिक मित्रहरूसँग प्रसन्न मुद्रामा गफ हाँकिरहेकी थिई ।[102]

समयको निश्चित अवधिको परिवेशलाई 'अन्तिम सत्यका लागि' कथामा यसरी उल्लेख गरिएको छ-'जेठ महिनाको प्रचण्ड घाम, तातेको सिमेन्टको फुटपाथमा म
सुस्तसुस्त थकित भै हिँडिरहेंछु । त्यस्तै कपाल गर्मीले तालु सेकिसकेको छ, तर मलाई त्यसको वास्ता छैन किनकि त्यसभन्दा धेरै पोलेको छ मेरो मन, पोलेको मन त्यो पापका अगाडि यी बाहिरी जलनको वास्ता नै नहुने रहेछ ।'[103]

बाह्य तथा आन्तरिक परिवेशलाई आफ्ना कथाहरूमा प्रशस्त ध्यान दिने पाठकले कतै-कतै पात्रका मानसिक परिवेशलाई समेत पर्याप्त ध्यान दिएको पाइन्छ । यसरी विविध किसिमका परिवेशको चित्रण गर्दै वर्तमान जीवन भोगाइ, नारी विडम्वना र सामाजिक यथार्थलाई प्रस्तुत गर्न खोज्नु नै कथाकार पाठकको उद्देश्य देखिन्छ ।

---

१०२. पूर्ववत् 'उसको के दोष' पृष्ठ ३० ।
१०३. पूर्ववत् 'पहिलो प्रेमको घाउ' पृष्ठ ३७ ।

### ५.२.८. भाषा शैली

'शून्यवत्' कथा संग्रहका कथाहरूले कथाकारको कथासम्बन्धी शिल्प प्रविधि र सचेतनालाई प्रस्टाइरहेको छ । सुहाउँदो भाषिक प्रयोग, छोटो वाक्य गठन, मीठो शैली, शीर्षक सार्थकता, मूल कथानकले पाएको पूर्णता, रसिला र तर्कयुक्त वाक्य, मर्मस्पर्शी भनाइ, बिम्बात्मक र प्रतीकात्मक भनाइ, कतै-कतै उखानटुक्काको समेत प्रयोग आदिले गर्दा

कथाकार पाठकका कथा शिल्प प्रविधिको दक्षतालाई प्रस्टाइरहेका छन् । कतै वर्णनात्मक त कतै संवादात्मक पद्धतिबाट पात्रको चरित्र चित्रण गर्न रुचाउने कथाकार पाठकले यस संग्रहका कथाहरूमा पनि तिनै प्रवृत्तिहरूलाई आत्मसात् गरिरहेको देखिन्छ । यस कथा संग्रहका धेरैजसो पात्रहरू बौद्धिक र पठित समाजअनुरूपकै भएका हुनाले बोलीचाली त्यति तल्लो स्तरको नभई समाजमा पच्ने खालकै देखिन्छ ।

'त्यो क्षण', 'तिनी', 'शोकसभा', 'आफन्तका घाउहरू' आदि पात्रहरूका मानसिक माध्यमबाट कहिलेकाहीँ आक्रोशवश बोलिने भाषाको प्रयोग भए पनि त्यसमा सहजरूपमा प्रतिबिम्बित भएको छ । त्यसैगरी चेतन-प्रवाह शैलीको प्रयोगमा पनि कथाकारको रूचि देखिन्छ । जस्तै 'हैन-हैन साप  मेरो कथा त्यस किताबमा छापिरहेको रहेछ, केही दिन अगाडि यसैगरी एकजना हाम्रै नेपाली दिदी आएर मसँग नाना किसिमको कुरा गर्नुभयो ।'[104]

त्यसैगरी यस कथा संग्रहभित्र भएका बौद्धिक स्तरका वाक्यहरूलाई यसप्रकार उल्लेख गरिएको छ- 'मानिस कति मतलवी भएछन्, आफ्नै सुखलाई मात्रै चाहना गर्ने भएछन्,

---

१०४.	पूर्ववत् 'अन्तिम सत्यका लागि' पृष्ठ ९३ ।
१०५.	पूर्ववत् 'तिनी' पृष्ठ ४४ ।
१०६.	पूर्ववत् 'अन्तिम सत्यका लागि' पृष्ठ ९२
१०७.	पूर्ववत् 'कालु' पृष्ठ १८ ।

माया र स्नेहका मूर्तिलाई कति अपहेलित गर्दा रहेछन्, आजका सभ्य पुरुषहरू ।'[105]

यस कथा संग्रहमा प्रयोग भएका प्रतीकात्मक तथा बिम्बात्मक शब्दहरूको नमुना यसप्रकार छ । नमीठो ग्यास्टिक बढी हाल्छ, समय कालचक्रजस्तो बगिरहेछ, कलिलो मुना, कमल नयन, सुकिलो ओछ्यान जिउँदो लाश आदि । 'भक्कानो फुटाई छोराको वियोगमा बाग्मती बगाउँदै थिइन् ।'[106] 'त्यो कुरा मानौं सुनको छडी थियो, कथाकी राजकुमारी लाई निद्रा लगाउने ।'[107]

पाठकका यस संग्रहका कथाहरूमा सिरक, मुसलधारे, बार्दली, पल्लोघर, ओछ्यान, ठम्माउन, जँड्याहा, दाल-चामल, चिमोट्नु, चोलो, गाई-बाखा, चुल्ठो, पटुका, धोती, दैलो, धुरी, कात्रो आदि जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग भेटिए पनि ती प्रचलित र स्वाभाविक रहेका छन् । उनका यी कथाहरूमा ग्रेटवाल, सेमिनार, मिटिङ, व्याडेज, लाइफ, फेसन, पेपरवेट, हेन्डसम, मेकअप, जोकर, रिटायर आदि अंग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ भने दिलासा, फिराद, जोकर, बेयर, बदली, पतझर, बलवान्, अनेकन, खातिर, महफिल, दोकान, गलत, कायरता, दौरान, पहिचान, वाहियात आदि केही हिन्दी, फारसी, उर्दू आदि शब्दहरूको प्रयोग गरेको देखिन्छ । त्यसैगरी यस कथा संग्रहमा प्रयोग गरिएका छताछुल्ल, झलमल्ल, तुरतुर, छटपटी, चकमन्न, जुरुक्क, सुरुसुरु, ढुकढुक, झिलिमिली, ट्यार-ट्यार, चुर्लुम्म, ट्वाल्ट्वाल्ती, कल्याङकुलुङ आदि अनुकरणात्मक शब्दले पनि भाषामा मिठास थपेका छन् । त्यसैगरी 'के खोज्छस् काना आँखो', 'कुमालेको चक्र घुमाइरहेछ', 'टोक्नु न बोक्नु', 'रनभुल्ल पर्नु', 'छानाबाट खसेजस्तै' आदि उखानटुक्काहरूको प्रयोगले कथामा फूलबुट्टा भर्ने काम गरेका छन् भने यस कथा संग्रहमा प्रयोग भएका उक्ति वैचित्र्यले कथाहरूलाई सौन्दर्य प्रदान गर्ने काम गरेका छन् । उदाहरणका लागि निम्नलिखित उद्धरणलाई लिन सकिन्छ । जस्तै- मुटुमा गाँठो पर्छ, घाँटीमा माछाको काँडा अड्केजस्तो असजिलो हुन्छ र एकैछिनमा मेरो सास जालाजस्तो हुन्छ ।[108]

'कहिले पूजा, कहिले भूजा'[109]

'पैसा कमाउने टक्सार नै भएछु मत'[110]

---

१०८. पूर्ववत् 'उत्तरहीन प्रश्नहरू' पृष्ठ २ ।
१०९. पूर्ववत् 'गन्तव्य' पृष्ठ १६ ।
११०. पूर्ववत् 'पहिलो प्रेमको घाउ' ।

कतै-कतै शब्दहरूको अशुद्ध हिज्जे र गलत वाक्य ढाँचा, वाक्य गठनले भाषा शैलीमा केही आँच पुऱ्याएको जस्तो देखिए पनि निष्कर्षमा पाठकको भाषाशैली परिस्कृत र परिमार्जित देखिन्छ ।

### ५.२.९. उद्देश्य

सामाजिक जीवन भोगाइ देखाइबाट प्राप्त अनुभवहरूलाई उपयुक्त पात्र तथा वातावरणको संयोजन गर्दै कथानकलाई अघि डोऱ्याएर यथार्थपरक शैलीमा कथात्मक अभिव्यक्ति गर्नु नै पाठकको उद्देश्य रहेको देखिन्छ । आजको समाज विषम परिस्थितिबाट गुज्रिरहेको छ । विसंगत वातावरणले गर्दा जनजीवन आक्रान्त छ । युगले निम्त्याएको सामाजिक जटिलता र अस्तव्यस्त, मानसिक घात-प्रतिघात भोल्दै आजका मानिसहरू मूल्यहीन जीवन भोगाइमा बाँचेर अधिकांश मानिसहरू गरिबीका कारण अर्थाभाव तथा भोकलाई भोल्दै दिनहीन अवस्थामा वेदनाग्रस्त जीवन बाँच्दैछन् । फेरि हाम्रै समाजका कतिपय सहरियाहरू पूर्वीय सांस्कृतिक मूल्य र मान्यताप्रति आँखा चिम्लदै पाश्चात्य संस्कृतिका असङ्गत पक्षको अनुशरण गर्दै, नराम्रो प्रवृत्ति अंगाल्दै कुमार्गतर्फ डोरिँदैछन् । यसरी विभिन्न परिस्थितिमा रहेर अनेक नराम्रा मानसिकता साँभ-बिहान बोक्दै गुज्रिरहेको आजको जीवनको यथार्थ प्रस्तुतिका साथै समाजको यथार्थ चित्रण गर्नुमा कथाकार लागिपरेकी छन् । मानव जीवनमा घट्ने घटना र त्यसबाट उत्पन्न हुने मनस्थितिको उद्घाटन गर्न कथाकारको ध्येय देखिन्छ दीनहीन र नारी संवेदनाप्रति अति संवेदनशील हुने कथाकार पाठक समाजका उच्छृङ्खल तथा कर्तव्य विमुख प्रवृत्ति उजागर गराउन त्यत्तिकै तत्पर देखिन्छन् । यसरी मानव समाज तथा मानव र नारी कोमल हृदयको चित्रणमा केन्द्रित रहेर कथात्मक अभिव्यक्ति गर्नु नै कथाकार पाठकको तथा संग्रहको उद्देश्य देखिन्छ ।

**निष्कर्ष :**

'शून्यवत्' हिरण्यकुमारी पाठकको दोस्रो कथा संग्रह हो । नेपाली कथाको प्रवृत्तिलाई हेर्दा 'शून्यवत्' भित्रका कथाहरू अस्तित्ववाद र विसंगतिवादको नजिकमा देखिन्छन् । यस संग्रहका सवैजसो कथाको विषयवस्तु 'नारी' हो । यस कथा संग्रहका कथाहरू नेपाली मध्यम र निम्न मध्यमवर्गीय सामाजिक चरित्र र परिवेशका आधारस्तम्भ हुन् । नेपाली शोषित, पीडित, त्रसित, भयभीत, दलित, अशिक्षित र चेतनहीन नारीहरूको यथार्थ मनोदशा सबै कथामा प्रतिबिम्बित भएको छ । मानवीय मूल्य अभ नारी मूल्य र महत्त्व पाठकका

कथाहरूमा राम्ररी अभिव्यक्त भएका छन् । अनि नारीको शत्रु नारी नै भन्ने भावनाको उद्घोष छ । कथाहरूको प्रारम्भमा जुन सुवास छ, अन्त्यमा पनि त्यही मिठास सबै कथाहरूमा समानरूपमा प्रस्तुत भएको छ ।

## ५.३ 'श्रीकृष्णलीला' बाल कथासंग्रहको विश्लेषण

### ५.३.१. लेखन तथा प्रकाशन

हिरण्यकुमारी पाठकले २०५७ सालपछि लेखेका कथाहरूको संग्रह 'श्रीकृष्णलीला' २०५८ सालमा रत्न पुस्तक भण्डारले यसलाई प्रकाशित गरेको हो । यो हिरण्यकुमारी पाठकको तेस्रो कथा संग्रहका रूपमा रहेको छ ।

### ५.३.२ संग्रहको नामकरण

यो कथा संग्रह धार्मिक विषयवस्तुमा आधारित बालकथा संग्रह हो । श्रीकृष्णको श्रीमद्भागवत्गीताको कथामा आधारित यस कथा संग्रहभित्रका कथाहरूमा श्रीकृष्णले बाल्यावस्थामा देखाएका वा गरेका विभिन्न क्रिडा (खेलकुद) हरूमा आधारित भएकाले वा श्रीकृष्णले बाल्यवस्थामा देखाएका विभिन्न लीलासँग सम्बन्धित भएकाले यस कथा संग्रहको नाम 'श्रीकृष्णलीला' राखिएको हो ।

### ५.३.३ शीर्षक चयन

हिरण्यकुमारी पाठकको 'कृष्णलीला' कथा संग्रहमा जम्मा १७ वटा शीर्षकका कथा छन् जुन यसप्रकार छन्-

| | | | |
|---|---|---|---|
| १. | **भयङ्कर आकाशवाणी** | २. | **श्रीकृष्णको जन्म** |
| ३. | **श्रीकृष्ण गोकुलमा** | ४. | **पराक्रमी श्रीकृष्ण** |
| ५. | **रङ्गीचङ्गी बाल्यकाल** | ६. | **बकासुरको मृत्यु** |
| ७. | **अजिगारको मृत्यु** | ८. | **रासलीला** |
| ९. | **केही राक्षसको अन्त्य** | १०. | **कंसको मृत्यु** |
| ११. | **रुक्मणीसित बिहे** | १२. | **कल्पवृक्ष** |
| १३. | **राजसूय यज्ञ** | १४. | **द्रौपदीको स्तुति** |
| १५. | **सुदामासित भेट** | १६. | **श्रीकृष्ण युद्ध** |
| १७. | **अन्तिम यात्रा** | | |

यसरी शीर्षक विभाजन गरिएको कृष्णलीला बाल कथा संग्रह व्यासको महाभारत कथामा आधारित कथा संग्रह हो । अझ स्पष्ट भन्नुपर्दा यो धार्मिक र नैतिक कथा संग्रह हो । यो कथा संग्रहले हिरण्यकुमारी पाठकलाई नैतिकतासँग नजिक्याएको छ । खासगरी

विद्यालयका बालबालिकाहरूमा देखिएको विकृति र विसंगतिबाट दिक्क भएको मातृ हृदयले हिन्दू धर्म, हिन्दू संस्कृति, हिन्दू मान्यता, हिन्दू आस्था तथा नैतिकतालाई र संस्कारजन्य मानसिकतालाई समाजका पक्षहरूसँग आत्मसात् गर्दै यसरी केलाएर हेर्न सकिन्छ ।

### ५.३.४ सामाजिक पक्ष

प्रस्तुत कृष्णलीला बालकथा संग्रह श्रीकृष्ण भगवान्को मानवीयरूप धारणाको कथामा आधारित भएकाले मानिसका सामाजिक पक्षका व्यवहार, रीतिरिवाज, संस्कृति, चाडवाड आदिमा घुलमिल हुन पुगेको देखिन्छ । श्रीकृष्णलाई भगवान् माने पनि उनको जन्मदेखि भएका यावत् संस्कारहरूलाई यही समाजका मानिसको जस्तै तरिकाबाट यस कथामा पनि व्याख्या गरिएकाले यहाँ सामाजिक पक्षका केही अंशलाई केलाउन उपयुक्त देखिन्छ । जस्तो देवकीको विवाह, श्रीकृष्णको जन्म, कृष्णको न्वारन, यज्ञोपवीत संस्कार, गुरु आश्रममा गई विद्या आर्जन गर्नु, विवाह आदि जस्ता सामाजिक मर्यादाका नियमहरूलाई विधिपूर्वक ग्रहण गरिएको हुनाले यो बालकथा संग्रहमा मानिसले नियमहरूको कसरी पालन गर्नुपर्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । त्यसैगरी मानिसले मान्दै आएका सामाजिक रीतिरिवाज, संस्कृतिहरूलाई पनि कतै होली पर्व त कतै कार्तिक एकादशी, कतै शिवरात्रि, शरद् पूर्णिमा आदि र त्यसपछि तत्कालीन समाजमा रहेका आस्था, विचार एवं मान-मर्यादालाई पनि स्पष्ट रूपमा वर्णन गरिएको छ ।

हुन त श्रीकृष्णसँग यस्ता धार्मिक र सांस्कृतिक चाडपर्वको एकदम तादात्म्य सम्बन्ध भएकाले नै आजसम्म मानिसहरूले उनकै सम्झना स्वरूप मनाउने गरेका छन् । होली अर्थात् फागुपूर्णिमा र शरद् पूर्णिमा श्रीकृष्णले गोपिनीहरूसँग गर्ने रासलीलाको सधै चर्चा यथावत् रहिरहने कुराको छुट्टै आफ्नो स्थान सुरक्षित छ । यस्ता सामाजिक पर्वहरूका कुरालाई विस्तार गर्न यी पंक्तिले अझ स्पष्ट पार्न सक्छन्-

'शरद् पूर्णिमाको दिन श्रीकृष्णले वृन्दावनमा रासलीला गर्नुभयो' श्रीकृष्णले मुरली बजाउनुभयो । 'कार्तिक महिनाको एकादशीका दिन नन्दबाबा व्रत बसेर जाग्राम बस्नुभएको थियो । उहाँ विचरा तिनै उठेर यमुना नुहाउन जानुभयो ।'

'शिवरात्रिका दिन नन्दबाबा गोप, बलराम र श्रीकृष्णलाई लिएर अम्बिका वनमा जानुभयो । भगवान् शङ्कर र देवीको पूजा रातभरि भयो । सबै मन्दिरमा सुते ।'[111]

त्यसैगरी त्यसबेला पनि मानिसहरू अर्थात् व्रजका निवासीहरू दीपावली गर्थे र

१११. पूर्ववत् 'उत्तरहीन प्रश्नहरू' पृष्ठ १ ।
११२. पूर्ववत् 'ऊ' पृष्ठ ३ ।

पूजाआजा पनि विधिपूर्वक गर्थे । यज्ञ गर्थे, जुन कुरालाई यी पंक्तिले स्पष्ट पार्छन्-'व्रजमा दीपावलीको भोलिपल्ट इन्द्रको धुमधामले पूजा गर्ने चलन थियो । एकपल्ट श्रीकृष्णले इन्द्रको पूजा होइन बरू गोवर्धन पहाडको पूजा गर्नुपर्छ भनेर पर्वतको पूजा गराउनुभयो ।'[112]

भगवान् भएर पनि श्रीकृष्ण र बलरामले मानिसको रूपमा चरित्र देखाउनुभएकाले यहाँ मान्छेका कर्महरूलाई यसरी प्रस्तुत गरिएको छ-'यस्तै श्रीकृष्ण र बलरामको श्री वासुदेवले धुमधामका साथ यज्ञोपवीत संस्कार गराउनुभयो । त्यस अवसरमा व्रजका सबै आमन्त्रित थिए । माता रोहिणी, माता यशोदा र नन्दबाबा सबै आएर दुवै पुत्रलाई भिक्षा दान दिनुभयो ।'[113]

यसरी समाजमा विद्यमान अन्याय-अत्याचारलाई मास्नका लागि अर्थात् कंशको अत्याचारलाई निर्मूल पार्न नै श्रीकृष्ण भगवान्ले मानव चमत्कारी रूप लिएर यो पृथ्वीलाई पवित्र पारेको सत्यलाई  नै अत्यधिक चर्चा गरेर यो बालकथा संग्रहलाई रोचक, महत्त्वपूर्ण र ऐतिहासिक रूप दिन खोजिएको छ । हिरण्यकुमारी पाठकले यो कथालाई अझ रोचक वनाउन चित्रहरू समावेश गरेको देखिन्छ । धार्मिक कथामा आधारित भएर लेखिएको यो कथा संग्रहले मानिसको सामाजिक नियमहरूको पालना गर्नका लागि पनि त्यति प्रेरित गरेको देखिन्छ ।

**५.३.५. मनोवैज्ञानिक पक्ष**

यो धार्मिक बालकथा संग्रहलाई बालमनोविज्ञानका आधारमा विश्लेषण गर्न सकिन्छ । सानो बालक भएर गरेका त्यत्रा ठूला-ठूला कामहरूबाट आजका बालबालिकाहरूका लागि समेत मार्गदर्शनका रूपमा प्रेरित गर्न सकिन्छ । यो बालमनोविज्ञानमा केन्द्रित बालकथा संग्रह हो । यसबाट बालकहरूमा आत्मबल बढाउनुका साथै सत् विचार एवं सत् भावनाहरूलाई पनि कसरी एक-अर्कामा बाँड्न सकिन्छ भन्ने कुरालाई देखाउन सकिन्छ । श्रीकृष्ण सानो बालक भएर पनि मानिसले गर्न नसक्ने कामहरूलाई सहजै गरेको देखेर बालक हृदयमा एक किसिमको कौतूहलता र आदर्श स्थापित गराएर कृष्णजस्तै ज्ञानी बन्नुपर्छ भन्ने प्रेरणा जागृत गराउन सकिन्छ ।

महाभारत कथामा आधारित भएको यो बालकथा संग्रहमा भएका विभिन्न पौराणिक नामहरूलाई भन्ने जस्ताको तस्तै राखेर बाल मस्तिष्कलाई फराकिलो बनाउन खोजेको

---

११३ पूर्ववत् 'एउटा इच्छाको पोखरीमा' पृष्ठ ६० ।

देखिन्छ । जस्तो सुनेका नामहरू- कंश, पुतना, उग्रसेन, देवकी, वासुदेव, नन्दबाबा, रोहिणी, यशोदा, अंकुर, रुक्मिणी आदि नाम भन्दा बाहेकका अन्य राक्षसहरूको नाम जस्तो नल कुवेर, केशी, मणिग्रीव, बकासुर, अघासुर, व्योमासुर, धेनुका, प्रलम्ब, शङ्खचूड, अरिस्टासुर आदि नाम गरेका राक्षसहरूलाई सम्झन कठिन भए पनि तिनको प्रयोगले कथामा रोचकता अवश्य दिलाउने देखिन्छ ।

बाल्यावस्थामा भए पनि कृष्ण र बलरामले धेरै राक्षसहरूलाई सजिलै मृत्युको मुखमा पुऱ्याएको प्रसंगबाट पनि बालकहरूमा नयाँ किसिमको उत्सुकता एक-अर्को गर्दै पलाउने कुरा यो संग्रहको अध्ययनबाट देखिन्छ ।

सानो बालक भए पनि श्रीकृष्णले अनेक किसिमका बाललीलाहरू देखाएकाले पनि बालजिज्ञासा र कौतूहलता बढ्न सक्ने हुन्छ । जस्तै- यशोदा माताले श्रीकृष्णले अति दुःख दिँदा डोरीले बाँध्न खोज्दा जति लामो डोरी भए पनि दुई औंल छोटो हुनु, ओखलसमेत घिस्रिएर हिँड्नु, रुख ढल्नु र कुवेरका छोराहरूको उद्धार हुनु, अजिंगरको मुखलाई गुफा सम्झिएर गोप बालकहरूको उद्धार गर्नु, जंगलमा लागेको आगो निलिदिनु, कालीनागको शिरमा उफ्री-उफ्री बाँसुरी बजाउनु, गोवर्द्धन पर्वतलाई कान्छीऔंलाले उचालेर व्रजवासीहरूलाई छाताजस्तो ओढाउनु, केशी राक्षसको मुखमा हात राखेर मारिदिनु, कंसलाई समेत मार्नु आदिबाट पनि बालकहरूमा पूर्ण कौतूहलता उत्पन्न गराउने देखिन्छ ।

### ५.३.६ धार्मिक पक्ष

हिरण्यकुमारी पाठकले यो 'श्रीकृष्णलीला' बालकथा संग्रह धार्मिक आस्थाका कारणबाट पनि लेखेको देखिन्छ । उनी एक हिन्दू संस्कारमा जन्मी, हुर्की-बढेकी हुनाले र हिन्दू धर्मअनुसार भगवान् श्रीकृष्णलाई प्रमुख देवता अर्थात भगवान् विष्णुको अवतारमध्ये एक अवतार मानिन्छ । जब-जब पृथ्वीमा अन्याय-अत्याचारले सीमा नाघ्छ तब-तब भगवान् विष्णुको रूप यस धर्तीमा प्रकट हुने र त्यसलाई नाश गर्ने प्रचलनअनुरूप नै श्रीकृष्णले अत्याचारी कंसको संहारका साथै पाण्डवहरूलाई कौरवहरूको अन्यायबाट मुक्त गराउन समेत यस धर्तीमा अवतरण गर्नुभएको कुरालाई महाभारतको कथाले पृष्टि गरेको पाइन्छ । श्रीकृष्णको बाललीलादेखि जीवनको अन्तिम अवस्थासम्मको कथालाई संक्षेपमा रोचक तरिकाले प्रस्तुत गर्न सक्ने पाठकको खुबीलाई मान्नैपर्छ ।

धार्मिक दृष्टिकोणले श्रीकृष्ण अवतारलाई भगवान् र धर्मसँग सम्बन्धित मानिन्छ । उनी जन्मनासाथ कैद गरिएका पिता वासुदेवको हतकडी खोलिनु, बाढी आएको यमुना पाउको स्पर्शले शान्त हुनु, न्वारन नगरिएका बालक श्रीकृष्णले पुतना राक्षसी मार्नु, काली

नाग मार्नु, अजिंगर मार्नु, बकासुर मार्नु, ओखलसमेत हिँड्दा रूख-जरासमेत भाँचिएर कुवेरका दुई छोराको उद्धार हुनु, मुखभित्र ब्रह्माण्ड देखिनु, गोवर्द्धन पर्वतलाई कान्छीऔंलाले उठाएर छाता बनाइदिनु, केसी राक्षसको मुखभित्र हात घुसारेर मृत्युको मुखमा पुऱ्याउनु, बालक अवस्थामा नै बलवान् कंसलाई मार्नु, गुरुदक्षिणामा मरेका गुरुपुत्र ल्याइदिनु आदि साधारण मानिसले गर्न नसक्ने कामहरू गरेकाले नै भगवान्को शक्तिबाट गरेको भनेर श्रीकृष्णलाई भगवान्कै रूपबाट समस्त हिन्दू धर्मावलम्वीहरूले मान्दै आएको र त्यसैअनुरूप यो कथा संग्रहलाई धार्मिक आस्थाका रूपमा हेरिएको र पौराणिक बालकथा संग्रह भन्न उचित ठानिएको देखिन्छ ।

### ५.३.७ नैतिक पक्ष

हिरण्यकुमारी पाठकले श्रीकृष्णलीला बालकथा संग्रहको माध्यमबाट आजका बालबालिका तथा युवावर्गलाई समेत समाजमा नैतिक शिक्षाको राम्रो मार्गदर्शन दिन खोजेको देखिन्छ । आजका विसंगतिपूर्ण परिस्थिति र विकृतिपूर्ण बालबालिकाहरूको स्थितिलाई नैतिक चेतना दिन सफल भएको देखिन्छ । आकर्षक चित्रहरूसमेत समावेश गरेर श्रीकृष्णको जादुमय बाललीलाको वर्णनका साथै बालक र युवा भएर गर्नुपर्ने कर्तव्यहरू, परिवारप्रति र समाजप्रतिको उत्तरदायित्वलाई रोचक तरिकाद्वारा प्रस्तुत गर्न सफल भएको यो कथा संग्रहले समाजमा सकारात्मक भावना राख्न सफल भएको देखिन्छ । मानिसले जन्मेदेखि नमरुन्जेलसम्म गर्नुपर्ने हिन्दू संस्कार र काम-कर्तव्यहरूलाई कसरी पालना गर्नुपर्छ भन्ने कुराको उल्लेख यो कथा संग्रहमा उल्लेख गरिएको छ ।

एउटा परिवारमा छोराले गर्नुपर्ने कर्तव्यको पालना, एक मित्रले अर्को मित्रप्रति गरिने व्यवहार, मान्यजनप्रति गरिने कर्तव्य पालन र समाजप्रतिको उत्तरदायित्वलाई श्रीकृष्णको आदर्शबाट नै नैतिकताको पाठ सिक्नका लागि यो कथा संग्रह त्यत्तिकै उपयोगी सिद्ध भएको देखिन्छ ।

### ५.३.८. पात्रविधान

महाभारतमा आधारित ‘श्रीकृष्णलीला’ बालकथा संग्रहमा पौराणिक पात्रहरूको वर्णन गरिएको छ । त्यस्ता पौराणिक पात्रहरूमा श्रीकृष्ण, बलराम, अर्जुन, युधिष्ठिर, भीम, कर्ण, दुर्योधन, दुःशासन, कंस, पुतना, यशोदा, रुक्मिणी, रोहिणी आदि पर्छन् भने यीबाहेक अन्य नलकुवेर, प्रलम्व, अरिस्टासुर, बकासुर, व्योमासुर, प्रलम्ब आदि नाम गरिएका राक्षसहरूको नाम पनि उल्लेख गरिएको छ । यसैगरी पाण्डव र कौरवहरूको लडाइँको प्रसंगलाई पनि उल्लेख गर्दै पाण्डवहरूलाई सत् र आदर्श पात्रका रूपमा देखाइएको छ भने कौरवहरूलाई

असत् र चरित्रहीन पात्रका रूपमा देखाइएको छ । जे भए पनि यस कथा संग्रहमा मुख्य पात्रका रूपमा श्रीकृष्णलाई देखाएर श्रीकृष्णले बाल्यावस्थामा गरेका बाललीलाहरूको प्रसङ्ग उल्लेख गरिएको छ । श्रीकृष्ण बालक भए पनि उनमा अनेक किसिमका बाललीलाहरू देखाउन सक्ने क्षमता थियो । जस्तै- श्रीकृष्णले अति दुःख दिएपछि डोरीले बाँध्न खोज्दा जति लामो डोरी भए पनि दुई औंला छोटो हुनु, मुखभित्र ब्रह्माण्ड देखिनु, अंजिगरको मुखलाई गुफा सम्झिएका गोपबालकहरूको उद्धार गर्नु, जंगलमा लागेको आगो निलिदिनु, काली नागको शिरमा उफ्री-उफ्री बाँसुरी बजाउनु, गोवर्द्धन पर्वतलाई कान्छीऔंलाले उचालेर वज्रवासीहरूलाई छाता जस्तै ओढाउनु कंसलाई मार्नु, गुरुदक्षिणामा मरेका गुरुपुत्र ल्याइदिनु, केसी राक्षसको मुखमा हात राखेर मारिदिनु आदि बाललीलाहरू देखाएका छन् । यस्ता साधारण मानिसले गर्न नसक्ने अनौठा किसिमका काम भगवान्को शक्तिबाट गरेको भनेर श्रीकृष्णलाई भगवान्को रूपबाट समस्त हिन्दू धर्मावलम्वीहरूले मान्दै आएको कुरा उल्लेख छ । यसरी यस कथा संग्रहमा श्रीकृष्णलाई प्रमुख पात्र मानिएको छ भने अन्य पात्रहरू सहायक चरित्र र प्रसङ्गवश आएका छन् । यस कथा संग्रहका कथाहरूमा तृतीय पुरुषको प्रयोग गरिएको छ ।

### ५.३.९. परिवेश

यस कथा संग्रहमा हिरण्यकुमारी पाठकले पौराणिक समयको परिवेशलाई उल्लेख गरेकी छन् । धार्मिक तथा पौराणिक विषयवस्तुमा आधारित उक्त कथा संग्रहमा भारतलाई मुख्य थलो बनाएर त्यहाँका विभिन्न धार्मिक स्थलहरूको वर्णन गरिएको छ । त्यस्ता धार्मिक स्थलहरूमा भारतको मथुरा सहर, कुरु क्षेत्र, गंगा नदी, यमुना नदी, गोकुल, नन्द भवन, गोवर्द्धन पर्वत, अम्बिका वन, वृन्दावन आदि पर्छन् । त्यसका साथै त्यहाँको कारागार, जंगल आदिका बारेमा पनि वर्णन गरिएको छ । परिवेश चित्रणसम्बन्धी केही उदाहरणका नमुना यस्ता छन्-मथुरा सहरको परिवेशलाई झल्काउन निम्न अनुच्छेद लिइएको छ ।

'त्यसैगरी कंसको ससुरो जमाताले बदला लिन मथुरामा सत्र चोटी हमला गरेर प्रत्येक चोटी श्रीकृष्णले संहार गरिदिनुभयो । जब अठार चोटीमा कालयवनले हमला गरेको थियो भवनान् श्रीकृष्णले विश्वकर्मालाई समुद्रमा प्रकट गराएर एउटा द्वीपमा द्वारका नगरको निर्माण गराउनुभयो र मथुरावासीले थाहै नपाई सुतेको बेलामा द्वारकामा पुऱ्याइदिनुभयो । अनि कालयवनसँग युद्ध गर्न निःशस्त्र नै पैदल भाग्न लाग्नुभयो ।' (रुक्मिणी बिहे पेज नं. ३१)

कुरुक्षेत्रको परिवेशलाई झल्काउनका लागि पनि निम्न अनुच्छेदलाई लिइएको छ- 'जब श्रीकृष्ण फर्केर आउनुभयो अनि युद्धको तयारी सुरु भयो । कुरुक्षेत्रको मैदानमा दुवै

दलका सेनाहरू युद्ध गर्न उभिए । अर्जुनको रथ हाँक्ने भगवान् श्रीकृष्णले रथयुद्ध मैदानका बीचमा लैजानुभयो ।' (श्रीकृष्णयुद्ध पे.४४)

'एकचोटी कुरुक्षेत्रमा सूर्यग्रहण पर्दा व्रजबाट नन्दबाबा, गोप, गोपीहरू, मैया यशोदा सबै परिवारसँग भगवान् श्रीकृष्ण र बलरामको भेट भयो र यसै खुसीमा श्री वसुदेवले त्यहाँ एउटा यज्ञ गराउनुभयो ।'
(सुदामासित भेट पे.नं.४१)

त्यसैगरी यमुना नदीको परिवेशलाई झल्काउनका लागि निम्न अनुच्छेदलाई लिइएको छ- बाटामा यमुना नदीका किनारमा अक्रूरजीले रथ बोकेर बलराम र श्रीकृष्णसँग गङ्गामा जप गर्छु भनी आज्ञा लिए । जब अक्रूरजीले जलमा डुबुल्की लगाएपछि भित्र श्रीकृष्ण र बलरामलाई देखे अनि फेरि जलमा डुबुल्की लगाए, पानीभित्र भगवान् श्रीकृष्णले शेषनागमा विराजमान भएका विष्णुको अवतारको दर्शन अक्रूरजीलाई दिनुभयो । (केशी राक्षसको अन्त्य पे.न. २७)

यसरी यस कथा संग्रहमा भारतका विभिन्न धार्मिक स्थलहरूको परिवेशलाई उल्लेख गर्नुका साथै भारतका वन-जङ्गल र त्यहाँको कारागारलाई पनि उल्लेख गरिएको छ- 'कंसलाई मारेर श्रीकृष्ण र बलराम कंसले थुनामा राखेका आफ्ना आमा-बुवाको हतकडी खोल्नुभयो ।'

**५.३.१०. भाषाशैली**

हिरण्यकुमारी पाठकको कथासम्बन्धी शिल्पसचेतलाई यस संग्रहका कथाहरूले प्रस्टाइरहेका छन् । विधागत आकार, उपयुक्त भाषिक गठन, मीठो शैली, छोटो वाक्य गठन, कथानकले पाएको पूर्णता, रसिला वाक्यहरू, हृदयस्पर्शी भनाइ, कतै बिम्बात्मक र प्रतीकात्मक भनाइले कथाकारको शिल्प प्रविधिको दक्षतालाई प्रस्टाइरहेका छन् ।

पौराणिक सन्दर्भलाई कथाको रूप दिने क्रममा यस कथा संग्रहका कथामा कथाकार पाठकले सकेसम्म सरल र बालबालिकाले बुझ्न सक्ने भाषाको प्रयोग गरेकी छन् । संस्कृतका केही शब्दका प्रयोगका साथै त, पो जस्ता निपात प्रयोग भएका छन् । थरथर, क्याककुरुक, जऱ्याकजुरुक, कलकल, लटरम्म आदि अनुकरणात्मक शब्दको प्रयोग भएको छ । तत्सम, तद्भव शब्द प्रयोगका साथै कथ्य भाषाको पनि प्रयोग भएको छ । वर्णनात्मक शैलीमा रचिएका प्रस्तुत कथा संग्रहका कथाहरू सहज र सार्थक छन् । प्रस्तुत कथा संग्रहका कथाहरूलाई बढीभन्दा बढी सरल र सहज बनाउन खोजिएको छ ।

**५.३.११ उद्देश्य**

यस कथा संग्रहमा रहेका कथाका शीर्षकहरू बेग्लाबेग्लै ढाँचाका भए पनि ती सबैले बालपाठकका लागि मनोरञ्जन प्रदान गरेका छन् । यस कथा संग्रहमा जीवनमा जान्नुपर्ने, सिक्नुपर्ने, सुन्नुपर्ने र गर्नुपर्ने कुराहरूलाई कथाका रूपमा मनोरञ्जनात्मक तरिकाले प्रस्तुत गरिएको छ । देवी-देवता र राक्षस-राक्षसीहरूको असल र खराब प्रवृत्तिलाई यसभित्रका कथाले देखाएका छन् । हिन्दू धर्मप्रति समर्पित भएर सक्रियरूपले लागिपर्ने पाठकले यस संग्रहका कथामा हाम्रो धर्म, संस्कृति, पौराणिक कथा-पात्रको राम्ररी संयोजन गरेकी छन् । भगवान् श्रीकृष्ण हिन्दू धर्मका आदर्श हुनुहुन्छ । श्रीकृष्णको श्रीमद् भागवत् गीता संसारकै महत्त्वपूर्ण ग्रन्थ हो । भगवान् श्रीकृष्णका लीलाबारे सरल भाषामा बालबालिकाका लागि तयार पारिएको यस संग्रहको उद्देश्य सनातन धर्मप्रति बालबालिकाहरूको आस्था जगाई तिनलाई नैतिकता र आदर्शको बाटोमा लाग्न सक्ने बनाउनु देखिन्छ । जीवन कर्ममय छ, कर्म गरिरहनुपर्छ । जीवनमा सफलता-असफलता, प्राप्ति-अप्राप्ति भैरहन्छन् र अप्राप्ति पनि प्राप्तिकै निम्ति प्रेरणा हो । जसलाई लिएर जीवनपथमा लागिरहनुपर्छ भन्ने उनको दृष्टिकोण छ । श्रीकृष्ण साना बालक भएर पनि मानिसले गर्न नसक्ने कामहरूलाई सजिलै गराएको देखेर बालक हृदयमा एक किसिमको कौतूहलता उत्पन्न गराउनु र आदर्श स्थापित गराएर ठूलो नहुने, वीर नहुने तर कृष्णजस्तै ज्ञानी र असल बालक बन्नुपर्छ भन्ने कुराको प्रभाव बालकहरूमा पार्नु यस कथा संग्रहको उद्देश्य रहेको देखिन्छ ।

**निष्कर्ष**

प्रस्तुत बालकथा संग्रह पौराणिक कथामा आधारित भएर लेखिएको र यसलाई आफ्ना तर्कहरू बढी दिन खोजिएमा वा बढीभन्दा बढी विश्लेषण गर्न खोजिएमा पौराणिक कथाहरूमा समेत आँच आउने भएकाले नै सरसर्ती बालक र युवाहरूलाई पार्नसक्ने सामान्य प्रभावहरूको मात्र यहाँ विश्लेषण गरिएको छ । यसैगरी यो बालकथा संग्रह भए पनि श्रीकृष्णको युवावस्थाको छुट्टै महत्त्वपूर्ण कर्तव्यले पाठकहरूलाई समाजमा सत्मार्ग दर्शनको काम दिएको छ भने पाण्डव र कौरवहरूको लडाइँमा अन्यायमाथि न्यायको विजय हुन्छ भन्ने कुराले पनि समाजलाई नैतिक ज्ञान दिएको छ । राजा भएर गरिएका राम्रा नराम्रा कार्यहरू, एक पत्नी भएर गरिएको पतिव्रता, धर्मपत्नीहरू भएर पाण्डवहरूले आफ्नी स्त्रीको रक्षा र क्षणक्षणमा आदर्शको नमुना प्रस्तुत गर्न सम्नु जस्ता कुराहरु देखाउन यो कथा सफल भएको देखिन्छ ।

## ५.४. हिरण्यकुमारी पाठकको ‘अव्यक्त’ कविता तथा गीत संग्रहको विश्लेषण

### ५.४.१ लेखन तथा प्रकाशन

'अव्यक्त' कविता तथा गीत संग्रह हिरण्यकुमारी पाठकको पाँचौं प्रकाशित कृति हो । यो वाणी प्रकाशन विराटनगरबाट २०६० सालमा प्रकाशित भएको हो । यस संग्रहमा उनका कविता तथा गीतहरू समावेश गरी प्रकाशित गरिएकाले यो संग्रह कविता-गीत संग्रहको रूपमा परिचित छ । कविता खण्डमा उनका जम्मा ५० वटा कविता र गीत खण्डमा १२ वटा विभिन्न शीर्षकका गीत समावेश गरिएका छन् । जम्मा ६२ वटा शीर्षक भएको यस संग्रहका शीर्षकहरू यस प्रकार छन् :-

**५.४.२. कविता खण्डका शीर्षकहरू**

| | | | |
|---|---|---|---|
| १. | मेरो देश | २. | आफैलाई खोजी बसे |
| ३. | अठोट | ३. | वसन्त तिमी |
| ५. | ए मचान | ६. | साहित्य |
| ७. | एकछिन बिताऊँ | ८. | आतङ्क गीत |
| ९. | त्यो सल्केको ठुटो | १०. | आभास |
| ११. | आफूलाई नै भुलिसकेंछु | १२. | मेरो फूलबारीको फूल |
| १३. | मलाई पीडा भयो | १४. | देश |
| १५. | आमाको काख | १६. | आँसुका थोपा |
| १७. | आफ्नै परिवेश | १८. | 'वासु' तिम्रो सम्झनामा |
| १९. | कसरी सेवा गरूँ | २०. | प्रियतम आऊ |
| २१. | हाँसो ल्याउन परेको छ | २२. | सम्झना |
| २३. | पर्खाइ | २४. | एउटा रेखा कोरिदेऊ |
| २५. | सम्झनाभित्र लुकाउँछु | २६. | उनी एड्समा साटिइन् |
| २७. | मन | २८. | विवशता |
| २९. | जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा | | |
| ३०. | शान्ति र सिर्जना | ३१. | साथी |
| ३२. | क्याक्टस्मा बेरिएको जिन्दगी | ३३. | आस्थाहीन आवाजहरू |
| ३४. | शून्यमा अनुवाद | ३५. | तिम्रो कविता लेख्दा लेख्दै |
| ३६. | विनाशको ध्वनि | ३७. | दोसाँध |
| ३८. | बानी बसिसकेको छ | ३९. | कथा बोलिरहेछ |
| ४०. | भीडभित्र म | ४१. | बन्द कोठाभित्र |
| ४२. | आजको बोधिवृक्ष | ४३. | एउटा बन्द कोठा |

| | | | |
|---|---|---|---|
| ४४. | **सडक बोलिरहेछ** | ४५. | **मृत्युको आभास पाइरहेछु** |
| ४६. | **हालचाल नसोध साथी** | ४७. | **अव्यक्त** |
| ४८. | **बिजुली पानी** | ४९. | **देश नदुखोस् नेपाल नदुखोस्** |
| ५०. | **खै कोसँग कसको हिसाब मागूँ** | | |

**५.४.३. गीत खण्डका शीर्षकहरू**

| | | | |
|---|---|---|---|
| १. | **एक गीत** | २. | **जिन्दगी** |
| ३. | **मेरो मनले** | ४. | **आऊ जीवनका केही क्षण** |
| ५. | **तिमीसँग** | ६. | **व्यस्तता** |
| ७. | **हृदय** | ८. | **हावाको एकै लहरमा** |
| ९. | **अभागी** | १०. | **एकाकी जीवन** |
| ११. | **जीनका फूलहरू** | १२. | **मेटिएझैं** |

हिरण्यकुमारी पाठकको यस संग्रहमा संकलित कविता तथा गीतहरूमा पाठकभित्रको राष्ट्रप्रेम, नारी अस्तित्व, मानवीय संवेदना यत्र-तत्र कहीँ छरिएर र कहीँ समष्टिगतरूपमा उद्घाटित भएका छन् । लामो समयसम्म बैंकिङ क्षेत्रमा आफ्नो सेवा गरी प्रतिष्ठापित भएकी पाठकले आफ्नो साहित्यिक साधनालाई पनि समानान्तर दिशामा सक्रिय पार्नु उनको प्रतिभा र अनुभूतिको परिचायक मानिन्छ । पाठकले आफूलाई एक विधामा मात्र सीमित राख्न नचाहेर कविता र गीतमा पनि आफूलाई समावेश गराउनुको परिचय नै यो 'अव्यक्त' कविता तथा गीत संग्रहलाई लिन सकिन्छ । जसमा उनको मनभित्रको अन्तर्द्वन्द्व र समाजको यथास्थितिप्रति असन्तुष्टि, नारीहरूको अन्तर्वेदना, मातृत्व वेदना, प्रकृति प्रेम, देशप्रेम, गरिबी, अन्याय-अत्याचारप्रति व्यंग्य, सामाजिक कुरीति, कुसंस्कारप्रति व्यंग्य प्रस्तुत भएको पाइन्छ ।

हिरण्यकुमारी पाठकका आजसम्मका फुटकर कविता तथा गीतहरूलाई समावेश गरेर निस्केको यो 'अव्यक्त' कविता तथा गीतसंग्रहलाई उनको विधागत प्रतिभाका रूपमा हेर्न सकिन्छ । अध्यात्म क्षेत्रमा पनि आफुलाई समावेश गरेकी पाठकको यस संग्रहमा अध्यात्मचेतना पनि फाटफुट रूपमा शान्तिको कामनासँगै आएको छ ।

**५.४.४. विषयवस्तु**

हिरण्यकुमारी पाठकले आफ्नो जीवन भोगाइका क्रममा विभिन्न क्षेत्रहरूमा देखे वा भोगेका विभिन्न विषयलाई लिई आफ्ना कविता तथा गीतहरू रचना गरेकी छन् । उनले

आफ्ना कविताहरूमा मूलतः व्यक्ति, समाज, राष्ट्र, प्रकृति आदिलाई स्थान दिएको पाइन्छ । उनका कविता सामाजिक विषमता, दमन, शोषण, कुरीति, कुसंस्कारका विरुद्ध छन् र परिवर्तनका पक्षमा लेखिएका छन् । देशप्रेम अर्को उनको मुख्य विशेषता हो भने मानवतावादलाई पनि उनले आफ्ना कवितामा प्रस्तुत गरेकी छन् । हिरण्यकुमारी पाठकका यस संग्रहभित्रका कविताहरूमा तथा गीतहरूमा समेटिएका विभिन्न पक्षलाई संक्षिप्त रूपमा यसरी उल्लेख गरिएको छ ।

**क) स्वच्छन्दतावादी चिन्तन**

हिरण्यकुमारी पाठकको 'अव्यक्त' कविता गीत संग्रहका कविता तथा गीतहरूलाई हेर्दा स्वच्छन्दतावादी चिन्तन पनि पाइन्छ । उनका कविता र गीतहरूमा देवकोटा, माधवप्रसाद घिमिरे, सिद्धिचरण श्रेष्ठको जस्तो स्वच्छन्दतावादलाई भित्र्याउन हिरण्यकुमारी पाठकको शब्द शिल्पीलाई प्रशंसा गर्नैपर्छ । हुन पनि कविता र गीत भनेकै मनका भावनाहरूको मिश्रण हो । त्यसैले मनका भावना, अनेकौं सुख-दुःखको भोगाइ पनि हो, सुखमा रमाइलो अनुभवको कल्पना हुन्छ भने दुःखमा पीडा भएको पाइन्छ । स्वच्छन्दतामा रमाउन पनि त कविलाई अधिकार छ । यही अधिकारमा डुबेर उनी भन्छिन्-

'मेरो मनको कल्पनामा बिलाउने
मेरो मनको उचाइमा आकासिने
मेरो मनले बोलाइरहेछ एउटा साथी'

(मेरो मनले)

त्यसैगरी श्रृंगार मिसिएर आएको स्वच्छन्दतावादी गीतहरू खोज्न पनि उनकै गीतलाई अघि सार्न सकिन्छ-

'अनायासै यी आँखाहरू जुधे अनि झुके
सास छातीमा अल्झेर ढुकढुकीमा पुगे
यौवनको पनि एउटा हुर्कने उमेर हुन्छ'

(मेरो मनले)

यौवनको पनि आत्मसमर्पण गर्ने एउटा बेला हुन्छ भनिन्छ । कविको कल्पना प्रकृतिसँग मेल खाएको हुन्छ । प्रकृतिबिना मानिस अधूरो बनेको हुन्छ भने कवि त कसरी प्रकृतिबाट अलग हुनसक्छ । त्यसैगरी हिरण्यकुमारी पाठकका कविता र गीतमा पनि जताततै प्रकृति प्रेमको स्वाद चाख्न पाइन्छ । उनी प्रकृतिमा रमेर आफ्नो पीडालाई भुल्छिन् र वसन्तको आगमनले मन प्रफुल्लित पार्छिन्-

'वसन्त तिमी फेरि आयौ

पात-पातमा हरियाली बोक्दै'

(वसन्त तिमी)

सहरी कोलाहलमा एकक्षण मुक्त भई प्रकृतिको सौन्दर्यमा हराएर आफ्ना मनको विश्रान्ति पाउन अनि खुसीलाई गुम्साउन नसकी कवितामा नै उनी यसरी छताछुल्ल पोखिन्छन्-

'प्रकृतिको आनन्दमा विलीन हुनु

छैन यहाँ कुनै सहरिया सर्प र बिच्छीको डर

छैन यहाँ हतार-हतारको दौड

त्यसैले केही क्षण विश्राम गर्न त देऊ'

(म मचान)

यसैगरी हृदय कसैको वशमा परेको उनी चाहन्नन्, हृदय त आफ्नो हुन्छ, यसमा कसैको अधिकार हुँदैन । त्यसैले पाठक हृदयमा आफूखुसी प्रकृतिसँगै हराउन खोज्छिन्-

'एकाकी हृदयले एक साँझ

बादलभित्र चियाएर हेर्न खोज्यो

हृदयका व्यथाहरूलाई फेला पार्न खोज्यो

आकासिँदै जति माथि गए पनि'

(आफ्नै परिवेश)

फेरि प्रकृतिसँग रम्दारम्दै उनी कसैको सम्झना गर्न पुग्छिन् । आफ्नो मनको भावनालाई उनी प्रकृतिमा यसरी पोख्छिन्-

'आजको दिन मेरो मनमा

अनौठो भावना संचार भइरहेछ

केही रिसाएकोलाई मनाउन मन लागिरहेछ

डाँडा-काँडा बाँसुरी बजेझै लागिरहेछ

लेक-बस्तीमा नयाँ फूल फक्रिएझैं लागिरहेछ'

(सम्झना)

यसरी हिरण्यकुमारी पाठकका यस कविता गीत संग्रहमा स्वच्छन्दतावादमा प्रकृति प्रेमको पनि समागम भएको देखिन्छ । त्यसैले उनको यो संग्रह उत्कृष्ट बन्न पुगेको छ ।

**ख) वासना र प्रेमप्रसङ्ग**

हिरण्यकुमारी पाठकका कविता तथा गीतहरूमा वासना र प्रेमप्रसङ्गका कुराहरू पनि छचल्किरहेको पाइन्छ । हिरण्यकुमारी पाठकले आफ्ना कविता तथा चाहनालाई रोचक ढंगले प्रस्तुत गर्न सक्ने क्षमता देखाएकी छन् । जसको उदहारणस्वरूप यी पंक्तिलाई हेर्न सकिन्छ । जहाँ प्रेम प्रसङ्ग जताततै छताछुल्ल भएको देख्न सकिन्छ-

'रसमय दुई अधरबीच
अमृत रसमा डुब्न देऊ
बेसुध भई आलिङ्गनमा
ढुकढुकी सुन्न देऊ
प्रियतम आऊ
प्रियतमको एउटा नयाँ इतिहास रचाऊ'

(प्रियतम आऊ)

यसरी पाठकका प्रस्तुत संग्रहमा स्वच्छन्दतावादका साथै प्रेम प्रसङ्गहरूलाई मनको कल्पनासँगै कोर्न पुगेर कविता र गीत बनाई मीठो ढङ्गले रसपान गराउन सफल भएको देखिन्छ । हावाको लहरमा पनि उनी कसैको सम्झनाको यादमा मख्ख पर्छिन् । शरीरका प्रत्येक अङ्गहरू कसैमा समर्पित गरेको सम्झनामा रोमाञ्चित बन्न पुग्छिन् र यसो भन्छिन्-

'शरीर कसरी कसरी रोमाञ्चित भयो
मनको ढुकढुकी बढ्दै-बढ्दै गयो
ती सबै एकै पलमा के कस्तो भयो
हावाको.........'

(हावाको एकै लहरमा)

त्यस्तै उनको शरीरको कम्पनको अनुभूतिमा बुनिएका चञ्चल मनका ध्वनिहरू अटाई-नअटाई कवितामा छरिएका छन् । प्रेममय कल्पनालाई कसैको आभासमा उनी त्यागी बन्छिन्-

'आकाशमा चन्द्रमा हाँसिरहेछ
आलिङ्गनमा कोही आउन लागिरहेछ
निस्तब्धता चारैतिर बढिरहेछ'

त्यसैगरी आफ्नो  मन मिल्ने मान्छेसँग उनी सबै कुरा बिर्सेर हातमा हात मिलाउन चाहन्छिन् । उनको त्यो मिलनमा सायद आकाश, धर्ती, चाँदनी र चाँदले समेत कतै स्वीकारोक्ति दिएको कुरा यसरी व्यक्त गर्दैछिन्-

'आऊ एकछिन बसूँ हातमा हात राखी
आऊ एकपल बिलाऊँ हृदयसँग मिलाई
आकाशमा चाँदनी छरिएको
मानौं हृदय एक हुने संकेत छँदैछ'

(एकछिन बिताऊ)

यसरी हिरण्यकुमारी पाठकका यस कविता गीत संग्रहमा प्रेम र वासनाको पनि कतै-कतै रमाइलो ढङ्गबाट प्रस्तुति भएकाले नै यो संग्रह रसमय बन्न पुगेको देखिन्छ ।

**ग) शान्तिको अभिव्यक्ति**

आजको भयावह स्थिति देखेर कवि तथा गीतकार हिरण्यकुमारी पाठक शान्तिको कामना गर्छिन् । विद्यमान हत्या, हिंसा र आतंकको विरोधमा शान्तिको कामना गर्दै आफ्ना कवितामा यसरी शान्तिको उद्घोष गरेकी छन्-

'देशमा रगतको खोला बगाएर हैन
प्रत्येक घर-घरमा शन्तिको बिगुल
बजाउनुपरेको छ'

(हाँसो ल्याउनुपरेको छ)

त्यसैगरी बुद्धको देशमा भएको हत्या-हिंसाले उनको हृदयलाई छिया-छिया पारेको छ । अन्धकारमा सबै हराएका छन् भने सबैलाई दियो बालेर अलौकिक ज्योतिको कामना गरी शान्ति सिर्जना गर्न प्रेरित गर्छिन्-

'यही दियोको अलौकिक ज्योतिले
सिर्जना गरोस् बुद्धका असंख्य
शान्तिका आँखाहरू'

(शान्ति र सिर्जना)

यसैगरी प्रत्येक पल उनी शान्तिको कामनामा सबैलाई गुहार्छिन् । सबैमा विश्वास जगाउन र युगौंयुग शान्तिका लागि जन्मिरहने वाचा गर्छिन्-

'त्यही शान्ति र सिर्जनाका लागि
त्यही आशा र विश्वासका लागि
म युग युगसम्म जन्मिरहन्छु
शताब्दी-शताब्दीसम्म उठिरहन्छु'

(शान्ति र सिर्जना)

हो साँच्ची नै हिरण्यकुमारी पाठकले सधैं युद्ध र झगडा होइन अब शान्तिको कामना गरौं भन्ने कुरा आफ्नो यस संग्रहमा व्यक्त गरेकी छन् ।

**घ) सामाजिक असन्तोष**

कवि तथा गीतकार हिरण्यकुमारी पाठकका कविता र गीतमा मनका यथास्थितिप्रतिको विद्रोहात्मक स्वर पनि जताततै उर्लिरहेको पाइन्छ । उनको प्रयास व्यर्थ बनेको र चारैतिर अन्धकार भएको पीडा यसरी पोख्छिन्-

'कोसिसका सबै मुहान बन्द भैसके
मेहनत र परिश्रमहरू शिथिल भैसके'

(आफैलाई खोजी बसे)

चारैतिरको विनाश र संहारले गर्दा लाग्छ उनको कानको सुन्ने शक्ति नै हराइसक्यो, लेख्न खोज्ने कलम बन्द भइसक्यो, जताततै तोपको आवाजले मुटु र मस्तिष्क शून्य भएकोमा उनी  आफ्ना शब्दहरू यसरी व्यक्त गर्छिन्-

'लाग्छ सुन्न सक्तैनन् यी कानहरूले
अब आतंकको गीत
संहारको गीत
र विनाशको गीत'

(आतंक गीत)

यहाँ मानिस-मानिसको वैमनस्य देखेर पाठकलाई अति दुःख लागेको छ । मानिसको भावना र विचारले नै अब त वातावरण समेत दूषित बन्न पुगेको छ र त्यो पीडाले उनको निद्रा हराएको छ । एकले अर्कालाई नचिनेको देखेर, आफ्नै भाइ-भाइ मरेको देखेर दुःखी हुँदै यसो भन्छिन्-

'नेपालीले नेपालीमाथि नै प्रहार गरेको देखेर
एक भाइले अर्को भाइलाई मारेको देखेर'

(मलाई पीडा भयो)

कतै उनी आफूलाई सडकझैं मौन राखेर भएका सबै अन्याय, रोदन, अट्टहास र भयानक वीभत्स दृश्य हेरिरहन्छिन् । बोलु कोसँग बोलूँ, भनूँ कोसँग भनूँ, यहाँ सबै छातीभरि आगो सल्काएर मौन छन् । त्यसैले उनको कलम यसरी बोल्छ-

'निर्दोष मानिसको अत्याचार
कलिलो मुनाको मृत्यु

मानवमाथिको मानवको

शोषण हेर्दा-हेर्दै

सडक बोलिरहेछ

सडक मौन भई बोलिरहेछ'

(सडक बोलिरहेछ)

यसरी सम्पूर्ण समाजको यथास्थितिमाथि कवि पाठकको विद्रोही स्वर गुन्जिएर मनभित्रको असंख्य पीडालाई कविता बनाएपछि केही हलुको भएको देखिन्छ ।

आजका युवाहरू कुलतमा लागेर आफ्नै जीवनसँग शत्रु भएको चुरोटको धूवाँमा आफूलाई बिर्सिएको कुराले पाठकको मन पोल्छ र छटपटी भएर आफ्नो विद्रोह यसरी लेख्छिन्-

'तिनलाई आफू सल्केको होसै छैन

अरूलाई जीवन दिँदै आफू खरानी भएको'

(त्यो सल्केको ठुटो)

त्यसैगरी आजका नवयुवकहरू आफूलाई स्न्याक्सको नसामा भुलेर आफ्नो सुन्दर जिन्दगीलाई नर्कमा धकेलेर यसै दुनियाँमा नष्ट हुन चाहनेहरूको दशा देखेर फेरि विद्रोह गर्छिन्-

'स्न्याक्स र हिरोइनमा नराम्ररी डुबिसकेको छु

यसैमा आफूलाई नै भुलिसकेको छु'

(आफूलाई नै भुलिसकेको छु)

अनि एकै मानवले अर्को मानवलाई र एकै आमाका सन्तानहरू आपसमा शत्रुता कायम गर्दै विनाशको बाटो लिएको र बम-बारुदले एकै क्षणमा तहस-नहस गरेको देखेर, सुनेर उनको मनको विद्रोह यसरी उर्लिन्छ-

'अमानवीय घटना घटाउने मानिसबारे

एक आत्माले अर्को आत्माको नाश गर्नेबारे'

(आतंक गीत)

जताततै अशान्ति, आत्मसन्तोषको सास फेर्न नसकेर कहालिँदै आफ्नो एकाकी हृदयले भोग्ने व्यथालाई छाम्न खोज्दा पनि शान्ति नपाएपछि शान्तिका लागि उठेको हृदयको आवाज यसरी उजागर भएको छ-

'हृदयले खोजेको मूल रस पाइन

भारी हृदयमा शान्तिको कुनै लहर पाइन'

(आफ्नै परिवेश)

कतै शान्तिका लागि आह्वान गरेकी छन् भने कतै आफ्नो हृदयको वेदनालाई कसैले नबुझिदिएकोमा आफूलाई नै दोषी मान्छिन् । त्यो कसैको विछोडले होस् वा हृदयको वेदनाले-

'हृदयको वेदना देखाएर हैन

सहेरै बस्नुपर्दछ

तिम्रो विछोड रोएर हैन

हाँसेर पिउनुपर्दछ ।'

(अभागी)

यसरी पाठकले कविता एवं गीतमा विद्रोहको स्वर पनि गुञ्जाएर यो संग्रहलाई बढी उत्कृष्ट बनाउन सफल भएको देखिन्छ ।

**ङ) नारी वेदनाको अभिव्यक्ति**

हिरण्यकुमारी पाठकलाई विशेषतः नारी चेतनामूलक भावनाकी प्रतिमूर्तिका रूपमा देख्न सकिन्छ । उनका कथाहरू नारी समस्याको सेरोफेरोमा छन् । उनका कथाहरूमा जस्तै कवितामा पनि नारी वेदनाका स्वरहरू यत्रतत्र रहेको पाइन्छ । उनी चारैतिर नारी वेदनाको स्वर यथार्थ रूपमा प्रस्तुत गर्न सफल छिन् । उनका कवितामा कतै मातृवात्सल्यले आफ्नो ठाउँ जमाएको छ भने कतै आमाको काख र कल्पनाले आफ्नो दुःख भुल्न सकिने कुरा पाइन्छ । त्यसैले उनी भन्छिन्-

'गुन्द्रुक र ढिंडोको सहारामा बाँच्न

आएँ आफ्नै आमाको काखमा'

(आमाको काख)

त्यसैगरी पीडित नारीको आँसुको थोपाले भित्रभित्रै पोल्छ, आफ्ना सन्तानको विछोडले अनि कसैबाट बलात्कृत भई विवश भएकी नारीको आँसुलाई उनी यसरी व्यक्त गर्छिन्-

'काख रित्तिएकी आमाका आँसुका थोपा

विवशतामा कसैका बेडरुममा खसेका आँसुका थोपा'

(आँसुका थोपा)

नारीकै कुरा गर्दा उनी नारीले सधै पाइरहेको शोषणको पन्जाबाट अब मुक्त हुनुपर्छ

भनेर एउटा स्वतन्त्रताको अपेक्षा उनका कविताले राखेको छ । नारीलाई सधैं अबलाको संज्ञा दिने होइन वीराङ्गना बन्नुपर्छ र बनाइनुपर्छ । अब युगले कोल्टो फेरेको छ भन्दै स्वतन्त्रताको शंखघोष गर्छिन्-

'स्वतन्त्रताको आडम्बरमा आफ्नो
अस्तित्व नै गुमाइरहन्छे
वीराङ्गनाको पदवीमा
आफूलाई कापर बनाइरहन्छे'

(अठोट)

आफ्ना देशका चेलीहरू विदेशमा बेचिन्छन् र तिनीहरू प्राणघातक रोगको सिकार बनेर फर्केपछि यता न उता भएर मृत्युसँग संघर्ष गरेको पीडाबोधले पाठकलाई असह्य हुन्छ अनि कलमले आफ्ना वेदना कवितामा यसरी पोख्छिन्-

'विरानो भयो आफ्नै माइती नेपालसमेत
जसले उनलाई एड्समा साटिन पठाएको थियो ।'

(उनी एड्समा साटिइन्)

स्वार्थको भुमरीमा रूमलिएर आफ्नै कोखबाट जन्मेका आफ्ना सन्तानमाथि पनि छोरा र छोरी भनेर भेदभाव गरेका छन् । आफ्ना घरका अरू इच्छा पूरा गर्न आफ्नै छोरीलाई अरूको हातमा पैसा साट्दैछन् । यस्तो विडम्बना हेर्न पाठक सक्दिनन् र भन्छिन्-

'सबै अभावको पूर्ति गर्न
आफ्ना चेलीबेटीलाई साट्दैछन् ।'

(उनी एड्समा साट्इिन्)

यसरी हिरण्यकुमारी पाठक हरपल नारीकै विषयमा चिन्तित देखिन्छिन् र उनीहरूको चेतना र मुक्तिका लागि आफ्नो कलम सधैं सजग बनाउन चाहन्छिन् ।

### च) देशप्रेमको भावना

हिरण्यकुमारी पाठकको यो कविता संग्रहका गीत-कविताहरूमा देशप्रेमको भावना पनि पाइन्छ । उनले राष्ट्रले वर्तमानमा भोगेका पीडालाई आफ्ना कविता र गीतहरूमा व्यक्त गरेर आफ्नो मनको व्यथालाई पनि शान्त पार्न खोजेकी छन् । राष्ट्रको चित्कारलाई एक सफल कविले मात्र बुझ्न सक्छ भन्ने कुरा उनको यो पंक्तिबाट स्पष्ट हुन्छ-

'देशमा रगतको खोला बगाएर होइन

प्रत्येक घर-घरमा शान्तिको बिगुल बजाउनुपरेको छ ।'

देशप्रेमलाई कतै पनि भुलेकी छैनन् । आफ्नो जन्मभूमिलाई माया गर्नेमा पाठक पनि अग्रपंक्तिमै पर्छिन् । उनका कविताहरूमा कतै न कतै देशप्रेमको चुरो भेटिन्छ । आफ्नो देश विकासको गतिमा हिँड्दा पटक-पटक ठेस लागेर बीचैमा रोकिएको हो कि भन्दै उनी देशलाई फुलाउन सबैलाई आह्वान गर्छिन् ।

'भर्खर-भर्खर फुल्न लागेको रूखजस्तो छ मेरो देश

भर्खर-भर्खर बाढीले छाडेर किनारा लागेजस्तो छ मेरो देश ।'

(मेरो देश)

देशमा भएका हत्या-हिंसाले गर्दा भएको अशान्तिले देशलाई दुखेको छ । हाम्रो गौरवका प्रतीक चन्द्र-सूर्य झण्डा आज लज्जित बनेको आभास गर्दै आफू नेपाली हुनुमा हामीले कुनै अपसोच गर्नु नपरोस् । हामी गोर्खालीका सन्तान विश्वमा कीर्ति राख्न आफू सफल भएकाले सबैलाई प्रेरित गर्दै उनी भन्छिन्-

'रगतले मुछिएको चन्द्र-सूर्य झण्डा

लज्जित भई शिर निहुराएका छन्

वीर नेपालीको काँधमा

मातृभूमिको रक्षा गर्न'

(देश नदुखोस्, नेपाल नदुखोस्)

आफ्नो देशमा बितेको घटनाले उनी व्याकुल बनेकी छन् । हराभरा देश थियो त भताभुङ्ग भएको छ भनी अरूलाई वा साथीहरूलाई कसरी सम्झाउनु, उनी विरक्तमा छन् । त्यसैले आफ्नो देशप्रतिको पीडाबोधलाई कवि हृदयले दुखेसो यसरी पोख्छिन्-

'देशको इतिहास नै फेरिएको छ

राष्ट्रको संस्कृति नै बदलिएको छ

नसोध यो भुइँचालोको कुरा साथी '

(हालचाल नसोध साथी)

आखिर सबै नेपाल आमाका सन्तान हुन् । खै तिनीहरूको हिसाब कहाँ कोसँग माग्ने भनेर उनी आकुल-व्याकुल छिन्-

'खै कस-कसको हिसाब मागूँ

कोसँग माँगूँ

रक्तरञ्जित भूमिसँग........ ।'

(खै कोसँग कसको हिसाब मागूँ)

आफ्नो परिवारमा अभिभावक भएजस्तै देशका लागि पनि उनी सक्षम अभिभावकको अभिलाषा राख्छिन् ।

यसरी कवि तथा गीतकारका रूपमा आफ्ना कवितामा पाठकले अन्य विषयलाई जस्तै देशप्रेमलाई पनि प्रशस्त ठाउँ दिएकी छन् । जन्मेको देशलाई परेको आपत्मा को चुप लागेर बस्नसक्छ ? सच्चा नेपालीकी छोरी भएर पाठकले आफ्नो कलम कवितामा सशक्त र सफल ढङ्गले चलाएकी छन् ।

**छ) जीवनदृष्टि**

हिरण्यकुमारी पाठकको कवितामा जीवनलाई हेर्ने आफ्नै दृष्टिकोण छ र उनको कवि हृदयले जीवनलाई नजिकबाट कसरी नियालेको छ त भन्ने कुरालाई कविताद्वारा नै व्यक्त गर्छिन् । जीवनलाई खोज्ने क्रममा जीवनका कोसिसहरूसँग हार खाएझैं चारैतिर अन्धकार देख्दै उनी भन्छिन्-

'अन्धकारमा यत्र-तत्र आफूलाई खोजी बसें
त्यो अन्धकार म भित्र छ
त्यो अन्धकार आफूभित्र छ'

(आफैलाई खोजी बसें)

कविले जीवनलाई दुःख-सुखको दोसाँधमा घुमिरहने चक्रजस्तै ठान्छिन् अनि जीवनलाई संघर्षसँग आत्मसात् गर्दै पाठक आफ्ना कवितामा जीवनलाई यसरी नियाल्छिन् -

'संघर्षभित्र घुमिरहेछ प्रतिक्षण
प्रकृतिको शाश्वत नियम यही हो
आत्मसात् गरिरहनु जीवन हो'

(दोसाँध)

यो जिन्दगीको परिभाषा पनि अचम्मको छ, यसलाई कसैले के भन्छन् भने कसैले के ? त्यस्तै परिभाषा गर्नेहरूमा कवि पाठकले यो जिन्दगीलाई कहिले झुसे काँडाझैं जताततै चिलाउने ठानेकी छन् भने कहिले क्याक्टस काँडाजस्तै जिन्दगीको परिभाषा गरेकी छन्-

'घुमेको र बेरिएको
काँडैकाँडाझैं छ यो जिन्दगी
हारैहारमा अल्झेको छ यो जिन्दगी'

(क्याक्टसमा बेरिएको जिन्दगी)

अर्कोतिर जिन्दगीलाई मनको भावनासँग रमाइलो र प्रफुल्ल बनाउन सकिने कुरा गर्छिन् भने मन छटपटिएको बेला जीवनलाई उनी निराश भएको मानिन्छन् र प्रत्येक मनको क्रियाकलापसँग जिन्दगी यसरी गाँस्न पुग्छिन्-

'मनले मनलाई आत्मविश्वासको बाटोमा डोऱ्याउनुपर्छ
मनसँगै सम्पूर्ण जिन्दगी गाँसिएको हुनुपर्छ'

(मन)

जिन्दगीलाई मृत्युसँग तुलना गर्दा पनि उनी मनको विचलनलाई नै आत्मसात् गर्न पुग्छिन् । अनि यसो भनेर आफूलाई मृत्युको अघिल्तिर पाएको महसुस गर्छिन् । हुन पनि मृत्यु ध्रुव सत्य हो, यो शाश्वत छ । उनको कवि हृदयले मृत्युको आभास यसरी गर्न पुगेको छ-

'चारैतिर धुम्मिएको बादलभित्रभित्रै
म मृत्युको गन्धमात्रै फेला पार्छु'

(मृत्युको आभास पाइरहेछु)

यसरी हिरण्यकुमारी पाठकले आफ्नो कविता तथा गीतमा जीवनलाई हेर्ने दृष्टिकोण यहाँ आफ्नै ढङ्गले प्रस्तुत गर्दै पाठकलाई उनको कवितात्मक जीवन दृष्टिकोण केही परिचय गर्ने मौका यस संग्रहमा दिएकी छन् ।

## ज) वर्तमानप्रति असन्तुष्टि

हिरण्यकुमारी पाठकको हृदय वर्तमान स्थितिदेखि विरक्त भएको कुरा उनको यो संग्रहमा भेटिन्छ । कविता र गीतका रूपमा यहाँ आजका मान्छेलाई गरेको व्यवहारबाट व्याकुल बन्दै युगले विकास गरे पनि मानव हृदय भने अविकसित नै छ, त्यसैले उनी यसो भन्छिन्-

'यति मात्र थाहा छ
विकासका सबै साधन भए पनि
त्यहाँ मानिस, मानिस छैनन्
ममता प्यार छैन'

(आमाको काख)

आफ्नो देशको हालखवर बताउने क्रममा पनि उनी दिक्दार बनेकी छन् । यत्रो मानिस

मानिसको भीडमा निस्सासिएको मान्छे एक मान्छेले अर्को मान्छेलाई हालखवर सोध्ने र सद्भाव राख्ने कोही छैन, यहाँ मान्छेको भीडमा मान्छे हराइसके, मानिस मानिस नभएर मेसिन भएको देखेर उनी भन्छिन्-

'सहयोग र पारस्परिक सद्भाव छैन
जिन्दगी खाली मेसिनजस्तो छ'

(आमाको काख)

यहाँ मान्छे कोही छैन, सब मान्छेमा मानवताको मृत्यु भइसक्यो, हालखबर सोध्ने कोही नभएर सच्चा मान्छेको हृदय नै घायल भइसकेको छ । उकुसमुकुसले यो महानगरीमा आफ्नो भन्ने कोही नपाएको सत्यता यसरी देखाएकी छन्-

'मान्छेहरूको मृत्यु भइसकेको देखें
यन्त्रहरू मान्छेमा साटिएको देखें
अनि निस्सासिँदै अत्तालिँदै भागें म'

(आमाको काख)

कसैको यहाँ महलमा बास छ कसैको भने ओत नै छैन । यस्तो मानिसको अमानवीय व्यवहारले उनमा छटपटी यसरी व्यक्त भएको छ ।

'छटपटाइले मन पोल्न थाल्यो
धिक्कार रहेछ यो मानवलाई
धिक्कार छ विवशतामा
अल्झेको यो मानवीय जीवनलाई'

(विवशता)

यहाँ सब मौन छन् । मान्छेले मान्छेमाथि शोषणलाई यही मान्छेले सहन सक्छ । अनि यही मान्छेको संगत परेको सडकले त अझ आफू माथि भएको अन्याय-अत्याचारलाई समेत मौन भएर सहेको छ, तर सडकको यो मौनता कवि हृदयले बुझेको छ, मानवताको अर्थ पनि कविले मात्र बुझी यसो भनिएको छ-

'मानवमाथि मानवको
शोषण हेर्दा-हेर्दै
सडक बोलिरहेछ
सडक मौन भई बोलिरहेछ'

(सडक बोलिरहेछ)

आफ्नैको हत्या-हिंसाबाट आक्रान्त मानव हृदयको पीडाबाट कहिले व्याकुल हुन्छिन् भने कहिले नसोचेको भुइँचालोले एकै रातमा सारा मानवताको नाश भएको देखेर उनी आफ्नो मनको बह यसरी पोख्छिन्-

'मान्छेको मन मस्तिष्कवाट
सारा मूल्य र मान्यता नै हराएको छ ।'

(हालचाल नसोध साथी)

यसरी विविध विधामा आफ्नो कलम चलाउने कथाकार हिरण्यकुमारी पाठकलाई यो संग्रहले एक सफल कवि तथा गीतकारका रूपमा स्थापित गरेको छ । आफ्ना मनका भावनाहरू, जीवनका भोगाइहरूलाई साहित्यकारले जुनसुकै रूपबाट पनि व्यक्त गर्दछन् भन्ने कुराको पुष्टि उनको यो 'अव्यक्त' कविता गीत संग्रहबाट हुन जाने देखिन्छ-

### ५.४.५. भाषाशैली

हिरण्यकुमारी पाठकको उपयुक्त कविता तथा गीत संग्रका कविताहरू गद्य शैलीमा छन् । नेपाली कविताका क्षेत्रमा गोपालप्रसाद रिमालबाट प्रारम्भ भएको गद्य शैलीलाई अँगालेर पाठकले आफ्ना कविता तथा गीतहरूमा सरल शब्दहरूको प्रयोग गरेको देखिन्छ । उनका कविता तथा गीतहरूमा कठोर, व्यथा, मस्तिष्क, दिव्य, सुवास, विश्व मानव, भण्डार, गृह, सुधा, निशा, उषा, उपदेश, सुकोमल आदि सरल तत्सम शब्दहरू पहाड, फूल, दूध, मीठो, असार, साउन, पूरा, कपडा आदि तद्भव शब्दहरू पसल, मालिक, मौसम, हाकिम, हिम्मत, हिसाब, गुलाब, जिन्दगी, पैसा, दरबार आदि विभिन्न स्रोतका आगन्तुक शब्दहरू प्रयोग भएका छन् । पाठकको यस कविता तथा गीत संग्रहमा अन्तर अनुप्रास र अन्त्यानुप्रासको उपयुक्त संयोजन गरिनुका साथै बिम्ब र प्रतीकको कलात्मक संयोजन गरिएको छ । यो कविता तथा गीत संग्रह प्रथम र तृतीय पुरुषको कथन ढाँचामा संरचित छ । यसमा  धेरैजसो संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

### ५.४.६ उद्देश्य

हिरण्यकुमारी पाठकले 'अव्यक्त' कविता तथा गीत संग्रह लेख्नुको उद्देश्य आफूलाई एक विधामा मात्र सीमित राख्न नचाहेर साहित्यका कविता र गीत विधामा पनि परिचय गराउनु रहेको पाइन्छ । जसमा उनको मन भित्रको अन्तर्द्वन्द्व र समाजको यथास्थितिप्रति असन्तुष्टि, नारीहरूको अन्तर्वेदना, मातृत्व वेदना, प्रकृति प्रेम, देश प्रेम, गरिबी, अन्याय, अत्याचारप्रति व्यंग्य, सामाजिक कुरीति र कुसंस्कारप्रति पनि व्यंग्य गरिएको छ । उपर्युक्त विषयवस्तुलाई मध्यनजर गर्दै कविता तथा गीतहरू लेख्नु नै पाठकको उद्देश्य देखिन्छ ।

**निष्कर्ष**

साहित्य भनेको अनिश्चित, असीमित, अथाह भावनाहरूको अभिव्यक्ति हो । जीवनको प्रत्येक क्षण एउटा नौलो अनुभूति बोकेर आएको महसुस हुन्छ । त्यस्तै भावनाहरूले कुनै बेला हृदय छुन्छन् र कविताको जन्म हुन्छ भने पाठकको यस संग्रहमा उनका कविता ५० र गीत १२ गरी जम्मा ६२ रचना संकलित छन् । आजका मान्छेले भोग्नुपरेको पीडा र संत्रासका स्वरहरू उनका सबै कवितामा मुखरित भएका छन् भने कसैलाई पनि गीतहरूले रोमाञ्चक गुफामा लगेर छाडिदिन्छ । 'अव्यक्त' मा संकलित यी रचनाहरूमा पाठकभित्रको राष्ट्रप्रेम, नारी अस्तित्व, मानवीय संवेदना र आत्मस्वीकृतिहरू यत्रतत्र छरिएर र कतै समष्टिगतरूपमा उद्घाटित भएका छन् । हिरण्यकुमारी पाठकका आजसम्मका फुटकर कविता तथा गीतहरूलाई समावेश गरेर निस्केको यो 'अव्यक्त' कविता तथा गीत संग्रहलाई विधागत प्रतिभाका रूपमा हेर्न सकिन्छ । राष्ट्रप्रेम, प्रकृतिप्रेम, स्वच्छन्दता आदि यसका विशेषता रहेका छन् ।

**५.५. 'मेहनती मौरी' कथा संग्रहका कथाको विवेचना**

प्रस्तुत कथा संग्रह हिरण्यकुमारी पाठकको चौथो वा अन्तिम कथा संग्रह हो । वि.सं. २०६३ साल जेठमा प्रकाशित उक्त कथा संग्रहमा बाह्र वटा बालकथा संग्रहित छन् । ती कथाहरूको संक्षिप्त परिचयात्मक अध्ययन यसरी गरिएको छ ।

प्रस्तुत कथा संग्रहभित्रका कथाहरूको विषयवस्तु एकैनाशको नभई फरक-फरक किसिमको छ । प्रस्तुत कथा संग्रहका सबै कथा बलमनोविज्ञानमा आधारित भएकाले प्रत्येक कथाले बालसुलभ क्रियाकलाप, चञ्चलता, जिज्ञासा, कौतूहल, रहर, चाहना एवं उनीहरूका भावनात्मक, संवेदनात्मक तथा बौद्धिक पक्षहरूलाई जीवन्त ढंगले उद्घाटन र विश्लेषण गरेकी छन् ।

**'स्कुलको पहिलो दिन'-** यस कथा संग्रहको पहिलो कथा हो । यस कथामा शैक्षिक विषयवस्तुको चर्चा गरिएको छ । यस कथामा प्रमुख पात्रहरू राजु र ममता स्कुलको पहिलो दिन भएको र परीक्षामा पास भई अर्को कक्षामा प्रवेश पाएको खुसीमा निकै रमाइरहेका छन् । उनीहरूको बालसुलभ मन नयाँ पुस्तक र नयाँ कक्षा प्राप्त गर्दा निकै हर्षित छ । किताबका आकर्षित जिल्दा देखेर उनीहरूमा हर्षको बाढी नै आएको छ । उनीहरूकी हजुरआमाले ब्राउन पेपरको जिल्दा हालिदिएपछि उनीहरूको खुसीले सीमा नै नाघेको हुन्छ । उनकी हजुरआमाले किताब साक्षात् सरस्वती माता हुन् जसलाई सफा राख्न सके मात्र विद्यार्थीमा बुद्धि पलाउँछ भनेपछि उनीहरूमा किताबप्रति अगाध श्रद्धा र सम्मानको भावना

पलाउँछ । यसरी कथानक समाप्त हुन्छ । कथानक अत्यन्त झिनो भए पनि घटनाहरू स्वाभाविक हुनुका साथै बालसुलभ क्रियाकलापको सुन्दर र जीवन्त विश्लेषण गरिएको हुनाले प्रस्तुत कथा एक उत्कृष्ट बाल मनोवैज्ञानिक कथाका रूपमा उभिन सफल भएको छ । यसरी यस कथाको कथानक सिलसिलाबद्ध र संक्षिप्त रहेको देखिन्छ ।

**'राम्रो सपना'-** यो कथा पनि झिनो कथावस्तु भएको एक लघु आकारको कथा हो । यस कथाको प्रमुख पात्र सुरज हो, जो कक्षा ५ मा पढ्ने एक असल, मेहनती र अनुशासित विद्यार्थी हो, त्यसैले ऊ सबैको प्यारो छ । एकदिन ऊ विद्यालयबाट घर फर्की गृहकार्य गरेर सुतेको बेला निद्रामा मैदानमा राम्ररी खेल खेली जितेको र साथीहरूले तालीका साथ स्वागत गर्नुका साथै गुरुले आङमा धाप मार्दा ऊ साह्रै खुसी भएर हाँसेको सुनी उसको भाइ बिउँझन्छ र दाइलाई किन हाँसेको भनी प्रश्न गर्छ । पछि सुरजले आफू भाइसँगै सुतिरहेको देखेपछि आफूले देखेको मनोरम दृश्य यथार्थ नभई सपना पो रहेछ भन्ने थाहा पाउँछ । त्यसपछि उसको मनमा मानिसले यस्ता रमाइला कुराहरू सपनामा कसरी देख्छ होला भनी आमासँग प्रश्न गर्दा आमाले तिमीले सपनामा देखेको कुरा तिम्रो मनमा रहेका इच्छाहरूको प्रतिबिम्ब हो, दिनभरि जे सोचिन्छ र गरिन्छ सपनामा पनि त्यही देखिन्छ । त्यसैले सुरज जहिले पनि राम्रो काम गर्ने र राम्रो कुरा मात्रै सोच्ने प्रतिज्ञा गर्दछ । यत्तिमै यस कथाको कथानक समाप्त हुन्छ । यसरी यसको कथानक कौतूहलपूर्ण र सिलसिलाबद्ध देखिन्छ ।

**'मेहनती मौरी'-** महको अत्यन्तै मीठो स्वाद चाखेर आश्चर्यचकित  बनेको सानुले महको बारेमा राखेको गहिरो जिज्ञासाबाट प्रारम्भ भई मौरी र महका बारेमा उसकी आमाले सम्पूर्ण कुरा वर्णन गरेपछि अन्त्य हुन्छ । यसको कथावस्तु पनि सघन नभई झिनो नै देखिन्छ र पाउरोटीका साथमा महको स्वाद चाखेर मह र मौरीका बारेमा निकै जिज्ञासु बनेको सानुलाई उसकी आमाले क्रमशः मौरी, मह बन्ने तरिका, मह झिक्ने तरिका एवं मेहनती मौरीका बारेमा आद्योपान्त वर्णन गरेपछि सानुमा रहेका जिज्ञासा सबै पूरा हुन्छन् अनि मौरीबाट सधै मेहनती र परिश्रमी बनेर उन्नति पथमा अघि बढ्ने शिक्षा लिँदै यो कथाको कथानक समाप्त हुन्छ । यसरी यस कथाको कथानक पनि समापिका क्रियायुक्त एवं सिलसिलाबद्ध रहेको छ ।

**'अरुणको बहाना'-** यस कथामा सधै स्कुल जान अल्छी गर्ने एक अरुण भन्ने बाल पात्रको क्रियाकलापको जीवन्त चित्रण गरिएको छ । एक दिन अरुणका बुवाले म बाहिर जाँदैछु तिमी स्कुल जानू है भनी बाहिर जान्छन् तर अरुणले त्यो दिन पनि आफूलाई पेट दुखेको निहुँ बनाई आमासँग स्कुल नजाने कुरा व्यक्त गर्‍यो र पछि खाना खाई पढ्न थाल्यो

। साँझ उसका बाबाले एउटा मिठाईंको पकेट ल्याई अरुणकी आमालाई बाँड्न भनी दिनु भनेपछि उसकी आमाले अरूणको पेट दुखेको कारण ऊ स्कुल जान पनि नसकेको र त्यसकारण उसले मिठाई खान पनि मिल्दैन भनी उसलाई मिठाई दिन अस्वीकार गरेपछि अरुणलाई अल्छी गरेकै कारण आफूले मिठाई खान नपाएकोमा निकै नराम्रो लाग्यो । अनि आलस्य गरे त्यसको परिणाम नमीठो हुने र परिश्रको फल मीठो हुने शिक्षा लिँदै त्यस दिनदेखि अरुण सधै स्कुल जान्छ र यस कथाको कथानक यहीँ अन्त्य हुन्छ । यसरी यस कथाको कथानक अन्य कथाको भन्दा केही सघन र सिलसिलाबद्ध नै रहेको छ ।

**'सबै भाइ-भाइ हुन्'-** कथामा श्याम र मदन एक आपसमा निकै मिल्ने आत्मीय मित्रका रूपमा उपस्थित भएका छन् । उनीहरू आपसमा निकै मिल्ने भएकाले सबैले उनीहरूलाई भाइ-भाइजस्तै छन् भन्थे र उनीहरू पनि सँगसँगै स्कुल जाने-आउने र मिलेर पढ्ने गर्छन् तर अचानक उनीहरूको बीचमा विद्यालयमै एकदिन झगडा हुन्छ । त्यही बाटो भएर गएका शिक्षकले यो दृश्य देखेपछि झगडाको कारण सोध्छन् र श्यामले आफ्नो किताब मदनले लगेर पढेकोमा झगडा भएको कुरा श्यामले शिक्षकसामु व्यक्त गरेपछि शिक्षकले तिम्रो भाइ र मदनमा केही फरक छैन किनकि मानिस-मानिस सबै एउटै भगवान्का सन्तान हुन् त्यसैले तिमी दुवै पनि भगवान्का सन्तान भएकाले तिम्रो भाइ राम र मदनमा कुनै अन्तर छैन भनी जवाफ दिइन् । पुनः श्यामले त्यसो भए म सँगै पढ्ने करिम, विलियम र काले थारू पनि मेरै भाइ हुन् त ? भनी सोधेको प्रश्नमा शिक्षकले ती सबै साथीहरू पनि भगवान्कै सन्तति भएकाले ती पनि तिम्रै भाइहरू नै हुन् । त्यसैले तिनीहरू सबैसँग भाइ-भाइझैं बन्नुपर्छ भन्ने कुराको जवाफ पाएपछि श्यामले आइन्दा कहिल्यै साथीहरूसँग झगडा नगर्ने बरु सधै सँगै मिलेर पढ्ने र खेल्ने कुरा गर्छ र यस कथाको कथानक अन्त्य हुन्छ । यसरी यस कथाको कथानक पनि सिलसिलाबद्ध र कथाको आयाम संक्षिप्त नै देखिन्छ ।

'सिद्धार्थको कोमल मन' कथाका अनुसार घरमा नाति-नातिनाहरू परस्परमा सामानका विषयमा झगडा गरिरहेका हुन्छन् । हजुरआमालाई उनीहरूको झगडा देखेर दिक्क लाग्छ र उनीहरूको झगडालु स्वभावलाई सेवा र परोपकारको भावनाले संसारभरि शान्तिको सन्देश फैलाउने सिद्धार्थ नै पछि गौतम बुद्ध बन्न सफल भएको कुरा स्पष्ट पार्छिन् । यही भगवान् गौतम बुद्धसँग सम्बन्धित प्रेरणादायी कथा सुनेर ती बालवालिकाहरू आइन्दा आपसमा कहिल्यै झगडा नगर्ने परन्तु सधै प्राणी मात्रको सेवा र उपकारमा संलग्न हुने वाचा गरेपछि कथा समाप्त हुन्छ । यसरी यस कथाको कथानक सिलसिलाबद्ध नै देखिन्छ ।

'महादेव र श्रीकृष्ण भगवान्'- यो कथा पौराणिक र धार्मिक कथा हो, जुन महादेव र श्रीकृष्ण भगवान्को सुन्दर बाललीलासँग सम्बन्धित छ । एकदिन हजुरआमाले च्यान्टे र पुतलीसहित अन्य उनीहरूका साथीहरूलाई पनि जम्मा गर्न लगाई श्रीकृष्ण र महादेवको लीलाका बारेमा रोचक कथा सुनाउन थाल्छिन् । कथाअनुसार एकदिन महादेवलाई श्रीकृष्णको बालरूपको दर्शन गर्ने इच्छा हुँदा भिक्षा माग्ने निहुँ पारी गोकुलकी माता यशोदाको घरमा पुगी भिक्षा माग्नुहुन्छ । महादेवको आसय बुझेका कृष्ण यशोदाले भित्र पस्ने अनुमति नदिएपछि बेस्सरी रुनुहुन्छ । अनि कृष्ण रोएको सुनेर आत्तिएकी यशोदालाई महादेवले 'मैले एकचोटी चुट्की बजाएँ भने तिम्रो छोरा चुप लाग्छ' भनेपछि यशोदाले माहादेवलाई भित्र पस्ने अनुमति दिइन् । अनि महादेवले चुड्की बजाएपछि श्रीकृष्ण चुप लाग्छन् र पुनः चुड्की बजाउँदा खित्का छाडेर हाँस्न थाल्छन् । भगवान्को यस्तो बाललीला सुनेर केटाकेटीहरू हर्षित र चकित हुन्छन् अनि यतिमै यस कथाको कथानक समाप्त हुन्छ । यसरी यस कथाको कथानक पनि श्रृङ्खलाबद्ध रूपमा अघि बढेको देखिन्छ ।

'श्रीकृष्ण भगवान् र पूतना'- यो कथा पनि एक पौराणिक एवं श्रीकृष्णको बाललीलासँग सम्बन्धित कथा हो । जुन कथाअनुसार हजुरआमाले अर्को दिन पनि केटा-केटीहरूलाई जम्मा गरी अर्को रोचक बालकथा सुनाउने जानकारी गराउँछिन् । एकदिन दुष्ट कंसले श्रीकृष्णलाई मार्नका निम्ति आफ्नै बहिनी पूतनालाई पठाउँछ । अनेक गहना र श्रृंगारले सजिएकी पूतना कृष्णलाई मार्न आफ्नो स्तनमा विष दलेर आउँछे अनि कृष्णलाई काखमा राखेर विषयुक्त दूध चुसाउन थाल्छे । महादेवबाट पूतनाको षड्यन्त्रका बारेमा जानकारी पाइसकेका कृष्णले महादेवलाई सम्झी दूध चुस्न थाल्छन् । कृष्णले जोडसँग दूध चुस्दा अत्तालिएकी पूतना भयङ्कर राक्षसीको रूप धारण गरी आकाशमा उड्दै ठूलो आवाजका साथ भुइँमा पछारिएर मर्छे । यसरी कृष्णले पूतनाको संहार गरेपछि यस कथाको अन्त्य हुन्छ र यस्तो रोचक कथा सुनेर केटाकेटीहरू खुसी हुन्छन् । यसरी यो कथा संक्षिप्त रोचक बालकथाका रूपमा प्रस्तुत भएको छ ।

**'असल बन्ने उपाय'-** यो कथा सबै विद्यार्थीलाई असल व्यक्ति बन्न प्रेरित गर्ने एक उपदेशमूलक बालकथा हो । जुन कथाको आयाम लघु छ भने कथानक छरिएको छ । एकदिन एउटा शिक्षकले सबै विद्यार्थीलाई सम्बोधन गर्दै असल व्यक्ति बन्न कर्तव्य, नियम र अनुशासनका बारेमा व्याख्या गर्छन् । जसअनुसार विद्यार्थीले असल बन्नका निम्ति बिहान सबेरै उठ्ने अनि क्रमशः पृथ्वीमाता, आमा-बुवा र मान्यजनलाई नमस्कार गर्ने, बाटोमा हिँड्दा, बस्दा मान्यजनको पछिमात्र बस्ने, बाटोमा ढुङ्गा देखेमा पन्छाएर हिँड्ने, घरमा

सबैसँग मिलेर बस्ने, आफ्ना कपडा, पुस्तक र सामानहरूको सरसफाइ र जतन गर्ने असल आचरण र व्यवहारले नै मानिस जीवनमा असल बन्न सक्ने उपदेश दिएपछि विद्यार्थीहरूमा सोही किसिमको विकास हुन्छ र यतिमै कथा पनि समाप्त हुन्छ ।

**'गुन्यू-चोलो'-** यो कथाअनुसार अस्मितालाई हजुरआमाले पहिलोपल्ट गुन्यू-चोलो उपहार दिनुहुन्छ । उनकी आमाले अस्मितालाई गाजल, टीका, पाउडर आदि लगाएर चिटिक्क पारी सजाउँछिन् । अस्मिताका साथीहरूले गुन्यू-चोलोका बारेमा प्रश्न गर्छन् र हजुरआमाले गुन्यू-चोलोका बारेमा जानकारी गराउँदै यो पोसाक लगाउनुको उद्देश्यका बारेमा राम्रोसँग जानकारी गराउँछिन् । सामाजिक पहिरन र राष्ट्रिय पोसाकका रूपमा चिनिएको गुन्यू-चोलोले नारीलाई वयस्क नारीका रूपमा चिनाउँदै उनीहरूमा थप जिम्मेवारी र मर्यादाको विकास हुने कुरालाई पनि संकेत गरेको छ । अस्मिताका उपहारहरू देखेपछि उनका साथीहरू दङ्ग पर्छन् र कथा समाप्त हुन्छ । यसरी हाम्रो राष्ट्रिय संस्कृतिलाई महत्त्व दिइएको यो कथा संक्षिप्त र सिलसिलाबद्ध छ ।

**'सहयोग गरौं'-** यस कथाको कथावस्तु झिनो नै रहेको छ । यस कथामा हरि र गोपाल दुई मुख्य पात्र छन्-'संसारका सबै खाने वस्तु भगवान्ले बनाएका हुन्, त्यसैले ती वस्तुमा सबै प्राणीको समान हक हुन्छ । अतः हामीले अलि-अलि अरू जीवलाई पनि छुट्टाएर राख्नुपर्छ' भन्ने आमाको आदर्श सेवामूलक बचनबाट प्रभावित हरिले दिनहुँ चराहरूलाई गहुँ-चना खुवाएको दृश्य देखेर हरिसँगै पढ्न आएको गोपाललाई आश्चर्य लागेर चराहरूलाई अन्न किन खुवाएको भनी प्रश्न गर्छ । हरिबाट संसारमा जमिनबाट पैदा हुने सबै अन्न भगवान्ले हामीलाई दिनुभएको र त्यसमा सबै प्राणीहरूको समान हक लाग्ने भएकाले हामीले सबै प्राणीलाई बाँडेर खानुपर्छ भन्ने चित्तबुझ्दो जवाफ पाएपछि हरिले अबदेखि त्यो कुरा आमालाई भनेर आफूले पनि चराहरूलाई चामल खुवाउने प्रतिज्ञा गर्छ र कोठामा गएर दुवै पढ्न थाल्छन्, अनि यस कथाको कथानक समाप्त हुन्छ । यसरी आफूभन्दा ठूलाको आदर्श बचन र असल साथीको व्यवहारबाट एउटा बालकमा कति छिटो सकारात्मक परिवर्तन देखापर्छ भन्ने वस्तुगत यथार्थलाई यस कथाले संकेत गरेको छ ।

**'श्यामको सपना'-** सरल र सोझा मानिसहरूको राजापुर नामको एउटा गाउँमा बस्ने सामान्य परिवारमा जन्मिएको श्याम यस कथाको मुख्य नायक हो । यस कथाको कथानक पनि झिनो र आयाम लघु नै देखिन्छ । श्याम एक मेहनती, प्रतिभाशाली र अनुशासित छात्र हो जसले दैनिक शिक्षकले दिएको गृहकार्य पूरा गर्छ । उसको गाउँमा अहिलेसम्म बिजुली बत्ती नभएकाले उसलाई पढ्न निकै समस्या परेको छ । त्यसैले श्यामले

सुत्ने बेलामा सधैं बिछ्यौनामा पल्टेर आफू इन्जिनियर भएर आएको र बिजुली बत्ती गाउँभरि बालेको मीठो सम्झना गर्छ । पढाइ सकेर आफ्ना बुवालाई उसले बिदाको दिनमा खेतमा गएर काममा सघाउनुका साथै स-साना भाइ-बहिनीहरूलाई गृहकार्य गर्न सहयोग पुऱ्याउँछ अनि यो कथा समाप्त हुन्छ । यसरी मेहनत गरी पढेर भविष्यमा कुशल इन्जिनियर बनी गाउँमा बिजुली बालेर उज्यालो बनाउने बालकको सुन्दर सपनाको जीवन्त चित्रण यो कथाले गरेको छ ।

**निष्कर्ष**

यो कथा संग्रहमा रहेका कथाहरू बेग्लाबेग्लै ढाँचाका भए पनि ती सबैले बालपाठकका लागि मनोरञ्जन प्रदान गरेका छन् । जीवनमा जान्नुपर्ने, सिक्नुपर्ने, सुन्नुपर्ने र गर्नुपर्ने कुराहरूलाई कथाका रूपमा मनोरञ्जनात्मक रूपले यहाँ प्रस्तुत गरिएको छ । यसभित्रका केही कथाले पौराणिक विषयको आस्वादन पनि गराएका छन् । केही कथाले देवी-देवता र राक्षस-राक्षसीहरूको असल र खराब प्रवृत्तिलाई पनि देखाएका छन् ।

## ५.६ निबन्धकार हिरण्यकुमारी पाठकको 'श्री ५ बडामहारानी सरकार र सामाजिक जागरण निबन्ध संग्रहको विश्लेषण'

यो कृति २०४६ सालको दसौं सामाजिक सेवा दिवसको उपलक्ष्यमा प्रेमकृष्ण पाठकले प्रकाशन गरेका हुन् भने हरिगोपाल प्रधानले सम्पादन गरेका हुन् । यसमा जम्मा २० वटा निबन्ध छन् । यो सामाजिक विषयसँग सम्बन्धित भए पनि निबन्धको कोटीमा राखिएको छ । यसलाई समाज सेवा विषयक लेख संग्रह भने पनि हुन्छ । यस प्रकारको विषय चयनमा असजिलो नहोस् भन्नका लागि समष्टिमा यसलाई निबन्ध संग्रहको संज्ञा दिइएको हो र यसमा निम्न शीर्षकका निबन्धहरू समावेश भएका छन् ।

१. **नेपाली महिला र विकास**
२. **आधारभूत आवश्यकता**
३. **सांस्कृतिक पृष्ठभूमिमा सामाजिक सेवा**
४. **समाजसेवा**
५. **सामाजिक सेवा सम्बन्धमा**
६. **परिषद्बाट उद्धार कार्य**
७. **सामाजिक सेवाको सन्दर्भ**
८. **समाजसेवामा नारीको देन**

९. **समाजसेवाका लागि नेतृत्व**

१०. **समाजसेवामा राजमहिषीको देन**

११. **नेपाली नारीको वर्तमान सन्दर्भ**

१२. **नेपाली नारीको विकास**

१३. **श्री ५ बडामहारानी र नारी वर्ग**

१४. **श्री ५ बडामहारानी ऐश्वर्य प्रेरणाकी मूर्ति**

१५. **नारी संरक्षकका रूपमा राजमहिषी**

१६. **नारी जातिलाई ममतामयी प्रेरणा**

१७. **नेपाली नारीको पथप्रदर्शन**

१८. **श्री ५ बडामहारानी र समाजसेवा**

१९. **ग्रामीण महिलाको उत्थानमा वाणिज्य बैंक**

२०. **सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्**

यसरी शीर्षक विभाजित गरिएको प्रस्तुत निबन्धसंग्रह हिरण्यकुमारी पाठकबाट समय-समयमा लेखिएका विशेषतः सामाजिक सेवासम्बन्धी फुटकर लेखहरूको संगालोका रूपमा रहेको छ । यस पुस्तकमा उनले समाजसेवाको पक्षलाई विभिन्न कोणबाट हेर्ने प्रयास गरेकी छन् । सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्की अध्यक्ष तत्कालीन बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवीबाट समाजसेवाको क्षेत्रलाई प्रदान गरिएको मार्गदर्शन, प्रेरणा र समर्पित सेवाभावको परिणामका रूपमा पाठकको यो पुस्तक आएको छ । तत्कालीन बडामहारानी ऐश्वर्य स्वयं सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष भएका नाताले र यथार्थमा उनकै प्रेरणास्वरूप लेखिएकाले यस पुस्तकमा अध्यक्षका रूपमा १९७५ को अन्तर्राष्ट्रिय नारी वर्षको उद्घाटन समारोहमा दिएको भाषण, श्री ५ बडामहारानी ऐश्वर्यका विभिन्न मुद्रामा तस्विरहरूका साथै स्वयं हिरण्यकुमारी पाठकलाई बडामहारानी ऐश्वर्यबाट प्राप्त भएका विभिन्न पदकका समेत तस्बिरहरू समावेश गरिएको छ । यी सबै सन्दर्भले तत्कालीन बडामहारानी ऐश्वर्य र निबन्धकार पाठकको निकटतालाई देखाएका छन् ।

प्रस्तुत पुस्तकमा संग्रहित निबन्धात्मक लेखहरूको संक्षिप्त परिचयात्मक अध्ययन यसरी गर्न सकिन्छ-

यस संग्रहको पहिलो लेख 'नेपाली महिला र विकास' हो । वर्णनात्मक शैलीमा लेखिएको प्रस्तुत विचारप्रधान निबन्धमा नेपालका नारीहरूको पिछडिएको स्थितिलाई अगाडि ल्याउन सामाजिक सेवा र अन्य सामाजिक तथा राजनीतिक क्षेत्रमा समेत सहभागिता

गराउन निकै पहल गर्नुपर्ने र गरिरहेको कुरालाई दर्शाउँदै जुन अवस्थामा नारीहरूको आर्थिकस्थिति बदलिन्छ तब मात्र हरेक क्षेत्रमा उनीहरू अघि आउन सक्छन् । यस्तो अवस्थामा प्रथम महिलालाई शिक्षा तथा सीपमूलक कामहरूमा प्रेरित गर्नुपर्ने, परिवार नियोजनमा सचेत गरिनुपर्ने, स्वास्थ्यका बारेमा पनि महिलाहरूलाई पूर्णरूपमा सचेत गराउनुपर्ने कुरा यसमा चर्चा गरिएको छ ।

यस संग्रहको दोस्रो लेख 'आधारभूत आवश्यकता' हो । यस लेखमा देशका नागरिकको महत्त्वपूर्ण आवश्यकतामाथि स्पष्ट पार्न खोजिएको छ । गास, बास, कपास, स्वास्थ्य, शिक्षा मानिसको अपरिहार्य आवश्यकता हो भने यो सँगसँगै सुरक्षाको दरिलो व्यवस्थाले पनि देश विकासमा जुट्न टेवा मिल्छ । यसैका लागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले सक्दो सहयोग पुऱ्याएको र त्यसलाई निरीक्षकका रूपमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को मातहतमा राखेर देशमा आवश्यक कार्यहरूको तर्जुमा गर्न विशेष भूमिका रहेको कुरालाई यो लेखमा स्पष्ट पार्ने जमर्को गरिएको छ ।

यो संग्रहको तेस्रो लेख 'सांस्कृतिक पृष्ठभूमिमा सामाजिक सेवा' हो । यसमा हाम्रो समाजमा भएका विभिन्न जातिका संस्कृति साना तथा ठूला चाडपर्व, रीतिरिवाज एवं परम्परालाई समाजकै हितको पक्षमा लाग्नुपर्ने र यसले आपसी मेलमिलाप, सद्भाव, भातृत्व प्रेम एवं प्राचीनताको संरक्षण हुन्छ । यसबाट समाजमा सेवाको भावना आफै उत्पन्न हुने र त्यसमा पनि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्ले सम्पूर्ण समाज र समाज सेवालाई संगठित गरेको छ भनेर परिषद्को महत्त्वका बारेमा प्रस्ट पारिएको छ ।

यस संग्रहको चौथो लेख 'समाज सेवा' रहेको छ । यो लेखमा समाजसेवा भनेको आजको परिप्रेक्ष्यमा समाजका लागि नभई नहुने र यसमा लागेर नै देश निर्माण र विकासको महत्त्वपूर्ण काम गर्न सकिने कुराको व्याख्याका साथै श्री ५ हरूको महत्त्वपूर्ण भूमिकाले यस क्षेत्रप्रति जनमानसको ध्यान बढी केन्द्रित भएको कुरालाई प्रस्ट्याउने प्रयास गरिएको छ ।

यो संग्रहको पाँचौं लेख 'सामाजिक सेवा सम्बन्धमा' हो । यस लेखमा पनि सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् तत्कालीन बडामहारानी ऐश्वर्यको पहलमा स्थापना गरिएकाले यो एउटा सम्पूर्ण सामाजिक सेवा गर्ने व्यक्तिहरूका लागि गर्वको विषय बनेको तथ्यलाई उजागर गरिएको छ । यो परिषद्को आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा समेत वर्णन गरिएको छ । यसअन्तगर्तका अन्य समितिहरूको समेत काम र कर्तव्यबाट देशमा रहेका युवावर्गको परिचालन गरी राष्ट्र निर्माणमा जोड दिनु अतुलनीय योगदानका

बारेमा यस लेखमा विस्तार गरिएको छ ।

यस संग्रहको आठौं लेख 'समाज सेवामा नारीको देन' रहेको छ । यस लेखमा समाजका आधा भाग ओगटेका नारीहरूले पनि राष्ट्र निर्माणको कार्यमा गहन भूमिका निर्वाह गरेको कुरा र घरदैलोमा मात्र सीमित नरही आजका नारीहरू कार्यालय र समाज सेवाको क्षेत्रमा समेत अगाडि बढेर नारीहरूले समाजसेवामा पुऱ्याएको गौरवमय नेतृत्वको बारेमा स्पष्ट पारिएको छ ।

यस संग्रहको छैटौं लेख 'परिषद्‌बाट उद्धार कार्य' रहेको छ । शीर्षकबाट नै अवगत हुन जान्छ यो सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌ले देशमा भएका वा घटिरहेका कृयाकलापहरूमा वा प्राकृतिक प्रकोपहरूमा गर्दै आएको आफ्नो योगदानका बारेमा यस लेखमा विस्तार गरिएको छ ।

यस संग्रहको सातौं लेख 'सामाजिक सेवाको सन्दर्भ' रहेको छ । यस लेखमा देशका प्रत्येक नागरिक समाजसेवामा जागरुक हुनुपर्ने प्रथम कर्तव्य भएकाले सबैलाई सामाजिक कार्यमा लाग्न आग्रह गरिएको छ ।

यस संग्रहको नवौं लेख 'समाज सेवाका लागि नेतृत्व' रहेको छ । यस लेखमा आत्मा साक्षी राखी मन, बचन र कर्मले सेवा गरौं भन्ने पवित्र भावनाका बारेमा प्रस्ट पार्दै सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌ले आफ्नो देशको हरेक विकास कार्यमा महत्त्वपूर्ण स्थान ओगटेको कुरालाई जानकारी दिइएको छ ।

यस संग्रहको दसौं लेख 'समाजसेवामा राजमहिषीको देन' रहेको छ । यसमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌लाई आफ्नो संरक्षकत्व प्रदान गर्ने राजमहिषी ऐश्वर्यको जन्म समाजसेवाका लागि र सम्पूर्ण नागरिक उत्थानकै रूपमा भएको कुरालाई प्रस्टाइएको छ ।

यो संग्रहको एघारौं लेख 'नेपाली नारीको वर्तमान सन्दर्भ' रहेको छ । यस लेखमा नारी वर्गले घरपरिवारदेखि लिएर समाजमा समेत योगदान दिएका हुन्छन् । समाज सेवा जस्तो संवेदनशील क्षेत्रमा पुरुषहरूसँगै नारीहरू पनि लागेर समाजका विद्यमान कुसंस्कारलाई हटाउँदै समाजमा महिला साक्षरतामा बढी सक्रिय रहनुपर्ने कुरालाई सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्‌ले समेत महत्वपूर्ण भूमिका खेलेको कुरालाई स्पष्ट पारिएको छ ।

यस संग्रको बाह्रौं लेख 'नेपाली नारीको विकास' हो । यस लेखमा देश निर्माणको कार्यमा नारी शिक्षित हुनुपर्ने जसबाट राष्ट्रमा असल नेतृत्वको निर्माण हुने कुरालाई लिएर

सम्पूर्ण नारीहरूलाई हरेक कुरामा अगाडि बढाउन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गतकै नारी सेवा समन्वय समितिले सम्पूर्ण रूपमा नारी विकासमा अग्रसरता देखाएको कुराको दाबी गर्न खोजिएको छ ।

यो संग्रहको तेह्रौं लेख 'श्री ५ बडामहारानी र नारी वर्ग' रहेको छ । यो लेखमा श्री ५ बडामहारानी ऐश्वर्यबाट नारी उत्थानका लागि गरिएको अग्रगामी भूमिकालाई स्पष्ट पारिएको छ ।

यस संग्रहको चौधौं लेख 'श्री ५ बडामहारानी ऐश्वर्य प्रेरणाकी मूर्ति रहेको छ' यस लेखमा हाम्रो देशका सम्पूर्ण नारी पुरुष, पिछडिएका वर्गको र युवावर्गको उत्थानका लागि जनताको घरदैलोमा गई सम्पूर्ण जनताको प्रेरणा बन्न पुगेकी ऐश्वर्य र उनका विभिन्न सिर्जनात्मक प्रतिभाहरूबाट पनि प्रेरणा मिलेको कुरा उल्लेख भएको छ ।

यस संग्रहको पन्ध्रौं लेख 'नारी संरक्षकका रूपमा राजमहिषी' रहेको छ । स्व. श्री ५ बडामहारानी ऐश्वर्यबाट समाजसेवाका क्षेत्रमा पुऱ्याएको महत्त्वपूर्ण कदम सामाजिक सेवा दिवसमा जनताहरूलाई दिएको आफ्नो अमूल्य सुझाव र सन्देशहरूका साथै मार्गदर्शनलाई बहुमूल्य उपहारका रूपमा सम्पूर्ण समाजसेवीले लिएको कुरालाई यस लेखमा प्रस्ट देखाइएको छ ।

यस संग्रहको सोह्रौं लेख 'नारी जातिलाई ममतामयी प्रेरणा' रहेको छ । यसमा स्व. श्री ५ बडामहारानी ऐश्वर्यले के नारी, के पुरुष, के बालबालिका सबैलाई समान रूपमा स्नेहको न्यानो छहारी दिएको कुरा उल्लेख गरिएको छ ।

यो संग्रहको सत्रौं लेख 'नेपाली नारीको पथप्रदर्शन' रहेको छ । स्व. बडामहारानी ऐश्वर्य स्वयं एक प्रतिभाशाली व्यक्तित्वका रूपमा परिचित भएकीले देशको सर्वाङ्गीण विकासका लागि महिला प्रतिनिधिका रूपमा अग्रपंक्तिमा रहेर नारी उत्थानमा सधैं दत्तचित्त भएको कुरालाई यस लेखमा वर्णन गरिएको छ ।

यो संग्रहको अठारौं लेख 'श्री ५ बडामहारानी र समाजसेवा' हो । यस लेखमा पनि स्व. बडामहारानी ऐश्वर्यको समाजसेवाका क्षेत्रमा अग्रगामी नेतृत्वको भूमिकालाई खुलस्त पारिएको छ ।

यो संग्रहको उन्नाइसौं लेख 'ग्रामीण महिलाको उत्थानमा वाणिज्य बैंक' रहेको छ । महिलावर्गको उत्थानका लागि वाणिज्य बैंक र अन्य विभिन्न निकायले गरेको सहयोग र स्व. श्री ५ बडामहारनी ऐश्वर्यबाट गरेका विभिन्न जिल्लाको भ्रमणका अवसरमा विभिन्न विकास क्षेत्रमा बक्स भएका मार्गनिर्देशनहरूलाई समेत यस लेखमा स्पष्ट रूपमा व्याख्या गरिएको

छ ।

यो संग्रहको अन्तिम लेख 'सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्' रहेको छ । यस लेखमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् तथा यसअन्तर्गत रहेका विभिन्न समितिहरूको काम-कर्तव्यका बारेमा स्पष्ट रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

**निष्कर्ष**

यो संग्रह समाजसेवाअन्तर्गत र सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्सँग सम्बद्ध भएकाले साथै उक्त परिषद्को अध्यक्षता स्व. श्री ५ ऐश्वर्यले नै बहन गरेबाट पनि हरेक लेखमा अध्यक्षको हिसाबले र तत्कालीन बडामहारानीको नेतृत्वलाई हृदयङ्गम गरेर हिरण्यकुमारी पाठकबाट एकोहोरो वर्णन भएको देखिए तापनि समयसापेक्ष यो संग्रहलाई महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

# छैठौं परिच्छेद

## ६. शोधनिष्कर्ष तथा उपसंहार

हिरण्यकुमारी पाठकको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा परिच्छेद दुई, तीन र चारमा विवेचना गरिएको छ । यस परिच्छेदमा उपयुक्त परिच्छेदहरूमा गरिएको विवेचनाको निष्कर्ष दिने प्रयास गरिएको छ ।

हिरण्यकुमारी पाठक र उनका कृतिहरूका बारेमा समालोचकहरूले गरेका टीका-टीप्पणीहरू न्यून छन् तापनि उनको साहित्य सेवालाई चिनाउने प्रयास भने गरेको देखिन्छ । त्यसलाई अध्ययन र अनुसन्धानको सन्दर्भमा अपर्याप्त ठहराई यो शोधपत्रले पाठकको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षहरूमाथि राम्रो अध्ययन र विश्लेषण गरेको कुरालाई समेत उल्लेख गरिएको छ ।

वि.सं. २००२ साल श्रावण ५ गते काठमाडौंको प्युखाटोलमा जन्मिएकी पाठकको बाल्यकाल र शिक्षा-दीक्षा भारतको बनारसमा भए पनि उच्चशिक्षाको अभिलाशा आफ्ना बुवाको मृत्युको कारणबाट पूरा नभएपछि पुनः काठमाडौंमा नै आएर २०२० सालमा आफ्नो औपचारिक अध्ययन पूरा गरेको देखिन्छ । नेपाली साहित्यका कथा, कविता, निबन्ध आदि विधामा कलम चलाउन सफल पाठक २०१६ सालमा 'प्रेम' नामक कथा लिएर साहित्य सिर्जनामा देखापरेकी हुन् र उनले कथा विधामा धेरै सफलता प्राप्त गरेकी छन् । यसरी साहित्य सिर्जनामा अग्रसर भएकी पाठकले २०२२ सालमा वाणिज्य बैंकमा प्रवेश गरी २०४९ सम्म जागिरे जीवन बिताएको देखिन्छ । त्यसपछिको अवकाश प्राप्त जीवनमा पनि पाठक विभिन्न संघसंस्थामा संलग्न भई आफ्नो व्यक्तित्व विकासका साथै प्रतिष्ठित साहित्यकार तथा समाजसेवी एवं एक कुशल नारी हस्ताक्षरका रूपमा ख्याति प्राप्त बनेकी छन् । बाल्यकालदेखि नै लगनशील र मेहनती पाठकले विभिन्न समयमा विभिन्न पुरस्कार पनि प्राप्त गर्दै आएकी छन् । हिरण्यकुमारी पाठकले धर्म र संस्कृतिलाई जीवनको महत्त्वपूर्ण रूपमा हेर्ने गरेको पाइन्छ । समाज सेवामा पनि भावनात्मक विकास र समुत्थान, नैतिक, चारित्रिक र आध्यात्मिक चेतनाको पक्ष अनिवार्यरूपमा समावेश गर्नुपर्छ भन्ने विचार राखेको पाइन्छ ।

हिरण्यकुमारी पाठकका विविध व्यक्तित्वहरूलाई प्रकाश पार्ने क्रममा धार्मिक, सांस्कृतिक, रुढिवादी मान्यता एवं शैक्षिक र आर्थिक पछौटेपनबाट ग्रसित नेपाली समाजमा जन्म लिएर पनि पाठकले एक शिक्षित सबल र चेतनशील उच्च नारी व्यक्तित्व आर्जन गर्न सफल भएको कुरालाई उल्लेख गरिएको छ । यस क्रममा उनी बहुमुखी नारी प्रतिभाका रूपमा पनि परिचित छिन् । आफ्ना बुवाको माया, ममता र हेरविचारबाट वञ्चित रहनुपरे तापनि आफ्नी आमा, दाजुहरू, ठूलाबुवा र ठूलीआमाहरूको माया, ममता र हेरविचारमा हुर्किएकी पाठकको व्यक्तित्व समग्रमा पूर्ण र सफल देखिन्छ ।

वि.सं २०१५ सालबाट साहित्य सिर्जनामा संलग्न पाठक केही निबन्ध, कविता, गीत र कथा संग्रहहरू प्रकाशित गरी हाल साहित्यकार र समाजसेवीका रूपमा पनि परिचित छिन् । उनी वर्तमान नेपाली साहित्यको समसामयिक धाराको एक सुपरिचित लेखिकाका रूपमा उदाएकी छन् । पाठकको जीवनी र व्यक्तित्वलाई हेर्दा सरकारी सेवारत, साहित्य सृजनारत र समाज सेवारत गरी त्रिकोणात्मक सम्बन्ध रहेको पाइन्छ ।

प्रस्तुत शोधपत्रमा पाठकका आजसम्मका प्रकाशित कृतिहरूको विश्लेषणका साथै अन्य पत्रपत्रिकामा प्रकाशित पाइएसम्मका सबै फुटकर रचनाहरूलाई समावेश गर्ने प्रयास गरिएको छ तर पनि सबैजसो पत्रपत्रिका हाल उपलब्ध हुन नसक्दा उनका सबै फुटकर रचना यति नै छन् भनी किटानसाथ भन्न सकिने स्थिति छैन ।

हिरण्यकुमारी पाठकका कथासंग्रह 'मोहचक्र', 'शून्यवत्', 'श्रीकृष्णलीला' र 'मेहनती मौरी' मा केन्द्रित रहेर कथाको विषयवस्तु, प्रस्तुतीकरण, पात्र चयन, भाषाशैली, देशकाल, वातावरणको विश्लेषण एवं जीवन दर्शनलाई लिएर उनका धारणाहरू के-कसरी प्रस्फुटित भएका छन् ती सबैलाई सूक्ष्म विश्लेषण र अनुसन्धानमूलक प्रक्रिया यो शोध-पत्रमा देखाइएको छ ।

यसबाहेक साहित्यकार पाठकले पद्य विधामा पनि कलम चलाएको कुरालाई समेटिएको छ । उनको 'अव्यक्त' नामक कविता-गीत संग्रह पनि प्रकाशित छ । यसमा धेरै शीर्षकका कविता र गीतहरू समेटिएका छन् । यी शीर्षकहरूमा कतै सामाजिक चेतना पाइन्छ भने कतै नारीवादी गन्ध भेटिन्छ । त्यस्तै यी कविता तथा गीतहरूमा कतै समाज सुधारको स्वर र राष्ट्रप्रेम भेटिन्छ भने कतै जातिप्रेम, धर्मप्रेम र परम्परा प्रेममा बढी मुखरित भएको पाइन्छ ।

त्यसैगरी हिरण्यकुमारी पाठकको निबन्धात्मक कृति 'श्री ५ बडामहारानी र सामाजिक जागरण' को विषयवस्तुका बारेमा उल्लेख गरिएको छ । प्रकाशनका क्रममा यो कृति पहिले प्रकाशित भएको हो तापनि विश्लेषणका क्रममा यो कथा र कवितापछि तेस्रो तहमा रहन पुगेको छ । जेहोस् पाठकका वर्णनात्मक, विवरणात्मक, आत्मपरकता र भक्तिमूलक विविध विषय समेटेर लेखिएको यो

निबन्ध संग्रहलाई अनुच्छेदको चौथो परिच्छेदमा ठोस निष्कर्षका साथ विश्लेषण गरिएको छ ।

यसरी हिरण्यकुमारी पाठकले लगभग पाँच दशक लामो साहित्य यात्राका क्रममा कथा, कविता, निबन्ध आदि विविध विधामा कलम चलाए तापनि उनको मुख्य क्षेत्र कथा नै हो । बाँकी अन्य विधा फुर्सद र बसिबियाँलोका उपज हुन् । हिरण्यकुमारी पाठकको कृतिपरक अध्ययनपछि निचोड के निकालिएको छ भने पाठक एक नेपाली भाषाकी साहित्यिक व्यक्तित्वका साथै सचेत नारी व्यक्तित्वका रूपमा पनि देखापरेकी छिन् । त्यसका साथै उनी एक सिर्जनशील साहित्यिक व्यक्तित्वका साथै एक कुशल नारी व्यक्तित्वका रूपमा पनि उभिएकी छन् ।

यसरी नेपाली भाषा र साहित्यको विकासमा आफ्नी आमाको प्रेरणाबाट नेपाली साहित्यप्रति आकर्षित बनेकी पाठकले दिएको योगदान महत्वपूर्ण र अविस्मरणीय हुनुका साथै पाठक आधुनिक नेपाली साहित्यको समसामयिक धाराकी एक सशक्त नारी कथाकारका रूपमा देखापरेकी छन् ।

हिरण्यकुमारी पाठकको जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित यस शोधपत्रमा उनको कृतित्वका बारेमा सामान्य अध्ययन मात्र गरिएकाले उनको कृतित्वका बारेमा भविष्यमा अरू पनि शोधकार्य हुनसक्ने सम्भावना देखिन्छ ।

हिरण्यकुमारी पाठकका सम्बन्धमा भविष्यमा अध्ययनका लागि निम्न शीर्षकहरू सम्भावित हुनसक्छन्ः-

**क) कथाकार हिरण्यकुमारी पाठक**

**ख) कवयित्री हिरण्यकुमारी पाठक**

**ग) गीतकार हिरण्यकुमारी पाठक**

**घ) समाजसेवी हिरण्यकुमारी पाठक**

# सन्दर्भसामग्रीसूची

**क)** **सन्दर्भ ग्रन्थसूची**

- आचार्य, कृष्णप्रसाद, बस्नेत कृष्णबहादुर, **'आधुनिक नेपाली उपन्यास र कथा',** (सैद्धान्तिक विश्लेषण) दीक्षान्त पुस्तक प्रकाशन, काठमाडौं, कीर्तिपुर, २०६३ ।
- उपाध्याय, डा. केशवप्रसाद, **'साहित्यप्रकाश'**, चतुर्थ संस्करण, काठमाडौं, साझाप्रकाशन, २०४४ ।
- जोशी, रत्नध्वज, **'नेपाली कथाको कथा'**, प्रथम संस्करण, काठमाडौं, साझा प्रकाशन, २०५१ ।
- पाठक, हिरण्यकुमारी, **'मोहचक्र'** वासुशशि स्मृति परिषद्, काठमाडौं, २०५० ।
- पाठक, हिरण्यकुमारी, **'शून्यवत्'**, वाणी प्रकाशन विराटनगर, २०५७ ।
- पाठक, हिरण्यकुमारी **'श्री कृष्णलीला'** काठमाडौं, रत्नपुस्तक भण्डार, २०५४ ।
- पाठक, हिरण्यकुमारी, **'मेहनती मौरी'**, गुञ्जन, काठमाडौं, २०६३ ।
- पाठक, हिरण्यकुमारी **'अव्यक्त'**, वाणी प्रकाशन विराटनगर, २०६० ।
- पाठक हिरण्यकुमारी **'तोत्र प्रेम वृत्तान्त',** नारी स्वावलम्वी समाज, काठमाडौं, पुरानो बानेश्वर, २०६४ ।
- बराल, कृष्णहरि, **'गीत सिद्धान्त र इतिहास',** विद्यार्थी पुस्तक भण्डार, काठमाडौः, २०६० ।
- शर्मा, डा. हरिप्रसाद, **विश्वेश्वरप्रसाद कोइराला कथा,** तेस्रो संस्करण, साझा प्रकाशन, २०६१ ।
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **'शोधविधि',** तेस्रो संस्करण, साझा प्रकाशन, ललितपुर २०६२ ।
- सुवेदी, राजेन्द्र, **'नेपाली निबन्ध भाग ४',** पहिलो संस्करण, साझा प्रकाशन, २०५७ ।
- ज्ञवाली, ज्ञाननिष्ठ, **'आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाका कथा',** तेस्रो संस्करण, हजुरको प्रकाशन, प्रदर्शनीमार्ग, काठमाडौं, २०६३ ।

**ख)** **अन्य सन्दर्भ-पत्रिका**

- प्रधान, कृष्णचन्द्र सिंह, **'समसामयिक कथा एक दृष्टि एक अवलोकन'**, **'गरिमा'**, कथा विशेषाङ्क वर्ष ८, अङ्क ५, पूर्णाङ्क ८९, काठमाडौं, वैशाख २०४७ ।

**ग)** **शोधग्रन्थ-**

- रायमाझी, शंकर कुमार, ऋषिराम न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर, २०६१ ।